छोरीलाई छोरा सरह संपत्ति दिनु हुन्छ कि हुँदैन ?

# मूल्याङ्कन

मूल्य रु.१५।-
भारतमा भा.रु.१२।-)

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ३९, असार २०५३

- अहिलेकै मोल र शर्तमा
**काली गण्डकी 'ए' बनाउनु उचित कि अनुचित ?**
पक्ष र विपक्ष दुवै थरिका विचारहरु
- रुसी चुनावको ताजा रिपोर्ट
- के पोल पोट साँच्चै नै मरिसके ?



स्त्री रोग तथा परिवार नियोजन विशेषज्ञ महिला डाक्टरहरुद्वारा सेवा उपलब्ध छ !

# मेरी स्टोप्स क्लिनिक

## उपलब्ध सेवाहरु

१. स्त्री रोग सम्बन्धी जाँच ।

२. परिवार नियोजन सम्बन्धी परामर्शका साथै सम्पूर्ण सेवाहरु ।

३. शिशु सुरक्षा खोप (टीका) प्रत्येक शनिवार मात्र ।

**ठेगाना :**
मेरी स्टोप्स क्लिनिक
मंगलादेवी विशाल बजार
हनुमानदास रोड (शनिमन्दिर अगाडि)
विराटनगर– ८
फोन : २–३२८०

**सेवा समय**
विहान १० बजेदेखि
बेलुका ५ बजेसम्म
आइतवार बन्द रहनेछ ।

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४, पूर्णाङ्क ३९
२०५३, असार



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का

**कार्यालय व्यवस्थापक**
मञ्जू दवाडी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


विशेष रिपोर्ट:

# ब्रसेल्समा साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय वामपन्थी सेमिनार

पाँचै महादेशका ४३ देशका ६९ वटा वामपन्थी पार्टी-प्रतिनिधिहरूको सहभागिता !

**विशाल जमघट !**

के सोचिरहेछन् विश्वका विभिन्न प्रवृत्ति बोक्ने आजका कम्युनिष्टहरू ?
सेमिनारको विशेष रिपोर्ट ५-११

## छोरीलाई छोरासरह सम्पत्ति दिनु हुन्छ किं हुँदैन ?

हाल समाजमा जल्दोबल्दो रूपमा उठिरहेको यस विषयमा विशेष सामग्री

*सामाजिक संरचना बिग्रन्छ कि बिग्रँदैन ? नयाँ कानून कस्तो बन्दैछ ? अन्य देशहरुमा छोरीहरुलाई संपत्तिमा अधिकार कति छ ? अदालतको फैसलामा के त्रुटि छ ?*

डा. चैतन्य मिश्र, डा. शान्ता थपलिया, सपना मल्ल र गोपालकृष्ण सिवाकोटीका विचार-विश्लेषणहरूसहित ३२-३८

- के पोलपोट साँच्चै नै मरिसके ?
- रुसको चुनावको ताजा हाल
- दार्जीलिङ्मा कम्युनिष्ट आन्दोलनको जग हाल्ने माइला बाजे
- प्र.ले.संघबारे गोविन्द भट्ट
- 'रक्तिम' सांस्कृतिक अभियानबारे जीवन शर्मा
- कसरी विश्व बैंकले मोरक्कोलाई ध्वस्त पार्‍यो ?

## अहिलेकै मूल्यमा काली गण्डकी 'ए' बनाउनु उचित कि अनुचित ?

*पक्ष र विपक्ष दुवै थरीका विचारहरू*

विद्युत प्राधिकरणका महाप्रवन्धक कीर्तिचन्द ठाकुरसंगको अन्तर्वार्ता तथा इन्जिनियर गिरिश खरेल, पत्रकार राजेन्द्र दहाल र मानव अधिकारवादी कार्यकर्ता गोपाल सिवाकोटी 'चिन्तन'का विचारहरू


**घटना र प्रवृत्ति**
के पोलपोट साँच्चै मरिसके ?
*-राजेन्द्र स्थापित* ११

रूसको चुनावको हाल ४१
प्रगतिशील लेखक संघ के गर्दैछ ?
*अन्तर्वार्ता: गोविन्द भट्टसंग* ३१

**आवरण कथा**
ब्रसेल्स सम्मेलनको विशेष रिपोर्ट ५

**जीवनको झाँकी**
झुक्दै नझुक्ने पहाडको छोरो
रत्नलाल ब्राम्हण 'माइलाबाजे'
*-मोहन पी. दाहाल* २२

**नीति/संस्कृति**
आधा कुरा बुझेर वा कुरै नबुझी विवाद चलाउनेहरू
*-चन्द्रदेव नेपाली* ४०

**विज्ञान/प्रविधि**
अब मान्छेको आयु पनि बढाउन सकिने
*-तुल्सीदास महर्जन* २९

**साहित्य**
विडंबना (कथा) *-इस्माली* २६
रूद्र खरेल पुरस्कृत २६

**पर्दा/रंगमंच**
कलाकार जीवन शर्मासंग कुराकानी २५

**अन्तर्क्रिया**
काली गण्डकी 'ए' बारेको विवादका पक्ष र विपक्षका विचारहरू १४

**आजको घटना/आजको विचार**
छोरीलाई छोरासरह सम्पत्ति दिनु हुन्छ कि हुँदैन ? ३२

**जनजीवन**
पूर्वका थारूहरू कसरी जिइरहेछन् ?
*-धर्मचन्द्र लावती* २८

**आँखीझ्याल**
कसरी विश्वबैंकले मोरक्कोलाई ध्वस्त पार्‍यो ?
*-डा. सुशीलकुमार मुखर्जी* ३०

**पाठकको कुरो** ४२

**हाम्रो मूल्याङ्कन** ४



**आवरण फोटो : ब्रसेल्स सेमिनारका केही सहभागी कमरेडहरु- क. लुडो मार्टिन, क. माधव नेपाल, क्युबाली क.पा.का विदेश विभाग प्रमुख, क्यूबाली काउन्सेलर, क. ओपर्स्काल्स्की, क. जोसे मारिया सिसों (सबैजना नेपाली टोपी लगाएर)/ फोटो सौजन्य: क. ईश्वर पोखरेल/ आवरण कला: आइडियल डिजाइनर्स, बागबजार, भित्री पृष्ठका चित्रहरु: लक्ष्मण भूजेल, जि.डी. सारु, यति आर्ट, पुतली सडक/कम्प्युटर: माइक्रोचिप्स, पुतलीसडक/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार**

# मुलुक कतातिर जाँदैछ ?

भरत गुरूङ्गको अपराधलाई बदनाम पंचायती शासनले समेत छोपछाप पार्न नसकेर उसलाई जेलमा हाल्न र उसको अवैध संपत्ति जफत गर्न बाध्य भएको थियो । तर कांग्रेसको नेतृत्व भएको वर्तमान सरकारले पंचायतलाई पनि माथ ख्वाउने गरी उसका प्रमाणित अपराध माफ गरीदिएको छ, उसको अवैध संपत्ति फिर्ता दिएको छ ।

यो घटनाले देशका सारा "भरत गुरूङ्ग" हरूलाई एउटा प्रेरणादायी सन्देश जारी गरेको छ- बदमासीमा औंला ठड्याउने सारा "पदम ठकुराठी"हरूलाई तिमीहरू गोली हान । मन लागेको सामाजिक अपराध गर । हाम्रो कुर्सीलाई टिकाउन मद्दत गर्छौ भने वर्तमान सरकार तिमीहरूको साथमा छ ।

भर्खरै घटेको एल. सी. काण्डमा सरकार स्वयम्ले गठित गरेको छानबिन आयोगले सप्रमाण अपराधीहरूको नामसूची सरकारलाई बुझाएको थियो । तर नेपाली कांग्रेसका जिम्मेवार अर्थमन्त्रीले प्रतिवेदन र नामसूचीलाई नै जनताको सामुबाट केही दिन गोप्य राखेर मुख्य मुख्य अपराधीहरूलाई देशबाट भाग्न इशारा गरे र सघाए । पक्रिसकेका अपराधीलाई पनि कांग्रेसी गृह मंत्रालयको दवाबमा हिरासतबाट मुक्त गर्न प्रहरी बाध्य भयो । यो काण्डमा देशको करोडौं विदेशी मुद्रा-भण्डार र राजस्वको घोटाला र अपचलन भयो । तर त्यसका अपराधीहरूलाई सत्तारूढ नेपाली कांग्रेस आफैंले चोखै बचायो ।

यो प्रवृत्तिले के सन्देश जारी गरेको छ भने- "टिवडेवाला"हरू हो, हामीलाई चन्दा र कमिशन देओ । जति ठूलो घोटाला गरे पनि, देशको ढुकुटी नै सखाप पारे पनि, तिमीहरू सुरक्षित हुनेछौ ।

सिर्फ दुई करोड जनसंख्या भएको र विश्वकै सबैभन्दा गरीबमध्ये पर्ने नेपालमा सवा अरब जनसंख्या भएको चीन र ९३ करोड जनसंख्या भएको भारतले समेत नआँटेको साइजको विशाल ४८ सदस्यीय मन्त्रिमण्डल कांग्रेसी प्रधानमन्त्रीले बनाएका छन् । यति ठूलो मन्त्रिमण्डलको रेकर्ड विश्वकै सबैभन्दा धनी मुलुकमा समेत सितिमिति देख्न पाइएको छैन । तर नेपालमा यस्तो गरिएको छ- सिर्फ पूर्व पंचहरूलाई रिझाएर आफू सत्तामा टिकिराख्नको लागि ।

एउटा कुनै पार्टीका प्रायः हरेक सांसदहरूलाई मंत्री पद दिइएको रेकर्ड शायद गिनेस बुक अफ वर्ल्ड रेकर्डहरूमा समेत प्राप्त छैन होला ।

यो प्रवृत्तिले के इंगित गरेको छ भने- नेपाली कांग्रेसको कुर्सी मात्र टिक्नु पर्छ, ऊ देश र जनताको जुनसुकै नोक्सानीमा पनि आँखा चिम्लन तयार छ ।

सरकारमा आएको नौ महिना पनि बितेको छैन, बिजुली, दूध, मट्टितेल, यातायात, मल, खाद्य पदार्थ जस्ता जनतालाई दिनहूँ नभई नहुने आधारभूत बस्तु र सेवाहरूमै यो सरकारले बिना कुनै जायज आधार, सालाखाला २० प्रतिशतभन्दा बेसी मूल्य बढाउने काम गरेको छ । उत्तिकै महंगीले थर्डथिलो भएका जनताहरू यो थप महँगीले दुर्दशाग्रस्त भएका छन् । तर, यही अवधिमा यो सरकारले मन्त्री र सांसद्हरूको तलब तथा सरसुविधा भने ह्वात्तै निकै धेरै बढाएको छ । करोडौंको भन्सार राजस्व टुट्टामा जाने गरी सुविधाको गाडी झिकाउन सहुलियत दिएको छ । यतिसम्म कि- भूतपूर्व मंत्री र सांसद्हरूले समेत तलब भत्ता पाउने भएका छन् ।

एकातिर, आम जनताको लागि अचाक्ली महंगी, अर्कोतिर, सांसद् र मन्त्री, पूर्वपंचहरूलाई भने अचाक्ली सुविधा ! एकातिर, आम जनताको जीवनमा असुरक्षै असुरक्षा, अर्कोतिर तस्कर, अपराधी र काला व्यापारीहरूलाई भने सुरक्षै सुरक्षा !

अहिलेको सरकारको यो व्यवहार र प्रवृत्ति आफैले छर्लङ्ग देखाइरहेछ- आखिर यो सरकार कसको लागि हो ? र, यो देश कता जाँदैछ ?

यही अवधिमा वर्तमान गठबन्धन सरकारले "कथित" राष्ट्रिय सहमति सिर्जना गरेर टनकपुरमा केही थप बिजुली र पानी पाउने मूल्यमा महाकाली नदीमा रहेको नेपालको ऐतिहासिक प्रभुसत्ताको हक र त्यसवापत्को योगदानको राष्ट्रिय अडानलाई तिलाञ्जलि दिने काम गरेको छ । र, महाकाली नदीलाई पनि "समानताको शर्तमा", तर मूलतः भारतीय पक्षलाई नै फाइदा हुने गरी "कन्यादान" गर्ने कार्य गरेको छ । यो सन्धिलाई अब ऊ जसरी पनि संसद्बाट यसै अधिवेशनमा पास गरेर बैधता दिने प्रयत्नमा छ ।

यी सब देशमारा कामहरू वर्तमान सरकारले आफ्नो चीरस्थायी सत्ताको निम्ति भारतीय शासक वर्गलाई खुशी पार्न गर्दैछ ।

यो प्रवृत्तिले देखाएको छ- कुर्सी जोगिने भयो भने, वर्तमान सरकार देशको प्रभुसत्ता र राष्ट्रिय हितको सौदा गर्न पनि तयार छ ।

अब महाकाली संझौताको 'बल' एमालेको कोर्टमा आएको छ । एमालेले "राष्ट्रिय सहमति" मा भएको भूल सच्याउँदै राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको पक्षमा आफूले आफ्नो जन्मकालदेखि गरिआएको संघर्षको गौरवमय इतिहासलाई कायमै राख्न खोज्यो भने- कुर्सी स्वार्थको निमित्त गर्न खोजिएको राष्ट्रघातको षड्यन्त्र पूरै असफल हुने छ ।

हैन, एमालेले पनि कुर्सी-हितलाई नै प्रधान बनाएर राष्ट्रहितको अडान छोड्ने कांग्रेस-राप्रपा-सद्भावनाको बाटो अँगाल्यो भने- देश अरू थुप्रै श्रृंखलाबद्ध राष्ट्रघातको बाटोमा जाने छ । भारतीय प्रभुत्ववाद निकै हौसिने छ । यद्यपि, आम नेपालीहरू र अन्य देशभक्त शक्तिले यसको सशक्त प्रतिवाद चाहिं गरिरहेकै छन् । यो अहं घडीमा एमालेले के निर्णय गर्ला ?- देश त्यो हेर्न व्यग्र प्रतीक्षामा छ ।

यी सबै घटनाहरूले देखाइरहेछन्- हाम्रो देश अहिले प्रगति होइन, गंभीर दुर्गतिको बाटोतिर लम्कँदैछ । देश र जनताप्रति कुनै दायित्वबोध नै नभएको, क्षणिक लाभको राजनीति गर्ने नेतृत्वको कारणले नै यस्ता घटनाहरू घट्दैछन् ।

तर कारण यति मात्रै चाहिं हैन । देश र जनताको पक्षमा उन्नत आदर्शको राजनीति गर्ने मान्छेहरूले चाहिं किन सडकमा सशक्त र निर्णायक उपस्थिति देखाउन सकेका छैनन् ? कारणको अर्को पक्ष यो पनि छ । अहिलेको मूल आवश्यकता देशमा यस्तो विकल्पको विकास हो । किन आम जनताले अनुभूति गर्न सक्ने गरी उनीहरूले आफ्नो वैकल्पिक उपस्थिति देखाउन सकिरहेका छैनन् ? यो पनि गम्भीर र सोचनीय कुरा हो । ❑

# ब्रसेल्समा साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय वामपन्थी सेमिनार

## पाँचै महादेशका वामपन्थी पार्टीहरुको विशाल जमघट

**जब** युरोपेली देश वेल्जियमको राजधानी ब्रसेल्समा गएको मे १ का दिन पाँचै महादेशका वामपन्थी पार्टीहरूको विशाल जमघट भयो, जब ४३ देशका ६९ वटा वामपन्थी पार्टीका नेताहरूले मुट्ठी उचाली 'इन्टरनेशनल' गीत गाए, तब पूँजीवादी साम्राज्यवादीहरूको दिल-दिमागमा ढ्यांग्रो ठोकियो ।

के विश्वभरका कम्युनिष्टहरू अब झन् झन् ठूलो पैमानामा एकजूट हुन थाले ? के साम्राज्यवादको सामना कसरी गर्ने भन्ने सवालमा उनीहरूले अब झन् गम्भीरतापूर्वक विचार विमर्श गर्न थाले ?

-यसले उनीहरूमा त्रास उत्पन्न भयो ।

सोभियत संघको विघटन र सोभियत साम्राज्यवादको पतनपछि पूँजीवादी साम्राज्यवादीहरूले बर्लिनको पर्खालमाथि चढेर न्वारनदेखिको बल र बृद्धि निकालेर नाँची नाँचिकन घोषणा गरेका थिए- समाजवाद मऱ्यो ! पूँजीवाद र साम्राज्यवादका कट्टर शत्रुहरू- कम्युनिष्टहरू सबै एकै चिहान बनिसके !

तर, मरिसके भनिएका कम्युनिष्टहरू जब शीरमा आ-आफ्नो कात्रो बाँधेर उठे, जब समाजवादी क्रान्तिको सपना पूरा गर्ने दृढ अठोटसहित बांग्लादेशदेखि ब्राजिलसम्मका, रूसदेखि पोल्याण्ड र इटालीसम्मका वामपन्थीहरू सडक र सदनमा उत्रन थाले, जब पेरूदेखि फिलिपिन्ससम्मका, टर्कीदेखि मेक्सिकोसम्मका कम्युनिष्टहरू हातहतियारसहित सत्ता कब्जा गर्न अगाडि बढे, तब पूँजीवादी साम्राज्यवादीहरूको सपनामा फेरि पनि समाजवादी व्यवस्था र कम्युनिष्टहरूको भूत सवार हुन थाल्यो ।

यो कुनै दन्त्य कथाको दृश्य होइन, अहिलको संसारको जिउँदो-जाग्दो वास्तविकता हो ।

**जब ४३ देशका ६९ वामपन्थी पार्टीका प्रतिनिधिहरुसहित पाँच हजारभन्दा बढी कमरेडहरुले मुठ्ठी उचाली 'इन्टरनेशनल' गीत गाए......**





विशेष रिपोर्ट



क. लुडो मार्टिन

एकातिर पूँजीवादी-साम्राज्यवादी शक्तिहरू र अर्कोतिर न्यायप्रेमी, स्वतन्त्रता-समानताप्रेमी वामपन्थीहरू ! यसरी विभाजित यो संसारमा यी दुई पक्षबीचको वैचारिक-राजनीतिक संघर्षकै एक महत्त्वपूर्ण कडी हो- ब्रसेल्सको साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय वामपन्थी सेमिनार !

पाँचै महादेशका ४३ देशका ६९ वटा वामपन्थी पार्टी, संगठन र समूह एवं व्यक्तित्वहरूको महत्त्वपूर्ण सहभागितामा सम्पन्न यो सेमिनारमा मूल रूपमा साम्राज्यवाद विरोधी संघर्षको बारेमा अन्तर्राष्ट्रिय स्तरको अन्तर्क्रिया भएको छ ।

पूँजीवादी-साम्राज्यवादी शक्तिहरूको गढको रूपमा चर्चित यूरोपको एउटा देश बेल्जियममा सम्पन्न यो अन्तर्राष्ट्रिय वामपन्थी सेमिनारले साम्राज्यवादमाथि एउटा जब्बर धक्का दिएको छ । नयाँ विश्व व्यवस्थामा साम्राज्यवाद-विरोधी संघर्ष भन्ने विषयमा सशस्त्र र संसदीय एवं वैधानिक संघर्षहरूमा भाग लिएका थुप्रै वामपन्थी पार्टीहरूबीच सम्पन्न यस अन्तर्क्रियामा सहभागी वामपन्थी नेताहरूले एक मतले साम्राज्यवादको धज्जी उडाए र साम्राज्यवादविरोधी जन-संघर्ष सम्बन्धी आ-आफ्ना धारणाहरूलाई माझेर अझ तेज र धारिलो पार्ने काम गरे ।

## बेल्जियम श्रमिक पार्टीको सक्रियता

विभिन्न चिराहरूमा विभाजित अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई एक आपसमा चिनाउने, नजिक्याउने र एकीकृत पार्ने उद्देश्यले सोभियत संघको विघटन र समाजवादको पतनपछि **बेल्जियम श्रमिक पार्टी (PTB)** ले अन्तर्राष्ट्रिय वामपन्थी सेमिनारहरू गर्ने परम्पराको थालनी गरेको थियो ।

**बेल्जियम श्रमिक पार्टी** र यसका अध्यक्ष **क. लुडो मार्टिन**को विशेष सकृयता र पहलकदमीमा १९९४ देखि शुरू भएका यस्ता महत्त्वपूर्ण सेमिनारहरूले विश्व कम्युनिष्ट आन्दोलनमा आपसी समझदारी विकास गर्न र ऐक्यबद्धता विकास गर्न निकै मद्दत गर्न थालेको देखिएको छ । १९९४ को अन्तर्राष्ट्रिय वामपन्थी सेमिनारमा सहभागी करीब तीन दर्जनजति कम्युनिष्ट पार्टीहरूले विश्वव्यापी कम्युनिष्ट एकताको प्रस्ताव प्रस्तुत गरेका थिए ।

स्मरणीय छ, १९९४ को सेमिनारमा विश्वका ३२ वटा कम्युनिष्ट पार्टीहरू, १८ वटा क्रान्तिकारी संगठनहरू र ३१ देशका प्रख्यात वाम व्यक्तित्वहरूले कम्युनिष्ट एकताको लागि आ-आफ्नो मस्तिष्क खियाएका थिए ।

> विश्व कम्युनिष्ट आन्दोलनका सबै धारहरुबीच अहिले नै एकता स्थापित गर्न कठिन भएपनि दुईपक्षीय र बहुपक्षीय सम्बन्धहरुलाई विकास गर्दै आ-आफ्नो देशको क्रान्तिमा लागिपर्नु जरुरी छ

विभाजन र विखण्डनको पीडादायक स्थितिबाट गुज्रिरहेका विश्वका सम्पूर्ण कम्युनिष्ट पार्टीहरूलाई एकीकृत गर्ने उद्देश्यसहितको यही प्रस्ताव नै १९९५ को अन्तर्राष्ट्रिय सेमिनारको अन्तर्क्रियाको मुख्य विषय बनेको थियो । उक्त सेमिनारमा विश्वका ३७ देशका ६० वटा भन्दा बढी वामपन्थी पार्टीहरू, संगठनहरू र समूहहरू एवं वाम व्यक्तित्वहरूको सक्रिय सहभागिता थियो । १९९४ को तुलनामा बढी सहभागिता रहेको सो सेमिनारले १९९४ मा जारी गरिएको "अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकताको लागि प्रस्ताव" लाई अझ परिष्कृत र उन्नत पार्दै त्यसलाई विश्वभरि पुनः जारी गरेको थियो ।

१९९५ को सेमिनारले गरेको एउटा महत्त्वपूर्ण ऐतिहासिक निर्णय थियो- यस वर्षको प्रथम मईदेखि साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय वामपन्थी सेमिनार गर्ने ! सोही निर्णय अनुसार, आयोजना गरिएको मार्क्सवाद-लेनिनवादलाई आफ्नो मार्गदर्शक सिद्धान्तको रूपमा स्वीकार गर्नेदेखि लिएर त्यसलाई स्वीकार नगर्ने वामपन्थी पार्टीहरू र साम्राज्यवादविरोधी संघ संगठनहरूसमेत सहभागी हुन पाउने व्यवस्था गरिएको यस सेमिनारको मूल विषय थियो - 'नयाँ विश्व व्यवस्था' अन्तर्गत साम्राज्यवाद विरोधी संघर्ष अर्थात् The Anti-imperialist Struggle Under The New World Order !

यो मूल विषय अन्तर्गत पनि साम्राज्यवादको आन्तरिक संकट र संघर्षहरूदेखि लिएर त्यसविरोधी सशस्त्र संघर्षहरू एवं सत्तासीन वामपन्थीहरूको संघर्षलाई बुझ्ने कार्यलाई सजिलो पार्न त्यस मूल विषयलाई पाँच भागमा विभाजित गरिएको थियो । ती पाँच विषयहरू यस प्रकार थिए-

- **तेस्रो विश्वमा साम्राज्यवाद विरोधी संघर्ष र कानूनी एवं संसदीय संघर्ष**
- **तेस्रो विश्वमा साम्राज्यवाद विरोधी संघर्ष र राजनीतिक जन कार्य एवं सशस्त्र संघर्ष**
- **साम्राज्यवादका मूल मूल केन्द्रहरुको विश्वव्यापी रणनीति**
- **वर्तमान विश्वमा भइरहेका प्रमुख सशस्त्र झडपहरु**
- **सामाजवादको प्रतिरक्षा र साम्राज्यवादविरोधी संघर्ष**

## मई दिवसको रोचक उत्सव र गम्भीर उद्घाटन समारोह

ऐतिहासिक मई दिवसको उपलक्ष्यमा गत १ देखि ४ मई, १९९६ मा (२०५३ को वैशाख १९ देखि २२ गतेसम्म) ब्रसेल्समा भएको यो साम्राज्यवादविरोधी सेमिनारको पहिलो दिनमा मई दिवसको ऱ्याली एवं उत्सव र सेमिनारको उद्घाटनका कार्यक्रमहरू भए ।

केही वर्ष अगाडिदेखि बेल्जियम श्रमिक पार्टीले मई दिवसको अवसर पारेर ऱ्याली र उत्सव गर्ने र यसका साथसाथै, विभिन्न महत्त्वपूर्ण विषयहरूमा अन्तर्राष्ट्रिय सेमिनारहरू पनि गर्दै आइरहेको कुरा माथि पनि उल्लेख गरिएको छ । यसै क्रममा भएको मई दिवसको यो ऱ्याली एवं उत्सव र अन्तर्राष्ट्रिय वामपन्थी सेमिनारमा एशिया, अफ्रिका, उत्तर अमेरिका, ल्याटिन अमेरिका

**गत वर्ष कलकत्तामा भएको साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय सम्मेलन पनि यतिखेर स्मृतिमा आइरहेको छ !**
(जर्मन कमरेड ओपर्स्काल्स्की कलकत्तामा बोल्दै)



फोटोमाः
ब्रसेल्सका केही सहभागी कमरेडहरु
क. ईश्वर पोखरेल,
क. लुडो मार्टिन,
क. माधव नेपाल,
क्युबाली विदेश विभाग प्रमुख, क्यूबाली काउन्सेलर,
क. ओपर्स्काल्स्की,
क. जोसे मारिया सिसों र
क. झलनाथ खनाल



फोटो सौजन्यः क. ईश्वर पोखरेल

र यूरोपका धेरै भागबाट आएका कमरेडहरूले आ-आफ्नो देशको प्रतिनिधित्व गर्दै महत्त्वपूर्ण सहभागिता जनाए ।

पाँचै महादेशका न्यायप्रेमी र क्रान्तिकारीहरूको जमघट भएको मई दिवसको ऱ्याली ब्रसेल्सको एउटा चर्चित विश्वविद्यालयको विशाल कार पार्किङ्ग कम्प्लेक्समा भएको थियो । अत्यन्त व्यवस्थित, रोचक र प्रभावपूर्ण रहेको यस मई दिवसको ऱ्यालीका विभिन्न कार्यक्रमहरूले श्रमिकहरूको ऐतिहासिक महान संघर्षलाई थप महत्त्व र सार्थकता प्रदान गरेका थिए । यसमा मजदूर वर्गीय अन्तर्राष्ट्रिय एकतालाई अझ खँदिलो र दरिलो पार्नु पर्ने अठोट व्यक्त गरिएका थिए ।

पाँच हजारभन्दा बढी मजदूरहरू, मजदूरहरूका परिवारजनहरू र १२५ जनाभन्दा बेसी विदेशी कमरेडहरूको सहभागितासहित मे १ को साँझतिर साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय वामपन्थी सेमिनारको औपचारिक उद्घाटन समारोह शुरू भयो । संक्षिप्त तर रोचक, मनोरञ्जक र प्रगतिशील सो साँस्कृतिक कार्यक्रम भएपछि विभिन्न देशबाट आएका वामपन्थी प्रतिनिधिहरूले आ-आफ्नो मन्तव्य प्रकट गरे । अत्यन्त जोश र उत्साहपूर्वक ती मन्तव्यहरूप्रति हार्दिक आभार प्रकट गरियो ।

उद्घाटन सत्रको अन्त्यमा आयोजक पार्टी- **बेल्जियम श्रमिक पार्टी**का अध्यक्ष **क. लुडो मार्टिन**ले सारगर्भित समापन भाषण दिनु भयो ।

उहाँले आफ्नो भाषणमा वर्तमान विश्व परिस्थितिको समग्रमा विश्लेषण गर्दै यूरोपका विभिन्न देशहरूमा उठिरहेका क्रान्तिकारी संघर्षहरूको स्थिति र त्यसका संभावनाहरू प्रस्तुत गर्नुभयो । उहाँले वेल्जियममा क्रान्तिकारी शक्तिहरूको बढ्दो लोकप्रियता र जनाधारको बारेमा पनि प्रकाश पार्नु भयो ।

उहाँले साम्राज्यवादीहरूले आफ्नो विश्वव्यापी दबदबाको लागि र बहुराष्ट्रिय निगमहरूले एकाधिकारको लागि प्रयत्न गरिरहेको सन्दर्भमा संसारभरिका श्रमजीवी जनताहरूको सहयोग र ऐक्यबद्धताको आवश्यकता रहेको कुरामा जोड दिनु भयो । **क. लुडो मार्टिन**को यो भाषणप्रति ती ५ हजारभन्दा बढी सहभागीहरूले हार्दिक ऐक्यवद्धता जाहेर गरे ।

त्यसपछि सबै विदेशी प्रतिनिधिहरूले विशाल स्टेजमा उभिएर कस्सिएका मुट्ठीहरू माथि उठाउँदै, अत्यन्त जोश र जाँगरका साथ 'इन्टरनेशनल' गीत गाएर उद्घाटन कार्यक्रमको समापनको घोषणा गरे । 'इन्टरनेशनल' गीतको धूनमा एक्कैचोटि पाँचै महादेशका पाँच हजारभन्दा बढी कमरेडहरूले सस्वर गाउँदा पूरै उद्घाटन थलो गुञ्जायमान भएको थियो ।

## नयाँ विश्वव्यवस्था अन्तर्गत साम्राज्यवाद विरोधी संघर्ष

यसरी अत्यन्त भव्यताका साथ अन्तर्राष्ट्रिय बन्धुत्वपूर्ण वातावरणमा शुरू भएको साम्राज्यवादविरोधी सेमिनार औपचारिक रूपमा मई २ देखि शुरू भयो । क. वर्टद्वारा सञ्चालित सो सेमिनारका ठोस र महत्त्वपूर्ण विषयहरूमाथि छलफल शुरू हुनुभन्दा अगाडि, **क. लुडो मार्टिन**ले स्वागत भाषण गर्दै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकताको प्रक्रियाका सम्बन्धमा परिचयात्मक विचार प्रस्तुत गर्नुभयो ।

उहाँले विश्व कम्युनिष्ट आन्दोलनको एकतासम्बन्धी प्रस्तावले विश्वव्यापी महत्त्व पाएको कुरा स्मरण गराउँनु भयो । उहाँले यसले कम्युनिष्ट पार्टी र संगठनबीच भेटघाट गर्न, अनुभव र विचारहरूको आदानप्रदान गर्न, वैचारिक मतभेदहरूमाथि छलफल चलाउन र सामूहिक समझदारी कायम भइरहेका विषयहरूमा निश्चित प्रस्तावहरू पारित गर्न एवं केही निश्चित सामूहिक कार्य र संघर्षहरूको संयोजन स्वेच्छिक रूपमा गर्नका लागि न्यूनतम् साझा प्लेटफर्मको निर्माण गर्ने विश्वास प्रकट गर्नुभयो ।

उहाँले विविध धारहरूमा विभाजित विश्व कम्युनिष्ट आन्दोलनमा ती सबै धारहरूबीच अहिले नै एकता स्थापित गर्न कठिन भएकोले अहिलेको अवस्थामा कुनै पनि प्रकारको अन्तर्राष्ट्रिय केन्द्र बनाउनु सम्भव नभएको भएतापनि विश्वका सबै कम्युनिष्ट पार्टीहरू र संगठनहरूले दुईपक्षीय र बहुपक्षीय सम्बन्धहरूलाई विकास गर्दै आ-आफ्नो देशको क्रान्तिमा लागिपर्नु पर्ने तथ्य औल्यायो ।

उहाँले विश्व कम्युनिष्ट आन्दोलनमा एकता स्थापित गर्ने उद्देश्यले नै साम्राज्यवादको बारेमा वैचारिक एकता विकास गर्न र त्यसका विरुद्ध एकीकृत संघर्ष चलाउन यो सेमिनार आयोजना गरिएको कुरा राख्नु भयो ।

त्यसपछि सेमिनारको मूलभूत बुँदा- 'नयाँ विश्व व्यवस्था अन्तर्गत साम्राज्यवाद विरोधी संघर्ष' सम्बन्धी अन्तर्क्रिया शुरू भयो । यस विषयमा भारतको **सोशलिष्ट यूनिटी सेन्टर अफ इण्डिया (SUCI)** का **क. रणजितधर रायले** र **भाकपा माले लिबरेशन** समूहका **एन के. सिंहले** र **सोशलिष्ट वर्कर्स पार्टी अफ बांग्लादेश**का प्रतिनिधिले आ-आफ्नो विचार प्रकट गर्नुभयो ।

समाजवादी खेमाको अन्त र असंलग्न आन्दोलन कमजोर भएपछि साम्राज्यवादको दबदबा निकै चर्को रूपले बढेको छ । अमेरिका, जापान र जर्मनीको नेतृत्वमा रहेको यूरोपीय युनियन प्रमुख साम्राज्यवादी शक्तिको रूपमा देखिएको छ । यी साम्राज्यवादी शक्तिहरूले आफ्नो पूर्ण एकाधिकार कायम गर्न विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषमार्फत् आर्थिक उदारीकरण चलाउने, विश्व व्यापार संगठन (INTO) मार्फत् खुला बजार अर्थतन्त्र लागू गर्न लगाउने, संयुक्त राष्ट्र संघलाई पंगु बनाउने एवं नाटोलाई अझै सुदृढ गर्ने कदम चालिरहेका छन् ।

यो कठीन स्थितिमा साम्राज्यवादको आन्तरिक संकट र साम्राज्यवादी राष्ट्रहरूबीचको आपसी संघर्षलाई बुझेर, साम्राज्यवादको विरोधमा उठिरहेको विश्वव्यापी जनसंघर्षलाई अझ विस्तृत, गहन र तेज पार्नु पर्दछ । कम्युनिष्टहरूको नेतृत्वमा विश्वका सम्पूर्ण क्रान्तिकारी र प्रगतिशील शक्तिहरूको लडाकू शान्ति आन्दोलनलाई विश्वका शोषित-पीडित जनताको मुक्तिका लागि भइरहेका जनसंघर्ष र वर्ग संघर्षसंग गाँसेर अगाडि बढाउनु पर्दछ ।

**SUCI** का केन्द्रीय स्टाफ एवं अन्तर्राष्ट्रिय मामिलाका डेपुटी **क. रणजितधर रायले** भन्नुभयो-

अमेरिकी साम्राज्यवादको नेतृत्वमा संचालित साम्राज्यवादी खेमाले आफ्नो पूर्ण एकाधिकार कायम गर्नका लागि प्रयत्न गरिरहेको यस स्थितिमा आ-आफ्नो देशबाट देशी विदेशी प्रतिक्रियावादका

**अमेरिकी साम्राज्यवादद्वारा मेक्सिकोमाथि थोपरिएको *नाफ्टा-सन्धि*को विरोध गर्दै जापातिस्टा छापामारहरु**



विरोधी र वामपन्थी पार्टीहरूले साम्राज्यवादविरोधी संघर्षहरू चर्काउनु पर्ने कुरामा उहाँहरूले जोड दिनुभयो ।

## तेस्रो विश्वमा साम्राज्यवाद विरोधी संघर्ष र कानूनी एवं संसदीय संघर्ष

त्यसपछि तेस्रो विश्वमा चलिरहेको साम्राज्यवादविरोधी संघर्षमा कानूनी र संसदीय संघर्षसम्बन्धी, अन्तर्क्रिया कार्यक्रम शुरू भयो । यसमा भारतको परिप्रेक्ष्यमा साम्राज्यवादविरोधी कानूनी र वैधानिक संघर्षको विषयमा **भाकपा माले जनशक्ति** समूहका **क. कौशिक बनर्जी**ले भारतीय अनुभवहरू प्रस्तुत गर्नु भयो ।

त्यस्तै, नेपाली जनताको साम्राज्यवादविरोधी संघर्षका अनुभवबारे **नेकपा (एमाले)** का महासचिव **क. माधव नेपाल**ले आफ्नो विचार प्रस्तुत गर्नुभयो ।

उहाँले भन्नुभयो- "वर्तमान समयमा साम्राज्यवादले विश्वव्यापी रूपमा आर्थिक शोषण तथा प्रभुत्व विस्तार गर्दै लगिरहेको छ र यसको यो अभियानले आधुनिक प्रविधिहरूको निर्वाध प्रयोग, बहुराष्ट्रिय निगम तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको माध्यमबाट सैनिकीकरण तथा अर्कोतिर, देश-देशका प्रतिकृयावादी शासकहरूसितको साँठगाँठलाई आफ्नो आधार बनाएको छ । साम्राज्यवादीहरूका यस किसिमका अपराधहरूलाई देश-देशका जनताको सशक्त अभिमतलाई तिनको विरोधमा खडा गरेर तथा जनतालाई आन्दोलनमा उतारेर मात्र कमजोर पार्न सकिन्छ । यस किसिमको अभियान राष्ट्रिय, अन्तर्राष्ट्रिय दुवै स्तरमा सञ्चालन गरिनु पर्छ । यस किसिमले सञ्चालन गरिने साम्राज्यवाद-विरोधी संघर्षमा देश-देशको विशिष्ट परिस्थितिअनुसार वैधानिक र संसदीय संघर्षले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

साम्राज्यवादविरोधी र यहुदीवाद विरोधी राष्ट्रिय संघर्षको बारेमा सिरियाली अनुभवको सन्दर्भमा **सिरियाली कम्युनिष्ट पार्टी (CPS)** र **ब्राजिलको कम्युनिष्ट पार्टी (CPB)** का प्रतिनिधिहरूले अमेरिकी साम्राज्यवाद-विरोधी आफ्नो देशको संघर्ष अनुभवलाई समग्रमा प्रस्तुत गर्नुभएको थियो ।

उहाँहरूका विचारहरूमाथि आ-आफ्नो टिप्पणी राख्ने र आ-आफ्नो देशका साम्राज्यवादविरोधी संघर्षहरूसम्बन्धी रिपोर्ट दिने काम **वर्कर्स पार्टी अफ बाग्लादेश**ले शुरू गऱ्यो । र, त्यसलाई **एन अमन हैरी, बेनिन** र **अर्गनाइजेशन मार्क्सिस्टे लेनिनिस्टे डे सेनेगल**का प्रतिनिधिहरूले पनि जारी राखे । उहाँहरूका टिप्पणीहरूमाथि मूल मूल वक्ताहरूले जवाफ दिने काम गरेपछि सार्वजनिक रूपमा अन्तर्क्रिया चलाइयो ।

अन्तर्क्रियाको क्रममा आ-आफ्नो देशको विशिष्टता र विशेषताअनुरूप मार्क्सवाद-लेनिनवादका आम सच्चाइहरूलाई सिर्जनात्मक ढंगले लागू गर्नुपर्दछ भन्ने कुरामा सहमति भएको देखियो । कुनै देशको विशिष्टतामा वैधानिक, कानूनी र संसदीय संघर्षका रूपहरू अप्नाउनु पर्ने र कुनैमा वर्ग संघर्षका विशिष्टताका कारणले सशस्त्र संघर्षलाई प्रधान रूप मान्नु पर्ने र कुनै देशमा मिश्रित रूपमा पनि अप्नाउनु पर्ने विचारहरू प्रकट भए । पेरू र हैटीका प्रतिनिधिहरूले भने संसदीय संघर्षलाई पूर्ण रूपले अस्वीकार गर्दै त्यो संघर्षको रूपलाई अप्नाउनु भनेको आत्मसमर्पणवादी हुनु हो भन्ने विचार प्रकट गरे ।

## तेस्रो विश्वमा साम्राज्यवादविरोधी संघर्ष र राजनीतिक जनकार्य एवं सशस्त्र संघर्ष

मई २ कै दिन साँझतिर "तेस्रो विश्वमा साम्राज्यवादविरोधी संघर्ष र राजनीतिक जनकार्य एवं सशस्त्र संघर्षको भूमिका" सम्बन्धी अन्तर्क्रिया कार्यक्रम अगाडि बढाइयो ।

त्यसै दिन दिउँसो भएको साम्राज्यवादविरोधी वैधानिक र संसदीय संघर्षसम्बन्धी अन्तर्क्रियाकै निरन्तरताको रूपमा सशस्त्र संघर्षको भूमिकासम्बन्धी छलफल चलाइयो । सो छलफल कार्यक्रममा फिलिपिन्स, मेक्सिको, कुर्दिस्तान र भारतमा सशस्त्र संघर्ष चलाइरहेका कम्युनिष्ट पार्टीका नेता र प्रतिनिधिहरूले आ-आफ्नो विचार र अनुभवसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।

**फिलिपिन्सको कम्युनिष्ट पार्टी (CPP)** का संस्थापक अध्यक्ष **क. जोसे मारिया सिसोँ**ले 'सशस्त्र जनयुद्धमार्फत् राष्ट्रिय जनवादी क्रान्ति' विषयमा अत्यन्त व्यवस्थित ढंगले फिलिपिन्सको जनयुद्धको इतिहास र वर्तमानमाथि प्रकाश पार्नुभयो । उहाँले फिलिपिन्सको विशिष्ट परिस्थितिमा शुरू भएको नयाँ जनवादी क्रान्तिको विकास क्रममा कम्युनिष्ट पार्टी, लाल सेना र **'नेशनल डेमोक्रेटिक फ्रन्ट'** नामक संयुक्त मोर्चाको विकास कसरी भयो भन्ने कुरा अगाडि राख्नु भयो । 'गाउँले शहरलाई घेर्ने' रणनीति अनुरूप गत २७ वर्ष अगाडिदेखि सशस्त्र जनयुद्ध संचालन गरिरहेको फिलिपिन्सको कम्युनिष्ट पार्टीले देशव्यापी संघर्ष सञ्चालन गर्न संघर्षका हरसम्भव उपायहरू प्रयोग गरिरहेको कुरा उल्लेख गर्नुहुँदै उहाँले क्रान्तिकारी संघर्षका क्रममा पार्टीभित्र प्रकट भएका अवसरवादी विचार र समूहको उत्थान एवं त्यसविरोधी वर्तमान आन्तरिक संघर्षमाथि पनि प्रकाश पार्नुभयो ।

त्यसपछि, मेक्सिकोमा जापातिस्टा आन्दोलनको नेतृत्वमा सञ्चालित सशस्त्र किसान संघर्ष र बृहद् राष्ट्रिय मोर्चाको निर्माणसम्बन्धी अनुभव र साम्राज्यवादविरोधी सशस्त्र संघर्षसम्बन्धी आफ्ना विचारहरू प्रस्तुत गर्नुभयो- **राष्ट्रिय मुक्ति आन्दोलनका निमित्त बृहद् मोर्चा**का प्रतिनिधि कमरेडले ।

अमेरिकी साम्राज्यवादको छेऊमै रहेको मेक्सिकोका जनताले जापातिस्टा आन्दोलनकारीहरूको नेतृत्वमा १९९४ देखि शुरू गरेको सशस्त्र संघर्षले मूलतः साम्राज्यवादविरोधी रूझान लिएको कुरा उल्लेख गर्दै मेक्सिकोका कमरेडले संघर्षको सफलताको लागि **'राष्ट्रिय मुक्ति आन्दोलनका लागि बृहद मोर्चा' (FACMIN)** ले संयुक्त मोर्चाको भूमिका खेलिरहेको जानकारी दिनु भयो ।

स्वतन्त्र, सार्वभौम र समाजवादी कुर्दिस्तानको लागि टर्की, इरान, इराक र सिरियामा एकसाथ सशस्त्र संघर्ष चलाइरहेको वामपन्थी पार्टी- **कुर्दिस्तान श्रमिक पार्टी (PKK)** का कमरेडले आफ्ना विशिष्ट अनुभवहरू प्रस्तुत गर्नुभयो । कुर्द जातिको जातीय र भाषिक अधिकारको ग्यारेन्टी हुने स्वतन्त्र कुर्दिस्तानको निर्माण गर्ने उद्देश्यसहित अगाडि बढिरहेको **पीकेके**का कमरेडले गाउँ र शहर दुबैमा राजनीतिक जनकार्य केन्द्रित गर्नुपर्ने, सशस्त्र संघर्षका साथै जनसंघर्षका सम्भव उपायहरू र रूपहरू उपयोग गर्नुपर्ने विचार प्रकट गर्नुभयो ।

भारतीय सशस्त्र संघर्षका अनुभवहरू प्रस्तुत गर्ने क्रममा **भाकपा (माले) पीपुल्स वार ग्रुप**का कमरेडले १६ वर्ष अगाडिदेखि गाउँले शहरलाई घेर्ने रणनीतिअनुरूप भारतका पिछडिएका क्षेत्रहरू- उत्तरी तेलंगाना र दण्डकारण्यमा छापामार नियन्त्रित क्षेत्रहरू कायम गरिसकिएको तथ्य प्रस्तुत गर्नुभयो । उहाँले आफ्नो सशस्त्र संघर्षलाई अन्य प्रदेशहरूमा समेत विस्तार गरिसकेको र जनसंघर्षका विविध रूपहरूसंग पनि सशस्त्र संघर्षलाई गाँसिरहेको कुरा बताउनु भयो । उहाँले सशस्त्र संघर्ष गरिरहेका भारतीय कम्युनिष्ट पार्टीहरूसंग एकीकरणको क्रम अगाडि बढिरहेको र तिनीहरूको संघर्षलाई साम्राज्यवादविरोधी विश्वव्यापी संघर्षसंग जोड्ने अठोट पनि व्यक्त गर्नुभयो ।

अरू कार्यपत्र र विचारहरू प्रस्तुत गर्ने क्रम भोलिपल्ट विहानैदेखि पुनः शुरू भयो । मई ३ का दिन टर्की, कोलम्बिया र पेरूमा सशस्त्र संघर्ष गरिरहेका क्रान्तिकारी पार्टीका कमरेडहरूले आ-आफ्नो देशका सशस्त्र संघर्षसम्बन्धी अनुभव र विचारहरू प्रस्तुत गर्नुभयो ।

टर्कीमै **पीकेके**ले जस्तै सशस्त्र जनयुद्ध संचालन गरिरहेको **रिभोल्यूशनरी पीपुल्स लिबरेशन पार्टी-फ्रन्ट (DHKP C)** का



**रुसमा नेपाली कमरेडहरु (बीचमा रुसी कम्युनिष्ट नेतृ नीना एन्द्रीयेभा)**



*फिलिपिन्स कम्युनिष्ट पार्टीका संस्थापक अध्यक्ष तथा नेता क. जोसेमारिया सिसों*

कमरेडले आफ्नो पार्टीले अपनाइरहेको संघर्षको नौलो रूपबारे व्याख्या गर्नुभयो । उहाँले साम्राज्यवादविरोधी, एकाधिकारवाद विरोधी जनयुद्धले 'गाउँले शहरलाई घेर्ने' पुरानो रणनीतिको सट्टामा गाउँ र शहरहरूमा देशव्यापी जनसंघर्षहरू उत्थान गर्दै त्यसको संरक्षणमा छापामार युद्ध विस्तार गर्ने र सशस्त्र विद्रोहद्वारा सत्ता कब्जा गर्ने रणनीति आफ्नो पार्टीले अप्नाइरहेको कुरामाथि प्रकाश पार्नुभयो ।

त्यसपछि **रिभोल्युशनरी आर्म्ड फोर्सेज अफ कोलम्बिया (FARC)** र **पार्टिडो कम्युनिष्टा- एमएलका** छापामारहरूका प्रतिनिधि कमरेडले आफ्नो देशमा चलिरहेको सशस्त्र संघर्ष र सरकारसित चलिरहेको शान्तिवार्ताको कुरा विस्तारपूर्वक उठाउनु भयो । सेमिनारमा सहभागी कोलम्बियाका पाँच वटा वामपन्थी समूहहरूका विचारहरू फरक फरक नै देखिएतापनि साम्राज्यवादविरोधी संघर्ष चलाउने कुरामा भने उहाँहरू एकमत नै देखिनु हुन्थ्यो ।



**फिलिपिन्समा गुरिल्ला युद्ध सञ्चालन गरिरहेको** फिलिपिन्स कम्युनिष्ट **पार्टीको सैनिक शाखा** एन.पी.ए. **का गुरिल्लाहरु हतियार तालिम लिँदै**

कोलम्बियाको छापामार संघर्ष र शान्तिवार्ताको सन्दर्भमा फिलिपिन्स, नेपाल र टर्की लगायतका कमरेडहरूले शान्तिवार्ता कतै क्रान्तिबाट भाग्ने दाउको खोजी त होइन भन्ने प्रश्न उठाउनु हुँदै दीर्घकालीन जनयुद्धमा शक्ति संयोजनका लागि वार्ताहरू जरूरी हुन सक्छ भन्ने कुरा पनि व्यक्त गर्नुभयो ।

त्यसपछि **क. गोञ्जालो**को नेतृत्वमा सञ्चालित **पेरु कम्युनिष्ट पार्टी- साइनिङ्ग पाथ**को दीर्घकालीन जनयुद्धका सम्बन्धमा **क. लुइस आर्क बोर्जा**ले प्रकाश पार्नुभयो । साइनिङ्ग पाथसंग नजिक मानिने **'एल डायरियो इन्टरनेशनल'** पत्रिकाका डाइरेक्टर क. लुइसले **साइनिङ्ग पाथ**को जनयुद्धको इतिहास, त्यसका उतार-चढाव, क. गोन्जालोको गिरफ्तारी-पछिको स्थितिको रूपरेखा प्रस्तुत गर्नुभयो । मार्क्सवाद-लेनिनवाद र माओवादलाई मान्ने, दीर्घकालीन जनयुद्धलाई अँगाल्ने, गाउँले शहरलाई घेर्ने रणनीति अपनाइरहेको **साइनिङ्ग पाथ**ले जनयुद्धको क्रममा कानूनी र वैधानिक एवं संसदीय संघर्षको महत्त्व नभएको दृष्टिकोण अगाडि सारिरहेको तथ्य पनि उहाँले खुलस्त पार्नुभयो ।

त्यसपछि आ-आफ्नो देशको परिस्थितिअनुरूप सशस्त्र संघर्ष संचालन गर्दै साम्राज्यवादविरोधी विश्वव्यापी आन्दोलनमा आफ्नो भूमिका खेलिरहेका यी क्रान्तिकारी पार्टीहरूको अनुभव र विचारमाथि टिप्पणी गर्ने क्रम शुरू भयो । कोलम्बियाको **सीपीसी (एमएल)**, चिलीको **MAPU–LauTaro**, टर्कीको **एमएल केपी- टर्की**, प्यालेस्टाइनको **पपुलर फ्रन्ट फर लिवरेशन अफ प्यालेस्टाइन**का प्रतिनिधिहरू र जिम्बाब्वेका **इस्माइल डुबे**ले महत्त्वपूर्ण टिप्पणीहरू गर्नुभयो ।

ती टिप्पणीहरूको जवाफ दिने काम प्रमुख वक्ताहरूबाट भएपछि सम्पूर्ण सहभागीहरूले खुला रूपमा बहस गरे । त्यसपछि साम्राज्यवादविरोधी जनकार्य र सशस्त्र संघर्ष सम्बन्धी छलफल टुंगियो ।

## साम्राज्यवादका मूल-मूल केन्द्रहरूको विश्वव्यापी रणनीति

त्यसपछि साम्राज्यवादका मूल मूल केन्द्रहरूको रूपमा रहेका पूँजीवादी देशहरूको चिरफार गर्ने अत्यन्त रोचक, ज्ञानवर्द्धक र गंभीर अन्तर्क्रिया कार्यक्रम शुरू भयो । जर्मनीको **'टप सेक्रेट'** पत्रिकाका सम्पादक **माइकल ओपस्कोल्स्की**ले अमेरिकी साम्राज्यवादको भूमण्डलीय रणनीतिको विश्लेषण प्रस्तुत गर्नुभयो । उहाँले दोस्रो विश्वयुद्धपछि विश्वका विभिन्न भागमा **'कम घनिभूत युद्धहरु'** (Low Intensity Conflicts) जारी रहेको तथ्य अगाडि सार्नु हुँदै सोभियतसंघको विघटनपछि त्यस्ता युद्धहरूको संख्या अझै बढेको छ भन्नु भयो ।

यसैबीच, विश्व पूँजीवादको विकास अपेक्षाकृत मात्रामा स्थिर रहेको, व्यापक रूपमा विकसित भएको विज्ञान-प्रविधिलाई अमेरिकी पूँजीवादले अत्यधिक रूपमा उपयोग गरेको कुरामाथि प्रकाश पार्दै उहाँले अमेरिकी साम्राज्यवाद सोभियतसंघको विघटनपछि आफ्नो प्रभुत्व जमाउन अत्यन्त आक्रामक भएर आएको भएतापनि **'ठूलो मात्राको युद्ध'** (High Intensity Conflicts) भने हुन नसकेको तथ्य अगाडि सार्नु भयो ।

उहाँले अत्याधिक तीव्रताका साथ विकसित भएका बहुराष्ट्रिय कम्पनीहरूमाथि पनि अमेरिकी निगमहरूको प्रभुत्व रहेको र ती निगमहरूले विश्वकै ठूलो भाग ओगटेको तथ्य प्रष्ट रूपले राख्नु भयो । उहाँले विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषलाई अमेरिकी साम्राज्यवादले आफ्नो 'नयाँ विश्व व्यवस्था' को नारालाई साकार पार्ने हतियारको रूपमा उपयोग गरिरहेको कुरा बताउनु भयो ।

जर्मनीका प्रोफेसर डा. **इक कोप्टे**ले जर्मन एकाधिकार पूँजीवादको भूमण्डलीय रणनीतिका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भयो । उहाँले दोस्रो विश्वयुद्धपछि निकै तीव्रताका साथ विकसित भएको जर्मन एकाधिकार पूँजीवादले पूर्व जर्मनीसंगको एकीकरणपछि बढी नै आक्रामक हुँदै म्यास्ट्रिट सन्धि अनुरूप बन्न गइरहेको **यूरोपीय सममुदाय (EU)** माथि आफ्नो बलियो प्रभाव विस्तार गरिरहेको कुरा उल्लेख गर्नुभयो ।

जर्मनीकै **रोल्फ भ्यालीले** जर्मन साम्राज्यवादको पुनः उदय भएको घोषणा गर्दै यसले यूरोपको शान्ति सुव्यवस्था र स्थायित्वमाथि नै संकटको घडी निम्त्याइरहेको विचार प्रकट गर्नुभयो । जर्मनीको **'कम्युनिष्ट पार्टीको पुनर्निर्माणका लागि संघर्षरत श्रमिक युनियन'** का **भोल्कर भीसर**ले पनि जर्मन साम्राज्यवादको पुनरूत्थान यूरोपेली श्रमिक र वामपन्थीहरूका लागि खतराको संकेत हो भन्नुभयो ।

अमेरिकापछि विश्वमा सबैभन्दा आक्रामक ढंगले आइरहेको जर्मन साम्राज्यवादले पूँजीवादी-साम्राज्यवादी खेमाको सैनिक संगठन-नाटोको विस्तार र त्यसमाथि यूरोपेलीहरूको प्रभुत्व स्थापित गर्ने नाममा आफ्नो प्रभुत्व स्थापित गर्ने प्रयत्न गरिरहेको र यूरोपमा आफ्नो प्रभाव क्षेत्र विस्तार गर्न अन्य शक्तिहरूसंग कडा प्रतिस्पर्धा गरिरहेको व्याख्या सबै कार्यपत्र प्रस्तोता कमरेडहरूले गर्नुभयो ।

अमेरिका र जर्मनी संगसंगै साम्राज्यवादी खेमामा आफ्नो नाम दर्ता गरिसकेको जापानी साम्राज्यवादको रणनीतिमाथि पनि त्यहाँ विस्तृत छलफल भयो । जापानकै कमरेडहरूले र पहिले जापानको उपनिवेशभित्र परिसकेको फिलिपिन्सका कमरेडहरूले त्यसको चिरफार गर्नुभयो । **जापानको कम्युनिष्ट पार्टी (CPJ-LefT)** का प्रतिनिधि कमरेडले अमेरिकी सहयोगमा आफूलाई सुदृढ गरिरहेको जापानी एकाधिकार पूँजीवादले अहिले अमेरिकी छत्रछायाँबाट आफूलाई मुक्त गरी, आफूलाई शस्त्रअस्त्रले सुसज्जित गरी एशिया-प्रशान्त क्षेत्रलाई आफ्नो उत्पादन र निर्यातको आधार इलाका बनाइ विश्वव्यापी रूपमा आर्थिक आक्रमणहरू गर्न थालेको विचार प्रस्तुत गर्नुभयो ।

**फिलिपिन्स कम्युनिष्ट पार्टी**का

प्रतिनिधि कमरेडले पनि ती विचारहरूलाई पुनः पुष्टि गर्दै जापानी साम्राज्यवाद पनि अमेरिकी साम्राज्यवाद जस्तै न्यायप्रेमी जनसमूदायको शत्रु हुन थालेको विश्लेषण गर्नुभयो ।

अमेरिका, जर्मनी र जापानको तुलनामा अलिकति पछाडि देखिएको फ्रान्समा विकसित भएको एकाधिकार पूँजीवादको विषयमा फ्रान्सकै **को-अर्डिनेशन कम्युनिष्टे** का **क. रेने लेफोर्टले** कार्यपत्र प्रस्तुत गर्नु भयो ।

**क. रेनेले** १९७० पछि तीब्रतासाथ विकसित भएको फ्रान्सिसी एकाधिकार पूँजीवादले बहुराष्ट्रिय निगमहरूमा ठूलो मात्रामा पूँजीको केन्द्रीकरण गरेको तथ्य उजागर गर्नुभयो । उहाँले फ्रान्सीसी शासकहरूले महाशक्ति राष्ट्र बन्ने सपनासहित परमाणविक परीक्षणको कार्य जारी राखेको, श्रमिकहरूमाथि दमन अभियान चलाएको, अफ्रिकाका १४ वटा आफ्ना पुराना उपनिवेशहरूदेखि लिएर नयाँ नयाँ देशहरूमा आफ्नो प्रभुत्व बढाएको, ८ वटा अफ्रिकी देशमा १० हजारभन्दा बढी सेना तैनाथ गरिराखेको र यूरोपीय समूदायमा आफ्नो प्रभाव विस्तार गर्दै विश्व-बजार कब्जा गर्ने प्रयत्न गरिराखेको कुरामाथि प्रकाश पार्नुभयो ।

१९१७ को समाजवादी क्रान्तिभन्दा अगाडिको साम्राज्यवादी रूसमा ७० वर्षपछि समाजवादको पतन भएपछि येल्तसीनले स्थापना गरेको नग्न पूँजीवाद र यसको विदेश नीतिको विशेष चरित्रसम्बन्धी विवेचना गर्ने काम पनि सो सेमिनारमा भयो ।

रूसको **अल यूनियन बोल्शेभिक कम्युनिष्ट पार्टी**का नेता **डा. अलेक्ज्याण्डर बारिचेभ**ले यस सम्बन्धमा महत्त्वपूर्ण कार्यपत्र प्रस्तुत गर्दै रूसमा पुनः स्थापित पूँजीवादले यूरोप र विश्वमै पार्ने असरका बारेमा खुलस्त पार्नुभयो ।

अमेरिका, जापान, जर्मनी, फ्रान्स र रूसको साम्राज्यवादसम्बन्धी माथि उल्लेखित विचारहरूमाथि यूरोप र अफ्रिकाका कमरेडहरूले टिप्पणी गर्नुभयो । **फ्रन्ट प्याट्रियोटिक रुवाण्डीस, डीकेपी एमएल- डेनमार्क, केपी एमएल-आर**, स्वीडेन र चेकोस्लोभाकियाको **कम्युनिष्ट पार्टी**का प्रतिनिधिले र मालीका **ऊमार मारिको**ले आ-आफ्नो देश र महादेशको सन्दर्भमा एवं विश्वकै सन्दर्भमा साम्राज्यवादका संकट र संघर्ष सम्बन्धी टिप्पणी गर्नुभयो । यस सम्बन्धी सार्वजनिक बहसको थालनी भने भोलिपल्ट अर्थात् मई ४ को दिनमा मात्रै भयो ।

## वर्तमान विश्वमा भइरहेका मूल मूल सशस्त्र झडपहरू

साम्राज्यवादी राष्ट्रहरूले आफ्नो राजनीतिक-आर्थिक स्वार्थ पूर्ति गर्न दुई दुई वटा विश्वयुद्ध मच्चाइसकेका छन् । अहिले पनि तिनीहरूले पूर्व युगोस्लाभियाका विभिन्न गणराज्यहरूदेखि लिएर प्यालेस्टाइन, लेबनान जस्ता मध्यपूर्वका राष्ट्रहरूमा युद्धहरू संचालन गर्दै आइरहेका छन् ।

अमेरिकी साम्राज्यवादको तेलको स्वार्थ र मध्यपूर्वमाथि आफ्नो राजनीतिक वर्चश्व कायम गर्ने उद्देश्य अनुरूप संचालित मध्यपूर्वको युद्धले दशकौं दशक नाघिसकेको छ । उता, जर्मन साम्राज्यवादले अमेरिकी साम्राज्यवादको सहयोग प्राप्त गरी पूर्व युगोस्लाभियाका विभिन्न गणराज्यहरूमा, विशेषतः बोस्निया- हर्जगोभिनामा गृहयुद्ध चर्काइरहेको छ ।

यसै सन्दर्भमा, **बेल्जियम श्रमिक पार्टी**का कमरेड **माइकल कोलिन**ले "युगोस्लाभियामाथि थेसिस" नामक कार्यपत्र प्रस्तुत गर्दै बाल्कन क्षेत्रको यो गृहयुद्धमा जर्मन साम्राज्यवादको भूमिका कस्तो रहँदै आइरहेको छ भन्ने तथ्य उजागर गर्नु भयो ।

अमेरिकी साम्राज्यवादको हतियारको रूपमा कुख्यात विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको आर्थिक उदारीकरणको गलत औषधी खाएकै कारणले ध्वस्त, नष्ट भएको पूर्व युगोस्लाभियामाथि आफ्नो आर्थिक प्रभुत्व कायम गर्नका लागि जर्मन साम्राज्यवाद गृहयुद्ध चर्काउन समेत अलिकति पनि पछि नपरेको विचार उहाँले प्रस्तुत गर्नु भयो ।

आफ्नो साम्राज्यवादी स्वार्थ पूरा गर्न जुनसुकै अनैतिक, अवैधानिक, मानवद्वेषी कार्य पनि गर्ने साम्राज्यवादी खेमाको नायक अमेरिकाको मध्यपूर्व सम्बन्धी 'फुटाऊ र शासन गर' एवं यहूदीवादलाई प्रश्रय दिने नीति र इजरायलको क्षेत्रीय महाशक्ति बन्ने चाहनाको फलस्वरूप प्यालेष्टाइनले भोग्नु परेको पीडा र उनीहरूले गर्नु परेको दशकौंदशक लामो सशस्त्र संघर्षको बारेमा '**डेमोक्रेटिक फ्रन्ट फर दि लिबरेशन अफ प्यालेस्टाइन**' का कमरेड **जादाल्या**ले कार्यपत्र प्रस्तुत गर्नुभयो ।

यी दुई विषयहरूमाथि केन्द्रित हुँदै सिरियाको **कम्युनिष्ट पार्टी (CPS)**, टर्कीको **मार्क्सवादी-लेनिनवादी कम्युनिष्ट पार्टी (MLKP)** र टर्कीको **कुर्दिस्तान श्रमिक पार्टी (PKK)** का कमरेडहरूले आ-आफ्नो विचार सेमिनार समक्ष राख्नु भयो ।

टर्कीको **MLKP** का कमरेडले टर्कीमा भइरहेको वैधानिक र अवैधानिक संघर्षहरूको रूपरेखा प्रस्तुत गर्दै अमेरिकी साम्राज्यवादको मतियार टर्कीको प्रतिक्रियावादी सत्ताविरूद्ध संघर्ष गर्दै जनवादी क्रान्ति सम्पन्न गर्न **MLKP** ले सबै क्रान्तिकारी शक्तिहरूलाई एकीकृत गर्दै गइरहेको जानकारी दिनुभयो ।

साम्राज्यवादद्वारा थोपरिएका युद्धहरू सम्बन्धी विषयमाथि आफ्नो विचारलाई टिप्पणीको रूपमा प्रस्तुत गर्ने क्रममा बाल्कन क्षेत्र र मध्यपूर्वका अरू राष्ट्रहरूका कम्युनिष्ट पार्टिका प्रतिनिधिहरू स्टेजमा गई बोल्न थाल्नु भयो । ग्रीसका **ए. सीनिचिया**, बुल्गेरियाको **कम्युनिष्ट पार्टी (CPB)** र **टर्कीश कम्युष्टि पार्टी -माले (TKP-ML)** का प्रतिनिधिहरू र बेलायत स्थित **एशोसियन अफ इण्डियन कम्युनिष्टका क. हरपाल ब्रर** एवं **पपुलर फ्रन्ट फर दि लिबरेशन अफ प्यालेस्टाइनका क. बलीद सलिम**ले आ-आफ्नो प्रतिक्रिया व्यक्त गर्नुभयो । त्यसपछि यही विषयमा सार्वजनिक अन्तर्क्रियाको लागि बहसलाई खुला गरियो ।

***टर्कीमा संघर्षका सबै रुपहरु (कानूनी, संसदीय र सशस्त्र संघर्षहरु) को उपयोग गर्दै टर्कीश वामपन्थीहरु***

*टर्कीको एक मुख्य शहर इस्ताम्बुलमा मे-दिवस मनाउँदै त्यहाँका श्रमिकहरू*





**भा.क.पा. माले पिपुल्स वार ग्रुपका छापामारहरु**

## साम्राज्यवाद विरोधी संघर्ष र समाजवादको प्रतिरक्षा

सोही दिन साँझ साम्राज्यवादविरोधी संघर्षलाई जनस्तरबाट र सरकारी स्तरबाट संचालन गर्दै आइरहेका कम्युनिष्ट पार्टीहरूले 'साम्राज्यवादविरोधी संघर्ष र समाजवादको प्रतिरक्षा' नामक विषयमा आ-आफ्नो विचार कार्यपत्रमार्फत् प्रस्तुत गर्नुभयो । अमेरिकी साम्राज्यवादको थिचोमिचोमा परिरहेका सत्तासीन कम्युनिष्ट पार्टीहरूमध्ये क्युबा र कोरियाको कम्युनिष्ट पार्टीका प्रतिनिधिहरूको मात्रै त्यहाँ उपस्थिति थियो ।

अमेरिकी साम्राज्यवादका पिट्ठू तानाशाह **बतिस्ता**को शासनलाई उखेलेर सत्तासीन भएको क्यूबाली कम्युनिष्ट पार्टीका प्रतिनिधि कमरेडले आफ्नो पार्टीले निरन्तर तीन दशकभन्दा बढी समयदेखि साम्राज्यवादविरोधी संघर्ष गर्दै आइरहेको कुरा स्मरण गराउनु भयो । उहाँले सोभियतसंघको विघटनपछि अमेरिकी साम्राज्यवादले अनेकौं प्रतिकूलताहरू थपेको, थप नाकाबन्दी र थप आक्रामक कारवाहीहरू थालेको कुरा पनि बताउनु भयो ।

क्यूबाली प्रतिनिधि मण्डलका नेताले भन्नु भयो- 'हामी उदारवादका सामु झुकेनौं, हामीले समाजवादी सिद्धान्तलाई त्यागेनौं । र, हामी देशभित्र र बाहिरका सबै सकारात्मक शक्तिहरूलाई गोलबन्द गर्दै समाजवादको बाटोमा दृढतापूर्वक अघि बढ्दैछौं ।'

बयोवृद्ध तर अत्यन्त उत्साही र फूर्तिला क्यूबाली कमरेडले भन्नुभयो- हाम्रो प्यारो मातृभूमिमाथि कुनै दिन



आउँदो वर्षको मई महिनामा अक्टोबर क्रान्तिको ८० औं वर्षगाँठको उपलक्ष्यमा, संभवतः रुसमै, अक्टोबर समाजवादी क्रान्ति र लेनिन-स्तालिन विषयक विश्वव्यापी सेमिनारको आयोजना गर्ने !

अमेरिकी साम्राज्यवादले आक्रमण पनि गर्न सक्छ, शक्तिको हिसाबले त्यो हामीभन्दा बलियो भएकोले हाम्रो राजधानी कब्जा पनि गर्न सक्छ, तर हामी सम्पूर्ण क्यूबाली जनता त्यस आक्रमणको विरूद्ध दीर्घकालीन जनयुद्ध लड्न तयार छौं ।

त्यस्तै जापानी र अमेरिकी साम्राज्यवादसंग प्रत्यक्ष युद्ध लडेर समाजवादको स्थापना र विकासको लागि संघर्षरत रहेको उत्तर कोरियाको सत्तासीन कोरियाली श्रमिक पार्टी (WPK) का प्रतिनिधि कमरेड किम ह्योंग जुनले आफ्नो पार्टीको दृष्टिकोण प्रस्तुत गर्नुभयो । क. किमले साम्राज्यवादसंग लड्दा-लड्दै आफ्नो देशमा समाजवादको निर्माण गरेको र अहिले दक्षिण कोरियासंगको राष्ट्रिय एकीकरणको बाटोमा बाह्य हस्तक्षेप, विशेष गरी अमेरिकी हस्तक्षेप, भइरहेकोले कोरियाले शान्तिपूर्ण ढंगले राष्ट्रिय एकीकरण गर्न पाउनु पर्ने कुरा राख्नु भयो ।

कोरियाको एकीकरण र समाजवादको निर्माणको संघर्ष राष्ट्रिय मात्र होइन, विश्वव्यापी महत्वको भएको विचार राख्नुहुँदै उहाँले भन्नुभयो- "केही समाजवादी राष्ट्रहरूमा अवसरवादीहरूले पार्टी र राज्यमाथि कब्जा जमाएर क्रान्तिकारी उद्देश्य र कार्य दिशा छाड्ने, समाजवादका उपलब्धीहरूलाई नष्ट गर्ने र समाजवादी विचार र शिक्षाले जनता, कार्यकर्ता र नेतालाई दीक्षित गर्नुको साटो देश, जनता र पार्टीमाथि नै विश्वासघात गरेर समाजवादलाई नै नष्ट गर्ने काम गरे । यसको क्षतिपूर्ति गर्न, साम्राज्यवादी र प्रतिक्रियावादी शक्तिहरूको आक्रमणको प्रतिरोध गर्न र क्रान्तिकारी संघर्षलाई समाजवादको निर्माण, विकास र प्रतिरक्षाको चरणसम्म अगाडि बढाउन क्रान्तिकारी पार्टीहरूबीच स्वतन्त्रता, समानता र भातृत्वको आधारमा अन्तर्राष्ट्रिय ऐक्यवद्धता र एकता कायम गर्न उहाँले जोडदार अपील गर्नुभयो ।

## क्यूबा, कोरिया र टर्कीसम्बन्धी प्रस्तावहरू पारित

सेमिनारको करीब करीब अन्ततिर क्यूबा र उत्तर कोरियाली समाजवादको पक्षपोषण र त्यहाँ अमेरिकी साम्राज्यवादद्वारा लादिएको नाकाबन्दी र युद्धोन्मादी गतिविधिहरूको तीव्र विरोध गर्दै सर्वसम्मतिले महत्वपूर्ण प्रस्तावहरू पारित गरिए ।

पारित प्रस्तावमा क्यूबामाथि विगत ३५ वर्ष अगाडिदेखि अमेरिकी साम्राज्यवादले लगाइआएको आर्थिक नाकाबन्दी र हालै लागू गरिएको हेल्मस् बर्टोन एक्टको विरोध गर्दै संघर्षशील क्यूबाली जनताहरूप्रति ऐक्यवद्धता प्रदर्शन गरिएको छ ।

त्यस्तै उत्तर कोरियासम्बन्धी प्रस्ताव पनि कोरियाको एकीकरणमा भइरहेको बाह्य हस्तक्षेपको विरोध गर्दै कोरियाले शान्तिपूर्ण ढंगले एकीकरण गर्न पाउनु पर्ने, आफ्नो व्यवस्था आफैले छान्न पाउने अधिकारको सम्बन्धमा सर्वसम्मतले पारित भयो ।

त्यसका साथै, मई दिवसको उपलक्ष्यमा चाड मनाउन सडकमा उत्रेका टर्कीका मजदूरहरूमाथि अंकारा सरकारले चलाएको हिंसात्मक दमन, कैयौंको हत्या एवं गिरफ्तारी-अभियानको पनि भर्त्सना गर्दै प्रस्ताव पारित गरियो । यसबाट क्यूबा, कोरिया र टर्कीका संघर्षशील जनताप्रति विश्वव्यापी ऐक्यवद्धता प्रदर्शन भएको देखिन्छ ।

## सहमतिहरू

त्यसपछि सेमिनारको अन्ततिर विश्वका सबैजसो उपस्थित वामपन्थी पार्टीहरूबीच केही साझा समझदारी र सहमतिहरू निर्माण गर्ने काम भयो । यसै क्रममा भएको पहिलो सहमति हो-

❑ विश्व कम्युनिष्ट आन्दोलनसंग सम्बन्धित कुनै पनि विषयमा आवश्यकताअनुसार कुनै पनि किसिमको अन्तर्राष्ट्रिय फोरमहरूको आयोजना गर्ने समझदारी ।

❑ अर्को सहमति हो- आउँदो वर्षको मई महिनामा अक्टोबर क्रान्तिको ८० औं वर्षगाँठको उपलक्ष्यमा, संभवतः रूसमै,. अक्टोबर समाजवादी क्रान्ति र लेनिन-स्तालिन विषयक विश्वव्यापी सेमिनारको आयोजना गर्ने !

सेमिनारका क्रममा सहभागी भएका एशियाली महादेशका कम्युनिष्ट पार्टीहरूका प्रतिनिधिहरूको अलग्ग भेटघाटले आपसी सद्भाव, समझदारी र सहयोगका खातिर क्षेत्रीय स्तरमा एउटा कार्यक्रम गर्ने समझदारी पनि कायम गरेको छ । त्यसको ठाउँ र समय चाहिं तोकिन बाँकी छ । बहुसंख्यक पार्टीहरूले नेपालले त्यो आयोजना गर्नुपर्ने प्रस्ताव राखेका छन् ।

## ब्रसेल्स सेमिनारका उपलब्धिहरू के के हुन् ?

साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय वामपन्थी सेमिनारका उपलब्धिहरूका सम्बन्धमा नेपालको तर्फबाट नेकपा (एमाले) को प्रतिनिधित्व गर्दै सेमिनारमा सहभागी भई फर्कनु भएका क. माधव नेपाल, क. झलनाथ खनाल र क. ईश्वर पोखरेलका प्रतिक्रियाहरू बुझ्दा सेमिनार निकै महत्वपूर्ण, उपलब्धिमूलक रहेको कुरा बताउनु भयो ।

क. ईश्वर पोखरेल भन्नु हुन्छ-

वैचारिक तथा सैद्धान्तिक भिन्नता रहेका कम्युनिष्ट पार्टीहरू एउटै साझा मञ्चमा उपस्थित हुने, विभिन्न सामयिक विषयहरूमा छलफल चलाउने, एकअर्काका धारणाहरू सुन्ने आदि कुराले कम्युनिष्ट आन्दोलन अत्यन्त प्रजातान्त्रिक चरित्र बोकेको आन्दोलनको रूपमा विकसित हुनसक्छ भन्ने कुरालाई देखाएको छ । संसारमा पूँजीवादी शोषण-उत्पीडनको विरोध तथा समाजवादको पक्षपोषण र रक्षा मजदूर वर्गको प्राथमिक र साझा चासो हो भन्ने कुरा देखाएको छ । विभिन्न मुलुकहरूमा चलिरहेको राष्ट्रिय स्वतन्त्रता तथा सामाजिक मुक्ति आन्दोलनप्रति एउटै स्वरमा दृढ समर्थन तथा ऐक्यवद्धता जाहेर भएको छ । विभिन्न देशका विशिष्ट अनुभवहरूलाई बुझ्ने तथा समझदारीको भावनामा समेत अभिवृद्धि गर्ने काम भएको छ । द्वीपक्षीय तथा क्षेत्रीय तहमा वार्ताहरू भएका छन् र साझा सवालहरूमा संयुक्त पहलको आवश्यकता बारे सहमति हुन सकेको छ । एक अर्काको स्थितिलाई बुझन तथा अनुभवहरूको आदन-प्रदान हुन सकेको छ ।

❑ राजेन्द्र महर्जन

*(स्रोत: क. माधव नेपालसंग लिइएको अन्तर्वार्ता, क. झलनाथ खनालको लेख, क. ईश्वर पोखरेलले 'मूल्याङ्कन' का निम्ति उपलब्ध गराउनु भएका विशेष लेखहरु तथा सम्मेलनमा प्रस्तुत विभिन्न देशका कार्यपत्रहरु)*





अमेरिकी साम्राज्यवादको विरोधमा सशस्त्र संघर्ष गरिरहेका जापातिस्टाहरुका नेता कमाण्डर मार्कोस

# के पोलपोट साँच्चै नै मरिसके ?

राजेन्द्र स्थापित



हाल मरे वा मरेका छैनन् भन्ने प्रचार-प्रसार गरिएका वाम नेता पोलपोटः एक रहस्यमयी व्यक्ति


"ढाक्यो, चम्किलो रातो रगत सम्पूर्ण शहरमा
कम्पुचियाको समथर भूमिमा, हाम्रो मातृभूमिमा,
त्यो रगत, जुन किसानहरूको हो, श्रमिकहरूको हो,
त्यो रगत क्रान्तिकारी महिला र पुरूषहरूको हो,
बदलिन्छ अब यो रातो रगत नबदलिने घृणामा"

**यो** *गीत खमेर रूजको राष्ट्रिय गीत हो।*

यो गीत उनीहरूले सर्वप्रथम १७ अप्रिल, १९७५ मा गाएका थिए। र, १७ अप्रिल त्यही दिन थियो, जुन दिन खमेर रूजले राजधानी न्होम पेन्ह कब्जा गरेका थिए, अमेरिकी कठपुतली लोन नोलको सैनिक सरकारलाई पराजित गरी कम्पुचियामा जनवादी शासनको शुरूवात गरेका थिए। पोलपोटको नेतृत्वमा रहेको यो संगठन आज पनि कम्पुचिया (हाल कम्बोडिया) मा संघर्षरत छ र दक्षिण अरान्याफारेट, पश्चिम सिसोफान, सामारोङ्ग, कियट, हुये चान, ना ट्राओ, ओ ट्राओ, सियम रेप, ओडार मेन्ची प्रान्त, बो रोइ, ता लुवान, ट्राट प्रान्त, कामपोत, ताकियो, कोम प्योङ्ग प्यो प्रान्त, न्होम मेलाई जस्ता कम्पुचियाको कूल भू-भागको १८ प्रतिशत भू-भाग कब्जा जमाई बसेको छ।

खमेर रूज (फ्रान्सीसी भाषामा खमेर रूज भन्नाले "लाल खमेरहरू" भन्ने बुझिन्छ) ले त्यहाँ आफ्नै सरकार चलाएका छन्। बैंक खोलेका छन्। बैंकबाट नोट निश्कासन गरी प्रचलनमा ल्याएका छन्।

लाल खमेरहरूले कब्जा गरेका स्थानहरूमध्ये पनि न्होम मेलाई यस्तो स्थान हो, जुन थाइल्याण्डको सीमाक्षेत्रमा पर्छ र यो खमेरहरूको लाल-किल्ला हो। यो खमेर रूजका सबैभन्दा शक्तिशाली नेता तथा कम्पुचियाको प्रथम प्रधानमन्त्री पोलपोट बस्ने सुरक्षित इलाका पनि हो।



## खमेर रुज छापामार-हरुको संघर्ष जारी छ

सन् १९७५ देखि १९७९ अर्थात् खमेर रूजको शासन कालमा प्रधानमन्त्री रहेका पोलपोट सन् १९८१ देखि नै क्षयरोगबाट पीडित थिए। हाल ७१ वर्षको उमेरमा पुगेका पोलपोट आफू बिरामी भएकै कारण सन् १९८५ मा पार्टीका सबै पदबाट मुक्त भएका थिए। तर पनि सन् १९७९ मा भियतनामको सेनाले कम्पुचियामा हस्तक्षेप गर्न थालेपछि अपदस्थ हुन पुगेका उनी सोही सालदेखि भूमिगत हुन पुगेका थिए। सुनिन्छ, पार्टीको सम्पूर्ण पदबाट अवकाश लिए पनि पोलपोट हालसम्ममा पनि पार्टी र पार्टीको सैनिक दस्ताभित्र हावी नै छन्।

तर एकाएक पोलपोट गत जेठ २३ गते (जुन ५) मा मरेको भन्ने खबर प्रकाशनमा आयो। कम्पुचियाको गुप्तचर विभागको हवाला दिँदै ए. एफ. पी. ले सो समाचार प्रकाशनमा ल्याएको थियो। यो खबरले विश्वभरि नै एउटा सन्सनी नै मच्चायो। विरोधीहरूले उनी मरेकोमा खुशी मनाए, उनका विरूद्ध भए-नभएका आरोपहरू लगाएर टीप्पणी र लेखहरू लेखे। तर पछि खमेर रूजको आधिकारिक सूत्रले भने सो समाचारको खण्डन गऱ्यो। यो खण्डनले फेरि एक पल्ट अर्कै खाले सन्सनी फैलाएको छ। यसरी, पोलपोट एकपल्ट पुनः विश्वसामु रहस्यमयी व्यक्ति बन्न पुगेका छन्।

अमेरिका, फ्रान्स, भियतनाम लगायतका कैयौं मुलुकका सेना तथा गुप्तचरहरूले मार्ने षड्यन्त्र गर्दा पनि मार्न नसकेका पोलपोटको जन्म सन् १९२५ मा कोम्पोङ्ग थोमको प्रेक स्माउभ नाउँको गाउँमा भएको थियो। गरीब किसान परिवारमा जन्मिएका पोलपोटको शुरूको नाउँ सालोथ सार थियो। पछि उनको नाउँ तोल साउत र पोलपोर्थ पनि रहे।

शुरूमा बौद्ध धर्मको शिक्षा दिने विद्यालय र पछि प्राविधिक स्कूलमा पठनपाठन गरेका पोलपोट सन् १९४० मै हो चि मिन्हद्वारा नेतृत्व गरिएको फ्रान्स विरोधी सेनामा संलग्न भएका थिए। उनी, सोही वर्ष इन्डो-चिनियाँ कम्युनिष्ट पार्टीमा लागे र १९४६ मा कम्बोडियाको कम्युनिष्ट पार्टीको सदस्य भए। उनले सन् १९५० मा पेरिसमा पढ्न जान पाउने छात्रवृत्ति पाए र इलेक्ट्रीकल इन्जिनीयरिङ्ग पढ्न फ्रान्स गए। तर त्यहाँ पोलपोट वाम राजनीतिमा संलग्न भएको देखेपछि उनलाई फिर्ता पठाइयो र उनी १९५३ मा कम्बोडिया फर्के। कम्बोडियामा शुरूमा उनले पत्रकारिता गरे र उनी स्कूल शिक्षक पनि भए।

सन् १९५४ मा जेनेभामा फ्रान्स-अमेरिका र कम्बोडियाबीच सम्झौता भएपश्चात् उनी सम्झौताको विरोध गर्दै भूमिगत भए । र, सन् १९६३ मा उनी कम्युनिष्ट पार्टीको महासचिव भए । महासचिव भएको लगत्तै उनले छापामार सैनिक दस्ता गठन गरे र १९६४ मा सरकारको विरूद्धमा विद्रोह गरे । त्यस्तै सन् १९६५, ६७, ६८ मा पनि ठूलठूला विद्रोहहरू गरे । तर अमेरिकी कठपुतली जनरल लोन नोलको सेनाले व्यापक दमन गरेको कारण उनी असफल भए । यो दमनको कारण ७० प्रतिशत पोलपोटको सेना मारिए ।

सन् १९७० मा राजकुमार सिंहानुक चीन भ्रमण गैरहेको मौका पारी लोननोलले सत्ता आफ्नो हातमा लिए । राजतन्त्र खतम गरेपछि खमेर रूजले प्रमुख शक्तिको रूपमा रही गृहयुद्ध संचालन गऱ्यो र १९७३ सालमा मुलुकको एक तिहाई भाग र १९७५ मा राजधानी न्होमपेन्हमा कब्जा जमायो । लोननोल इन्डोनेशिया भागेर गए र पोलपोट प्रधानमन्त्री भए ।

पोलपोटको ४४ महिनाको शासन कालमा त्यहाँ कृषि र उद्योग सम्बन्धी थुप्रै सुधारहरू भए । तर, मुलुकमा चलेको लामो गृहयुद्धको कारण, भोकमरी र कुपोषणले पचासौं हजार जनता मरे । हैजा र क्षयरोगको महामारी फैली पचासौं हजार जनता मरे । र, केही मात्रामा सरकारी तवरबाट पनि मरे ।

तर, जब पोलपोटको सरकार सत्ताबाट हट्यो, एकाएक विश्वभरि नै हल्ला फिजाइयो कि- पोलपोट शासनकालमा २० लाख मारिए, ३० लाख मारिए । यो कुरा आज पनि त्यत्तिकै मात्रामा उठाइँदैछ ।

पोलपोट मार्क्सवाद-लेनिनवाद र माओ विचारधाराका कट्टर अनुयायी हुन् । उनी एक जना उग्र कम्युनिष्ट हुन् र, उनी कम्पुचियामा पनि चिनियाँ शैलीको सांस्कृतिक क्रान्ति गर्न चाहन्थे- यसमा विवाद छैन ।

पछि पोलपोटले आफ्नो शासनकालमा भएका उग्रवामपन्थी गल्तीलाई स्वीकारिसकेका पनि छन् । तर ६२ लाख जनसंख्या भएको कम्पुचियाको तात्कालीन स्थितिमा २० लाख वा ३० लाख मान्छे मारिए भनी विरोधीहरूले आज जुन प्रचार गरिरहेछन्, यो प्रचार पोलपोट र खमेर रूजलाई वदनाम गर्ने नियतले गरिएको झूठो प्रचार बाहेक अरू केही हुन सक्नैन । यो प्रचार गलत हो भन्ने कुरा सन् १९८५ को जनगणनामा कम्पुचियाको जनसंख्या ६५ लाख देखिनुले पनि प्रमाणित गर्दछ ।

जहाँसम्म, नर कंकालहरू फेला परे, मशानघाटहरू फेला परे भन्ने प्रचार छ, यो कुरामा पनि कुनै आधार देखिदैन । उनीहरूलाई मारेकै हो र पोलपोट कालमै उनीहरू मारिएका हुन् भन्ने कुरामा पनि कुनै सत्यता छैन ।

कम्पुचियामा भियतनामले पटक पटक आक्रमण गरेका छ र हजारौं, लाखौं संख्यामा कम्पुचियालीहरू मारिएका छन् । सन् १९७० भन्दा अगाडि लेन नोल जनरल भइराख्दा खमेर रूजको करीब ७० प्रतिशत सैनिक मारिएका थिए र उनीहरूलाई मार्न लगाउन अमेरिकाले लोननोललाई असंख्य हतियार र आर्थिक सहायता गरेको थियो ।

सन् १९७० मा लोननोलको शासनकाल शुरू भएयता पनि कम्पुचियामा ५ वर्ष लामो गृहयुद्ध चल्यो, जुन युद्धमा ८ लाखदेखि १४ लाख मान्छे मरेको अनुमान त्यतिबेलै विदेशीहरूले गरेका थिए । त्यसपछि सन् १९७९ मा भियतनामी सेनाको हस्तक्षेपको समयमा पनि यत्ति मान्छे मरेका थिए कि गन्ति गरेर साध्य छैन । कम्पुचियामा सन् १९८० पछि निस्केका कंकालहरू के यी घटनामा मरेका वा मारिएकाहरूको हुन सक्दैनन् ?

**पोलपोट मार्क्सवाद-लेनिनवाद र माओ विचारधाराका कट्टर अनुयायी हुन् । उनले आफ्नो शासनकालमा भएका उग्रवामपन्थी गल्तीलाई स्वीकारिसकेका छन् ।**





**यसरी आ-आफ्नो पाप लुकाउन अमेरिका, फ्रान्स, भियतनाम तथा तात्कालीन सोभियत संघले पोलपोटलाई वदनाम गर्नुसम्म गरे**

*(एक छापामार)*

**अमेरिका, फ्रान्स, भियतनाम लगायतका कैयौं मुलुकका सेना तथा गुप्तचरहरूले मार्ने षड्यन्त्र गर्दा पनि मार्न नसकेका पोलपोट**



भनिन्छ, पोलपोटले सत्ता सम्हालेको भोलिपल्टै सबै बुद्धिजीवीहरूलाई किसान बनाए । जबकि, त्यतिबेलाको तथ्याकले बताउँछ- कम्पुचियाको कूल जनसंख्याको ९६ प्रतिशत त किसान नै छन् ।

यो पनि सुनिन्छ- पोलपोटको आतंकले डराई कम्पुचियालीहरू थाइल्याण्ड पसे रे । के पोलपोटको समयभन्दा अगाडि लोननोलको समयमा र भियतनामले कम्पुचियामा हमला गरी २ लाख सेना त्यहाँ तैनाथ गर्दा कम्पुचियालीहरू कम भागेका थिए ?


निश्चय पनि कम्पुचियामा मान्छे मरेका छन् र पोलपोटकै समयमै पनि मरेका छन् तर तिनीहरू राज्य आतंकले भन्दा पनि त्यतिबेला त्यहाँ फैलिएको हैजा र क्षयरोगको कारण र गृहयुद्धको कारणले मरेका थिए । आर्थिक अवस्था जर्जर बनी समस्याको रूपमा उत्पन्न भएको रोग, भोक र कुपोषणको कारणले लाखौं मानिस मरेका छन् । के त्यतिबेला क्षयरोगको कारण स्वयंम पोलपोट समेत पीडित भएको कुरो गलत हो ?

स्मरणीय छ, सन् १९७७ मा फ्रान्सिसी पत्रिकालाई दिएको अन्तर्वार्तामा पोलपोटले कम्पुचियाको ८० प्रतिशत जनता क्षयरोगबाट पीडित भएको र १० लाख कुपोषणको घेरामा आएको कुरा बताएका थिए । इतिहासमा पोलपोट "वदनाम" भए, तर लोननोल भएन, भियतनामी सरकार भएन ।

किन ?- किनभने, त्यतिबेलाको अन्तर्राष्ट्रिय स्थिति यस्तो थियो कि खमेर रूज चीन समर्थक थियो र भियतनाम एवं सोभियत् संघ थिए- चीन विरोधी । भियतनाम पहिल्यैदेखि कम्पुचिया हडप्न खोज्दै थियो भने सोभियत संघ भियतनामद्वारा कम्पुचियामा हस्तक्षेप गराई दक्षिण एशियातिर आफू अघि बढ्न चाहन्थ्यो । भियतनाम र सोभियत संघको लागि आफ्नो दोष लुकाउने र खमेर रूजको अपराधको कथा सुनाई चीनलाई बदनाम गराउने योभन्दा ठूलो अवसर के नै हुन सक्थ्यो र ?

यही उद्देश्यले खमेर रूज र पोलपोटको विरोधमा विश्वभरि भयंकर प्रचार गरियो । सोभियत संघको र भियतनामको यो प्रचार-युद्धमा अमेरिका र फ्रान्स पनि सामेल भए, किनकि लोननोल अमेरिकी कठपुतली थिए र उनको पालामा पनि लाखौं व्यक्ति मारिएका थिए । यसबाहेक, अमेरिकालाई अर्को एउटा गुण पनि तिर्नु थियो- त्यो के भने, लोन नोलको सरकारलाई यसअघि सोभियत संघले समर्थन गरिदिएको थियो ।

यसरी आ-आफ्नो पाप लुकाउन अमेरिका, फ्रान्स, भियतनाम तथा तात्कालीन सोभियत संघले पोलपोटलाई वदनाम गर्नुसम्म गरे । पोलपोट यसरी वदनाम हुन जानुमा उनको उग्र कम्युनिष्ट विचारधारा पनि जिम्मेवार त छ नै । तर त्यसभन्दा बढी उनी विरोधीहरूको झूठो प्रचारका शिकार भए । ❑




अहिलेकै मूल्य र शर्तमा

# काली गण्डकी "ए" बनाउनु उचित कि अनुचित ?

## पक्ष र विपक्ष दुवैथरीका विचारहरु

खाली १४ प्रतिशत नेपालीले मात्र, त्यो पनि विशेषतः शहरी क्षेत्रका जनताले मात्र, विजुली उपभोग गर्न पाइरहेको हाम्रो देशमा जनताको र देशको विकासको निम्ति विजुली अपरिहार्य आवश्यकताको बस्तु भएको छ । त्यसैले, कुनै पनि नयाँ विद्युत आयोजना बन्नु नेपाल र नेपालीको लागि खुशीको कुरो हो ।

त्यसमाथि थप, बान्है महिना १ सय ४४ मेगावाट विजुली उत्पादन हुने (अरुण तेस्रो रद्द भएपछिको) नेपालको सबैभन्दा ठूलो विद्युत आयोजनाको रुपमा काली गण्डकी "ए" बन्ने निर्णय हुनु सबैको लागि खुशीको कुरो हो ।

"रन अफ द रिभर" किसिमको यो परियोजनामा काली गण्डकी र आँधी खोलाको पाँच सय मिटर तल बाँध बाँधेर ६ कि.मि. लामो सुरुङबाट स्यांग्जा जिल्लाको मनुवा बेलटारी भन्ने ठाउँसम्म पानी लगेर विजुली निकालिने भएको छ । यसबाट निकालिने विजुली पोखरा र बुटवलमा राष्ट्रिय विद्युत प्रसारण ग्रीडसंग जोडिने भएको छ । पाल्पा, कास्की, गुल्मी र रुपन्देही जिल्लालाई यो परियोजनाले ओगट्ने भएको छ ।

गण्डकी बेसीनको लागि तर्जुमा भएको गुरु-योजनाभित्र सबैभन्दा आकर्षक आयोजनाको रुपमा यो परियोजना रहेको ठहर भएपछि २०३९ सालमा यसको शुरु संभाव्यता अध्ययन भएको थियो । २०४९ सालको माघ महिनामा यसको विस्तृत संभाव्यता अध्ययन र त्यसको एक वर्षपछि यसको विस्तृत इंजीनियरिङ्ग डिजाइन समेत भइसकेको छ । विद्युत प्राधिकरण र सरकार मिलेर परियोजना स्थलसम्म २८.५ कि.मि. लामो प्रवेश मार्ग समेत निर्माण गरिसकेका छन, जुन पीच मात्र हुन बाँकी छ ।

यो परियोजनाबाट आजभन्दा चार वर्षपछि, २०५७ सालसम्ममा विजुली उत्पादन गरिसक्ने लक्ष्य राखिएको छ । त्यतिन्जेलसम्ममा जम्माजम्मी खर्च लाग्नेछ- २५ अरब ३६ करोड रुपैयाँ । यो थैलीको ७० प्रतिशत रकम जापान सरकार र एशियाली विकास बैंकले ऋणका रुपमा दिने भएका छन् र बाँकी विद्युत प्राधिकरण र सरकारले व्यहोर्ने योजना छ । यस संबन्धमा ऋणसम्बन्धी अन्तिम संझौता-पत्रमा सही हुन बाँकी छ, तथापि, गोप्य समझदारी-पत्रमा भने सही भइसकेको बुझिएको छ ।

विजुलीको उत्पादन भइसक्दा यसको परल उत्पादन मूल्य प्रति यूनिट

## ❑ नेपाल विद्युत प्राधिकरणका महाप्रबन्धक कीर्तिचन्द ठाकुर संगको अन्तर्वार्ता

## ❑ विचार

## अन्तर्क्रियाको रिपोर्ट इन्जिनियर गिरिश खरेल, पत्रकार राजेन्द्र दाहाल र मानवाधिकारवादी कार्यकर्ता गोपाल सिवाकोटी 'चिन्तन'का विचारहरु



# 'काली गण्डकी "ए" सबैभन्दा सस्तो आयोजना हो'

○ कीर्तिचन्द ठाकुर

रु. २.७४ पर्ने भएको छ र प्रति किलोवाट घण्टा यसको अमेरिकी डलरमा ४.९ सेण्ट मूल्य पर्नेछ । तर नेपाली जनताले भने त्यति खेरसम्ममा प्रति यूनिट विजुलीको औसत रु. ६.३५ तिर्नु पर्ने हुनेछ । काली गण्डकीकै निम्ति प्राप्त ऋण तिर्न पूँजी जुटाउन भने एशियाली विकास बैंकको दवाबमा हालै जेठ १ गतेदेखि विजुलीको महसूलमा सरदर २० प्रतिशत बृद्धि गरिएको छ । यही माघमा थप २० प्रतिशत फेरि बढाउने सरकारको भित्री योजना बनिसकेको थाहा भएको छ ।

काली गण्डकी परियोजनाबाट निकै उत्साहित भएका नेपाली जनतालाई काली गण्डकीको विजुलीको मोल र हालै काली गण्डकीको ऋणको शर्तका रुपमा बढाइएको विजुली महसूलले सातो लिने काम गरेको छ । उनीहरुको टाउकोमा यसले चिसो पानी खन्याइदिएको छ । यही रीतले हो भने विजुली त आउला, तर त्यो जनताले किन्नै नसक्ने मोलमा त आउने होइन ?

के काली गण्डकीको विजुली योभन्दा निकै सस्तोमा निक्लन संभव थिएन ? के त्यस्तो संभव उपाय खोज्न सरकारले पर्याप्त र इमान्दारिपूर्वक मिहेनत त गऱ्यो ? के विजुली महसूल नबढाइकन पनि काली गण्डकी "ए" परियोजना संचालन गर्नु संभव छैन ? के अरुण तेस्रोको जस्तै काली गण्डकीको ऋणमा पनि देश र जनता दुवै डुवाउने खतरनाक शर्त त छैनन् ? यी र यस्ता प्रश्नहरु अहिले प्रत्येक सचेत नेपालीको दिल दिमागमा उठिरहेका छन् ।

यिनै अहं प्रश्नहरुको हल खोज्ने उद्देश्यले हामीले यस पटक काली गण्डकी "ए" लाई बहसको विषय बनाएका छौं । यसका निम्ति काली गण्डकी "ए" जसरी पनि बनाउने भन्ने टुंगोमा पुगेको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक श्री कीर्तिचन्द ठाकुरका विचारलाई हामीले सरकारको तर्फबाट प्रस्तुत गरेका छौं । अर्कोतर्फ- जलविद्युत क्षेत्रमा अध्ययनरत स्वतन्त्र इंजिनीयर गिरीश खरेल, पत्रकार राजेद्र दाहाल र मानव अधिकारवादी कार्यकर्ता तथा इन्हुरेड इण्टरनेशनलका कार्यकारी निर्देशक गेपाल सिवाकोटी चिन्तनले मूल्याङ्कनद्वारा जेठ २४ गते आयोजित एक अन्तर्क्रिया कार्यक्रममा व्यक्त गर्नुभएका विचारहरुलाई हामीले कालीगण्डकी "ए" प्रतिको नेपाली जनताको एक पक्षको आलोचनात्मक विचारका रुपमा पेश गरेका छौं

प्रस्तुत छ- प्राधिकरणका कार्यकारी निर्देशक श्री कीर्तिचन्द ठाकुरसंग लिइएको अन्तर्वार्ताको र बाँकी अन्यसंग भएको अन्तर्क्रिया कार्यक्रमको संक्षिप्त संपादित अंशहरु:

***अहिलेकै मूल्यमा, अहिले जस्तै २० प्रतिशत विद्युत महसूल बढाउँदै र आउँदो माघमा अर्को थप २० प्रतिशत महशूल बढाउँदै काली गण्डकी 'ए' बनाउनु कसरी उचित छ भन्ठान्नु हुन्छ ?***

*-नेपाल विद्युत प्राधिकरणले देशको बढ्दो विद्युतको माग पूर्ति गर्नै पर्छ । त्यसको निम्ति हामीले Least Cost Generation Plan अन्तर्गत सबभन्दा सस्तो आयोजनाको अध्ययन गर्ने गर्छौं । अध्ययनपछि नै हामी कुन वर्षमा कुन आयोजना गर्ने भनेर टुंग्याउँछौं । काली गण्डकी 'ए' हाम्रो अध्ययनबाट निक्लेको सबैभन्दा सस्तो आयोजना हो ।*

*अहिले हामीले निकालेको लागत (४५.२८ करोड अमेरिकी डलर) अनुमानित लागत हो । यो अन्तर्गत भरे हुने मुद्रास्फीति लगायतका सारा खर्चको हिसाब गरिएको छ । त्यसैले, यही लागतमा, अझ यो भन्दा सस्तोमा यो आयोजना बन्न सक्ने विश्वास हाम्रो छ । यति मोलमा यो आयोजना बन्नु महंगो हुँदैन ।*

*जहाँसम्म विद्युत महसूल बृद्धिको कुरा छ, त्यो बढाउनुका मूर्त कारणहरू छन् । सरकारले हामीलाई एउटा व्यापारिक संस्थाको रूपमा सक्षम र आत्मनिर्भर हुन निर्देशन दिएको छ । त्यो निर्देशन पालना गर्नै पऱ्यो । त्यसबाहेक हामीले मर्स्याङ्दीलगायत विभिन्न आयोजना बनाउन विगत वर्षहरूमा विश्व बैंक र एशियाली विकास बैंकहरूसित ऋण लिएका छौं । ती ऋणका शर्तहरू छन् । ती शर्तहरू पावर सेक्टर इफिसियन्सी प्रोजेक्ट र सातौं विद्युत अयोजनामा निर्धारित भएका छन् । ती शर्तहरू अनुसार प्राधिकरणले आफ्ना केही लक्ष्य निर्धारण गर्नै पर्दछ, सक्षम व्यापारिक संस्था हुनका लागि । ती लक्ष्य के हुन् भने, प्राधिकरणको आफ्नो खुद सम्पतिको ६ प्रतिशत सारा खर्च कटाएर लगानी फिर्ता गर्ने लक्ष्य हासिल गर्नै पर्दछ । र, कूल लगानीको ८० प्रतिशत बाह्य लगानी हुन्छ, २० प्रतिशत सरकार र प्राधिकरण मिलेर स्थानीय मुद्रामा लगानी गर्नै पर्दछ । यी दुइटा शर्त छन् । यी शर्त पूरा नभइकन कुनै ऋण पनि आउँदैन ।*

*सरकार र प्राधिकरणले जुटाउनु पर्ने कूल रकममा झण्डै ७० प्रतिशत रकम प्राधिकरण एक्लैले जुटाउनु पर्दछ । र, प्राधिकरणको अर्को कुनै आम्दानीको स्रोत छैन । एउटै आयस्रोत विद्युत महसूल हो । त्यसैले हामीले ती शर्त पूरा गर्न विद्युत महसूल २० प्रतिशतका दरले बढाएका हौं । हामीले भविष्यमा बनाउने आयोजनाको निम्ति रकम जुटाउनुका यसो गरेका हौं । यस्तो नगर्ने हो भने, हामीले आफ्नो भागमा परेको २० प्रतिशत लगानी जुटाउन बाणिज्य बैंकहरूबाट १५ प्रतिशत व्याजदरमा ऋण लिनु पर्ने हुन जान्छ । एक त त्यति पैसा हाम्रो बैंकमा छँदा पनि छैन । छ भने पनि, त्यति व्याजदरमा ऋण लिंदा विजुलीको महसूल अहिलेभन्दा पनि महंगो पर्न जान्छ । त्यसैले भविष्यमा सस्तो र भरपर्दो विजुली प्राप्त गर्नकै निम्ति अहिले हामीले महसूल बढाएका हौं ।*

***अहिले जुन महसूल तपाईंहरुले बढाउनु भयो, त्यो सिधै काली गण्डकी 'ए'***

***बनाउन एशियाली विकास बैंकले राखेको शर्तसंग जोडिएको कदम हो कि होइन ? सत्य कुरो जनतालाई बताइदिन सक्नु होला ?***

*- काली गण्डकीको निम्ति ऋण प्राप्त गर्न एशियाली विकास बैंकसित अहिलेसम्म कुनै सम्झौता नै भएको छैन। सम्झौता नै नभएसम्म यही शर्त छ भन्नु मिल्दैन। काली गण्डकी नै नआए पनि हाम्रो पहिलेका ऋणका शर्त अनुसार हामीले सबै खर्च कटाएर हाम्रो कूल सम्पतिको ६ प्रतिशत त लगानी फिर्ताको लक्ष्य हासिल गर्नै पर्छ। अहिले ३० अरबको सम्पत्ति छ प्राधिकरणमा। त्यसको ६ प्रतिशत भन्नाले एक अरब ८० करोड रूपियाँ हामीले सारा खर्च कटाएर कमाउनु पर्छ। त्यसमाथि थप, हामीले सावाँ, व्याज तिर्ने पैसा पनि जुटाउनै पर्दछ। यी सब जुटाउनका लागि काली गण्डकी नआए पनि हामीले महसूल बढाउनै पर्थ्यो। पुवा, मोदी, चिलिमे, मल्टीफ्युल आदि सबै आयोजनाकै निम्ति पनि यो बढाउनु पर्थ्यो। त्यसैले, ऋण सम्झौता नै नभइकन काली गण्डकीको निम्ति नै यो बढाइएको भन्न मिल्दैन।*

***"भन्न मिल्दैन" भन्नुको मतलब शर्त त छन्, तर गोप्य। जनतालाई अहिले त्यो गोप्यता खोल्नु मिल्दैन भन्न खोज्नु भएको हो ? सम्झौतै नभए पनि काली गण्डकीको बारे*** *Memorandom of Understanding* ***(समझदारी सम्बन्धी स्मृति पत्र) मा त हस्ताक्षर भइसकेको छ रे त ? र शर्तहरु त्यसैमा छन् रे त, हो ?***

*-अहिले विगतमा भएका सम्झौताका शर्तहरू मुताबिक गरिएको हो। महसूल बृद्धि पनि त्यसैअनुरूप गरिएको हो।*

*काली गण्डकी 'ए' का सम्बन्धमा त कुनै पनि सम्झौतामा हस्ताक्षर भएको छैन। कुनै कुरा टुंगो लागेकै छैन।*

***एशियाली विकास बैंकको यही अप्रिलमा आएको काली गण्डकी सम्बन्धी तथ्य अध्ययन टोलीकै दबाबमा महसूल बढाइएको कुरो साँचो होइन ? अनि आउँदो माघमा थप २० प्रतिशत महसूल बढाउने समझदारी उक्त टोलीसंग भइसकेको कुरो साँचो होइन त ?***

*- मैले अघि नै भनिसकें- पहिलेकै सम्झौताका शर्त मुताबिक महसूल बढाइएको हो भनेर। अब यो बढाइएको महसूलबाट २० प्रतिशत लगानी हामीले गर्नुपर्ने र ६ प्रतिशत रकम कूल खर्च कटाएर लगानी फिर्ता हुनु पर्ने शर्त पूरा भयो भने हामीले माघमा महसूल बढाउनै नपर्ने पनि हुन सक्छ। तर कथंकदाचित हामीले त्यति रकम जुटाउन सकेनौं भने या त हामीले स्थानीय वाणिज्य बैंकसित ऋण लिनु पर्ने हुन्छ, या फेरि महसूल नै बढाउनु पर्ने हुन्छ। त्यसैले, भविष्यमा महसूल बढाइँदै बढाइन्न, यो म अहिले भन्न सक्दिनँ। तर हालको लागि हामीले त्यति चाँडै महसूल बढाउनु पर्ला भन्ने विचार गरेका छैनौं।*

***अरुण तेस्रोको लागि भनेर तपाईंहरुले झण्डै-झण्डै ३ सय प्रतिशत मूल्य बृद्धि गर्नु भयो, विगत ३ वर्षमा। अरुण त खारेज भयो, त्यो पैसा त्यहाँ लगाउनु परेन। अहिले त्यो पैसा खोई त ? त्यही पैसा २० प्रतिशत लगानी गर्नु पर्ने शर्त पूरा गर्न खर्च गर्न सकिन्न थियो ?***

*- पहिले हामी वर्षको ४०/५० करोड घाटामा हुने गर्थ्यौं। त्यही महसूल बृद्धिले गर्दा अहिले हामी ७०/८० करोडको नाफामा छौं। यही आर्जन र नाफाले गर्दा प्राधिकरणले अहिले काली गण्डकी आँट्न सकेको हो। पुवाखोला र चिलिमे आयोजनामा हात हाल्न सकेको पनि यही आर्जनले गर्दा हो। पहिले हामी बनिसकेको आयोजनाको मर्मत-सम्भार गर्न सक्दैन थियौं, त्यो अब गर्न सक्ने भएका छौं। लोडसेडिङ्ग हटाउन सकेको पनि त्यसैले गर्दा हो।*

**ध्यान दिनुहोस्**

छिमेकी देशमध्ये विजुलीको औसत महशूल दर कहाँ बेसी छ ?

*प्रति यूनिट/नेपाली रूपियाँमा*

| | |
|---|---|
| भारत | २.५८ |
| पाकिस्तान | २.८० |
| बंगलादेश | ३.२५ |
| श्रीलंका | २.९७ |
| भूटान | ०.६२ |
| **नेपाल** | ४.७६ |

*स्रोत: एशियाली विकास बैंक Electric Utilities Data Book, 1993 र नेपाल विद्युत प्राधिकरण*

***अहिले विज़ुली महसूल नबढाइकनै लगानीको निम्ति रकम जुटाउन थुप्रै विकल्प थिएनन् र ? जस्तो, एउटा अरुणकै निम्ति भनेर बढाइएको बिजुली महसूलको थैली यता लगाएर। अर्को, सरकार, नगरपालिका र विग हाउसहरुसंग बाँकी भएको दुई-तीन अरब बाँकी बक्यौता उठाएर। तेस्रो, विद्युत चुहावट घटाएर। चौथो, आम जनताको बचत, जुन जग्गाको भाउ बढाउन र बैंकको शेयर किन्नतिर आकर्षित भइरहेको छ, त्यो निष्क्रिय पूँजी यतातिर आकर्षित गरेर। पाँचौं, नेपालकै बैंकसित र वित्त कम्पनीसित आन्तरिक ऋण लिएर। के यी विकल्प प्रयोग गर्न सकिन्न थियो ?***

*- बाँकी बक्यौता १५/१६ करोड हो, त्यो पनि विशेषत: नगरपालिकाहरूसित। विग हाउसहरूसित कुनै बाँकी बक्यौता छैन। सरकारसित पनि सरकारी रूग्ण उद्योग बाहेक विशेष बाँकी बक्यौता कहीं पनि छैन र केही पनि छैन। त्यसैले बाँकी बक्यौताबाट दुई-तीन अरब उठ्न सक्ने स्थिति नै छैन। विद्युत चुहावट त हामी घटाउँदै नै छौं। चुहावट २६.४ प्रतिशतबाट अहिले हामीले २५ प्रतिशतमा झारेका छौं। अब २३ प्रतिशतमा झार्ने हाम्रो लक्ष्य छ। त्यसमा १२ प्रतिशत त प्राविधिक चुहावट नै छ। त्यो हामी घटाउन सक्दैनौं। बाँकी गैरप्राविधिक चुहावट मात्र हामी घटाउन सक्छौं। फेरि प्राधिकरण एक्लैले यो कार्य गर्न सक्दैन। सरकार, जनता र सारा पार्टीहरूको सक्रियतामा मात्र यो हुन सम्भव छ।*

*जहाँसम्म आन्तरिक स्रोतबाटै पूँजी जुटाउने भन्ने सवाल छ, त्यसबारे म तपाईलाई एउटा प्रत्यक्ष अनुभव बताइदिन चाहन्छु। त्यो अनुभव आफैले भन्छ- यहाँ आन्तरिक स्रोतबाट पूँजी जुट्न सक्छ कि सक्दैन। हामीले २० मेगावाटको चिलिमे जलविद्युत आयोजना एक अरब साठी करोड रूपैयाँको लागतमा बनाउन लागेका छौं- आफ्नै पूँजी र आफ्नै प्राविधिज्ञ प्रयोग गरेर। त्यसमा ८० करोड रूपैयाँ नेपाली बैंकहरूबाटै ऋण लिएर लगानी गर्ने योजना छ। बैंकहरूसँग दुई-चार वटा मिटिङ्ग भइसकेको छ। त्यो ८० करोड रूपैयाँ जुटाउन नै हामीलाई धौ धौ परिरहेछ। प्रयास जारी छ तर त्यति पैसा हामी बैंकहरूबाट जुटाउन सकौंला कि नसकौंला, अझै विश्वास लागिसकेको छैन। त्यसैले, तपाईंले भखरै बैंकहरूमा अरबौं-अरब रूपैयाँ निष्क्रिय परिराखेको छ भनेर भन्नु भयो, त्यो शायद यस क्षेत्रमा लगानीको निम्ति आकर्षित हुन सक्दैन होला। किनभने, विद्युत क्षेत्रमा जोखिम बढी छ। त्यति आकर्षक र सजिलो छैन- यहाँ पूँजी लगानी गर्नु।*

***काली गण्डकीको विजुली निस्कँदा त्यसको प्रति यूनिट परल उत्पादन मूल्य कति हुनेछ ?***

*- यो खिम्तिको भन्दा त सस्तो नै पर्छ। तर मलाई ठीक ठीक तथ्यांक थाहा छैन, हेर्नु पर्छ। हाम्रो योजना प्रमुख निरंजन कपालीजीले भन्न सक्नु होला।*

***तपाई विद्युत प्राधिकरणको सर्वोच्च पदाधिकारी र नीति निर्माता। विजुलीको मोल नै कति पर्नेछ भन्ने कुरा थाहा छैन भने, तपाईंले कसरी भन्नु भयो त- यो सबैभन्दा सस्तो आयोजना हो भनेर ? कसरी सहमत हुनु भो त योजना थालनी गर्न ? के मूल्य जतिसुकै परोस्, तपाईंलाई त्यसको कुनै सरोकार नै नरहेको हो ?***

*- त्यस्तो होइन, हामीले काली गण्डकी, पुवा, मोदी, चिलिमे, मल्टीफ्यूल सबैलाई जोडेर एक मुष्ट एउटा ग्रुपमा राख्यौं, त्यो बाहेकको अरू आयोजनाहरूलाई अर्को ग्रुपमा राख्यौं। तुलना गर्दा- अर्को ग्रुपको आयोजना महंगो देखियो। काली गण्डकीको विकल्प सबैभन्दा सस्तो देखियो।*

के काली गण्डकीको विजुली योभन्दा निकै सस्तोमा निक्लन संभव थिएन ?

के त्यस्तो संभव उपाय खोज्न सरकारले पर्याप्त र इमान्दारी-पूर्वक मिहेनत त गर्‍यो ?

**अरुण- ३ को लागि झण्डै तेब्बर मूल्य बृद्धि गरियो।**
**अरुण त खारेज भयो। तर त्यो पैसा खोई त ? कहाँ गयो ?**



# 'अहिले पनि अरुण- ३ को विफलताबाट पाठ सिक्ने काम गरिएन'

अन्तर्क्रियाको रिपोर्ट

**श्याम श्रेष्ठः काली गण्डकी "ए" सम्बन्धमा तपाईंहरुले उठाउनु भएका मूल मुद्दा के के हुन् ?**

**गिरीश खरेलः** हामी यहाँ विरोध र समर्थनको कुरा भन्दा पनि यस परियोजनाको लागतलाई मुख्य मुद्दाको रूपमा देखिरहेका छौं । नेपाललाई परियोजना चाहिएको होइन, सस्तो बिजुली चाहिएको हो । काली गण्डकीको बिजुली नेपाल र नेपालीले किन्न सक्ने गरी सस्तो हुन्छ कि हुन्न ? यो परियोजनाको लागत सरकारले अहिले निश्चित गरेभन्दा सस्तो हुनसक्थ्यो कि सक्दैनथ्यो ? सरकारले लागतलाई यथासंभव थोरै पार्न हरसंभव प्रयत्न गर्‍यो कि गरेन ? हाम्रो सरोकारका मुख्य मुद्दा यी हुन् ।

चौध मेगावाटको मोदीखोला जलविद्युत आयोजना डेढ अर्ब रूपैयाँमा बनाउने योजना नेपाल विद्युत प्राधिकरण आफैले राखेको छ । भनेपछि १४४ मेगावाटको काली गण्डकी "ए" बढीमा १५ अर्ब रूपैयाँमा बन्नु पर्ने हो । आर्थिक मानदण्ड (Economic Scale) का कारणले गर्दा जति ठूलो योजना गर्‍यो, त्यति लागत पनि कम हुँदै जानु पर्ने हो । ठूलो योजना गर्नुको मुख्य आकर्षण नै यही हो । ठूलो योजना गर्दा झन् बढी लगानी गर्नु पर्ने हुन्छ भने ठूलो योजनाकै पछि लाग्नु बुद्धिमानी हुँदैन । त्यो हिसाबले यो परियोजना मोदीभन्दा पनि अझै सस्तोमा अर्थात् १२-१३ अर्बमा बन्न सक्नु पर्ने हो । तर यहाँ ठीक उल्टो भएको छ । लाग्नु पर्नेभन्दा १०-१२ अर्ब रूपैयाँ बेसी रकम काली गण्डकीको निम्ति छुट्याइएको छ । हाम्रो प्रश्न हो– यस्तो किन भयो ? किन बेमनासिब ढंगले काली गण्डकीको लागतलाई १०-१२ अर्ब रूपैयाँ महंगो पारियो ?

सरकारको ध्याउन्ना कसरी सकेसम्म सस्तो बिजुली ल्याउने भन्नेतिर हुनु पर्नेमा कसरी ठूलो योजना ल्याउनेतिर बेसी केन्द्रित देखिन्छ, चाहे बिजुलीको मोल जतिसुकै महंगो किन नहोस् । हाम्रो मुख्य आपत्ति यही सवालमा हो । अरूण-३ मा पनि एउटा मूल मुद्दा यही थियो । अरूण-३ त रद्द भयो तर सरकारको पुरानो प्रवृत्ति र दृष्टिकोण रद्द भएको देखिएन । हामीलाई चिन्ता यसैमा छ ।

नेपाल विद्युत प्राधिकरणकै विशेषज्ञहरू आफैं नै सस्तोमा बिजुली

***केका आधारमा सस्तो ? प्रति यूनिट कति पर्ने भयो अर्को ग्रुपको बिजुलीको ? काली गण्डकीको कति पर्ने भो र यो सबैभन्दा सस्तो भयो ?***

*- खाली सामान्य तुलनाको मात्र कुरा हो । तुलना गरी हेर्दा यो विकल्प सबैभन्दा सस्तो देखिएको हो ।*

***भर्खरै हिमालय होटेलमा भएको सार्वजनिक सुनुवाईको क्रममा तपाईंको योजना प्रमुखले यसको किलोवाट घण्टाको ४.९ अमेरिकी सेण्ट पर्छ भन्नु भयो । १ सय ४४ मेगावाटको योजनालाई ४५.२८ करोड डलर पर्छ भन्नु भयो । त्यस अनुसार त यो आयोजनाको बिजुली पनि अरुणको जत्तिकै महंगो पर्न गएन र ?***

*- (हिसाब गरेर) त्यो हिसाबबाट त काली गण्डकीको बिजुलीको प्रति यूनिटको रू. २.७४ पर्न जान्छ । फेरि यो योजनामा बर्षभरि नै र हिउँदको पीक आवरमा पनि, १ सय ४४ मेगावाट बिजुली लगातार आइरहन्छ । खिम्तिको त्यस्तो छैन । त्यसले वर्षामा मात्र ६० मेगावाट बिजुली दिन्छ । हिउँदमा यो २० मेगावाटमा झर्छ । भनेपछि, हिउँदको यो ४० मेगावाटको अभाव कहाँबाट पूर्ति गर्ने त ? यो हिसाबबाट पनि काली गण्डकी सस्तो पर्न जान्छ ।*

***किन तपाईंहरु आयोजनालाई सकेसम्म सस्तो पार्नतिर लाग्नु हुन्न ? किन आफैले सस्तोमा बनाउन सक्ने, आफ्नै पूँजी, ठेकेदार र प्रविधिले आँट्न सक्ने आयोजनामा तपाईंहरुको जोड हुन्न ? विदेशीले गर्ने ठूलै आयोजनामा मात्र किन यति धेरै रुचि छ तपाईंहरुको ? कतै कमिशनको लोभले त काम गरेको छैन यसमा ?***

*- यस्तो होइन, पुवा, मोदी र चिलिमे त सानै र तपाईंले भने जस्तै आयोजना हुन् नि, त्यसमा पनि हामी हात हाल्दैछौं । त्यसैले, आफैंले बनाउन सक्ने साना आयोजनामा हात नहाल्ने भन्ने प्रश्न नै छैन । लागत सस्तो हुनपर्छ, त्यसमा हामी सजग छौं । तर यसो गर्न मेशिन हामीकहाँ नै बन्नु पर्‍यो । दक्ष जनशक्ति हामीकहाँ नै हुनुपर्‍यो । त्यो हामीकहाँ नभएसम्म योजना सस्तो हुनै सक्दैन । हामीकहाँ अहिले भएको भनेको अदक्ष जनशक्ति, ढुंगा, माटो, बालुवा, काठ र हाम्रा केही इन्जिनियरहरू हुन् । त्यसबाहेक, हाम्रो नेपालको योगदान केही नभएकोले योजनाको लागत तुरून्तै घटाउन सक्ने स्थिति छैन । त्यो महंगो हुन्छ नै ।*

*अर्को कुरा, १०/२० मेगावाटको योजना मात्रै छुने हो भने काली गण्डकी जस्तो योजना बनाउन कति वटा योजना छुनु पर्‍यो हामीले ? के यसबाट विजुलीको तीब्र गतिमा बढ्दो माग पूर्ति हुन सक्छ ? कदापि सक्दैन । त्यसैले ३-४ वर्षमा बन्ने, एक्कै चोटि सय-डेढ सय मेगावाट विजुली आउने काली गण्डकी जस्तो आयोजना पनि छुनै पर्छ हामीले ।*

*मुख्य कुरा हामीले आफ्नै राष्ट्रिय क्षमता बढाउँदै लैजानु पर्छ । अनि हामीले आफ्नै बुतामा पनि ठूलो आयोजना बनाउन सक्छौं । अहिले त्यो स्थिति छैन ।*

***शुरुमा तीन वर्षअघि यही काली गण्डकीको लागत ३२ करोड डलर भनिएको थियो । त्यसपछि ३३ करोड डलर र ४० करोड डलर भनियो । अहिले ४५ करोड डलर भनिदैछ । किन यसरी तीब्र गतिमा लागत बढ्दैछ यसको ?***

*- शुरूको लागत सम्भाव्यता अध्ययनपछि गरिएको प्रारम्भिक अनुमान मात्र हो । त्यसपछि पनि डिजाइनमा थुप्रै परिवर्तन गरिन्छन् । ऋणको व्याज, मुद्रास्फीति, नयाँ भौगोलिक परिवर्तनहरू, सुरक्षा र वातावरणसम्बन्धी पक्षमा थप ध्यान दिनु पर्ने स्थितिले पनि मूल्य नै बढाउँछ । यी सब कारणले गर्दा सम्भाव्यता अध्ययन गरेको बेलामा भन्दा पछि अन्तिम निर्णय गर्ने बलासम्ममा लागत मूल्य स्वभावतः बढेको हुन्छ । काली गण्डकीमा पनि यस्तै भएको हो । अरू यसको अन्तिम लागत यही जूनको अन्तसम्ममा तय हुनेछ ।*

● अहिलेकै मूल्य र शर्तमा काली गण्डकी "ए" बनाउनु उचित कि अनुचित ?



*यसरी फूल र दुबोको मालाको थुप्रो गुँथाएर विदेशी दाताहरूलाई सम्मान गर्नुको अर्थ के ?*

निकालेर बेचेर फाइदा गर्न सकिनेमा विश्वस्त छन् । चिलिमे आयोजना यसको ज्वलन्त उदाहरण हो । त्यसमा प्राधिकरणकै कर्मचारीहरूले लगानी गर्न २५ प्रतिशत शेयर छुट्याइएको छ र त्यसबाट काली गण्डकीको तुलनामा दोब्बरभन्दा पनि सस्तो दरमा बिजुली उत्पादन गरिँदैछ । काली गण्डकीमा प्रति युनिट रू. २.७४ उत्पादन लागत पर्ने भएको छ भने चिलिमेमा रू. १.२९ मात्र पर्ने भएकोछ । अब प्रश्न उठ्छ, चिलिमेमा बिजुली जति सस्तो गर्न संभव भयो त्यही कुरा काली गण्डकीमा किन सं भ व भएन ? यी दुई परियोजना बीचको लागतमा किन र कसरी यत्रो आकाश-पातालको अन्तर भयो ? हामीले बुझ्न नसकेको विरोधाभाष यही हो ।

**राजेन्द्र दाहालः** हामीले उठाएको मूल मुद्दा के हो भने शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी हरेक कुरामा सरकारले यति सालसम्ममा यति लक्ष्य हासिल गर्ने भन्ने स्पष्ट योजना राखेको छ र केही हदसम्म ती लक्ष्यहरू हासिल पनि भएका छन् । तर त्यस्तै स्पष्ट लक्ष्य विद्युत उत्पादनको क्षेत्रमा खोई ? हामीले विद्युत उत्पादन गर्न थालेको ८५ वर्ष भयो । चीनभन्दा पनि १ वर्ष पहिले हामीले नेपालमा बिद्युत उत्पादन शुरू गरेका हौं । तर चीन अहिले बिद्युत उत्पादनमा कहाँ पुगिसक्यो, हामी चाहिं कहाँ छौं ? यस्तो किन भयो ? अहिले फगत १४ प्रतिशत नेपालीले बिजुली प्राप्त गरेको स्थितिमा नेपाल पिल्सिरहेछ । यसबाट छर्लङ्गै देखिएको छ कि नेपालको विद्युत नीतिमा गम्भीर त्रुटि छ । हाम्रो चिन्ता यही त्रुटिमा केन्द्रित छ । तसर्थ नेपालमा सबै नेपालीले बिजुली पाउने कहिले ? हामीले उठाएको एउटा मूल मुद्दा यही हो ।

एउटा आयोजना र अर्को आयोजना बीचको लागत थोरै-थोरै फरक त हुन्छ नै । तर नेपालमा भने एउटा र अर्को आयोजनाको लागतमा आकाश-पातालको फरक हुने गर्छ । पूवा खोला आयोजनाको उत्पादन लागत प्रति यूनिट रू. १.६२ छ । चिलिमेको रू. १.२९ छ । मोदीको रू. १.९६ छ । तर काली गण्डकीको भने रू. २.७४ पर्ने भएको छ । चिलिमे र काली गण्डकीको बिजुली उत्पादनको लागतका बीच दोब्बरभन्दा पनि बेसी अन्तर देखिएको छ । यो अन्तर कसरी हुन्छ ? र किन हुन्छ ? हामीले उठाएको मुद्दा यो हो ।

बिजुली उत्पादनको न्यूनतम् र अधिकतम् लागतको एउटा हद अथवा एउटा मिलन बिन्दू त तोकिनु पर्‍यो नि ! यति लागतभन्दा महँगो परियोजना नबनाउने भन्ने किटान हुनुपर्‍यो नि ! चिलिमे आयोजना २.३ अमेरिकी सेन्टमा र कालीगण्डकी आयोजना ४.९ सेन्टमा किन बनाउने ? त्यसको जवाफ त हुनुपर्‍यो नि ! तर सरकार र विद्युत प्राधिकरणसित त्यस्तो हद तोक्ने कुनै सोच नै देखिन्न । यस्तो देखिन्छ उनीहरूलाई बिजुलीको मोलको कुनै पर्वाह छैन । सिर्फ योजना भए पुग्छ । हाम्रो आपत्ति यसैमा हो ।

टेलिफोनको महशूल बढेर सबै कुराको भाऊ बढ्दैन । तर बिजुलीको भाऊ बढ्यो भने सारा वस्तुहरू महँगा हुन्छन् । भारतीय उद्योगबाट पैदा भएका वस्तुहरूसित नेपाली वस्तुहरूले प्रतिष्पर्धा नै गर्न नसक्ने गरी नेपाली वस्तुहरू महँगो पर्न जान्छन् । त्यो स्थितिमा के नेपाली उद्योग-धन्दाहरू डुब्दैनन् ? यसको असर कृषि क्षेत्रलाई पनि प्रत्यक्ष रूपमा पर्छ । बिजुलीको चर्को भाऊका कारणले नेपाली कोल्ड स्टोरेजहरूमा नेपालीहरूले आफ्नो कृषि उत्पादन राख्न नसकेर भारतीय सीमा क्षेत्रमा जानु पर्ने स्थिति छ । सर्लाहीको गोलभेंडा गोरखपुरको कोल्ड स्टोरेजमा राख्नु पर्ने स्थिति छ । त्यसैले काली गण्डकीको बिजुलीको लागत घटाउन कति मेहनत गरियो ? र यसबाट निक्लने बिजुली छिमेकी देशहरूको तुलनामा प्रतिस्पर्धात्मक भयो कि भएन र जनताले

## कसले कति लगानी गर्दैछ काली गण्डकी "ए" मा ?

| | रकम | प्रतिशत |
|---|---|---|
| नेपाल सरकार | रू. १८४ करोड | ७.२ |
| नेपाल विद्युत प्राधिकरण | रू. ५६० करोड | २२.२ |
| एशियाली विकास बैंक | रू. ८९६ करोड | ३५.३ |
| संयुक्त लगानीकर्ता | रू. ८९६ करोड | ३५.३ |
| **जम्मा** | **रु. २५ अरब ३६ करोड** | |

*स्रोतः नेपाल विद्युत प्राधिकरण, जेठ २०५३*

त्यो किन्न सक्छन् कि सक्दैनन् ? मुख्य मुद्दा यो हो ।

**गोपाल सिवाकोटी चिन्तनः** काली गण्डकी "ए" बन्नु हुन्न भन्ने पूर्वाग्रह हामीसित छैन, र वातावरण वा सामाजिक प्रभाव यसको मूल मुद्दा पनि होइन । आयोजना सस्तोमा बन्नु पर्‍यो र ऋण लिने नाममा विदेशीहरूको दासत्व र विकासका नाममा नव-उपनिवेश स्वीकार गर्नु भएन भन्ने कुरा नै हामीले उठाएको मूल मुद्दा हो । अरूण-३ मा पनि यिनै मुद्दाहरू मूलभूत रूपमा उठेका थिए । तथापि अहिले पनि अरूण-३ को विफलताबाट पाठ सिक्ने काम गरिएन । सरकार तिनै गल्तीहरू गर्दैछ जो अरूण-३ मा भएका थिए ।

हामीले उठाएको मुद्दालाई ऋणदाताहरूको पूर्वशर्तको रूपमा लादिएको विद्युत महशूल बृद्धिले अरू गम्भीर बनाइदिएको छ । यही पूर्वशर्तको आधारमा जेठ १ गतेदेखि २० प्रतिशत बिजुली महशूल बढिसक्यो, र थप २० प्रतिशत अरू बढ्दैछ । त्यसपछि पनि बर्षेनी कम्तिमा पनि १० प्रतिशतका दरले महशूल बढ्ने कुरा थाहा भएको छ । यो महशूल बृद्धिले देशको अर्थतन्त्र र नेपाली जनताको ढाड भाँच्ने काम गर्दैछ । नेपाली जनताले यो महशूल बृद्धि र यसबाट पर्ने असरलाई कसरी धान्लान् ? यसबाट उनीहरूको जीवनस्तर कति तल झर्नेछ ? कति धेरै नेपाली उद्योगहरू छिमेकी देशका उद्योगसंग प्रतिस्पर्धा गर्न नसकेर ढल्नेछन् ? हाम्रो चिन्ताका मूल मुद्दाहरू यिनै हुन् । तर दुःखको कुरा यी मुद्दाहरूबाट पन्छिन तथा जागरूक जनमतका आँखामा छारो हाल्न सरकार आफै नै काली गण्डकीका "विरोधीहरू" खोजीखोजी तयार गर्ने काममा कस्सिएर लागेको छ ।

**श्याम श्रेष्ठः काली गण्डकी आयोजना यो भन्दा सस्तोमा कसरी बन्न सक्छ त ?**

**राजेन्द्र दाहालः** हाम्रै प्राविधिज्ञ र परामर्शदाताहरू, हाम्रै ठेकेदारहरू, हाम्रै सिमेन्ट र छडहरू साथै बढी भन्दा बढी नेपाली लगानीलाई प्रोत्साहन गर्ने हो भने काली गण्डकीको लागत निक्कै घट्न सक्छ । आँधिखोला र झिमरूकबाट निस्केको बिजुली यसको प्रत्यक्ष उदाहरण हो । अब बन्न लागेका चिलिमे र मोदी पनि यसका टड्कारा उदाहरणहरू हुन् ।

बाहिरका विश्वविद्यालयमा उच्च स्थान प्राप्त गरेका प्राविधिज्ञहरूको हामीकहाँ कुनै कमी छैन । विश्व बैंक स्वयमले अरू देशको निम्ति विशेषज्ञहरू छान्दा नेपाली इञ्जिनियरहरू पनि छान्नुले यो कुरो प्रष्टै देखाएको छ । जस्तो नामै लिने हो भने डा. जनकलाल कर्माचार्य र

**के बिजुली महसूल नबढाइकन पनि काली गण्डकी "ए" परियोजना संचालन गर्नु संभव छैन ? के अरुण तेस्रोको जस्तै काली गण्डकीको ऋणमा पनि देश र जनता दुवै डुबाउने खतरनाक शर्त त छैनन् ?**

डा. निरञ्जन कपाली यस कोटिमा पर्छन् । अन्य देशका लागि विशेषज्ञ हुन सक्ने यस्ता अरू पनि नेपाली इञ्जिनियरहरू नेपालकै आयोजनामा चाहिँ किन विशेषज्ञ हुन सक्दैनन् ? नेपाल विद्युत प्राधिकरणमा नीति-निर्णय गर्ने स्वायत्तता हुने हो भने प्राधिकरण स्वयम् काली गण्डकीको भन्दा आधा मोलमा विद्युत निकाल्न सक्षम छ । यो कुरो मोदी, पुवा खोला र चिलिमे आयोजनाबाट राम्ररी छर्लङ्ग भएको छ । चिलिमेका हकमा विद्युत प्राधिकरणका कर्मचारीहरू स्वयमले २५ प्रतिशत शेयर हाल्ने भएका छन् । सस्तो र बिकाऊ बिजुली निक्लन संभव भएकोले नै उनीहरू यसरी लगानी गर्न हौसिएका हुन् । यही कुरा काली गण्डकी लगायत अरू आयोजनामा किन हुन सक्दैन ?

लागत बढ्नुको मुख्य कारण विदेशीको सहायता, समर्थन र संलग्नतामा प्रोजेक्ट ल्याउने मानसिकता हो । यसको निम्ति यहाँको एउटा प्रभावशाली वर्ग जिम्मेवार छ, जो कमिशन रकमको लागि मात्र आयोजना चाहन्छ । विदेशी प्रोजेक्टमा काम गर्ने प्राविधिज्ञ र परामर्शदाताहरूको भन्दा आधा तलब र सुविधा मात्र पनि नेपाली प्रोजेक्टमा काम गर्ने स्वदेशी प्राविधिज्ञ र परामर्शदाताहरूले पाउने हो भने उनीहरू आफ्नो सबै बुद्धि र बर्कत लगाएर काम गर्न निक्कै उत्साहित हुन्थे । र, त्यसमा लाग्ने खर्च पनि आधा घट्थ्यो ।

**गिरीश खरेलः** जलविद्युत भनेको नेपालीले गर्न सक्ने कुरा होइन, सबै कुरा बाहिरबाट ल्याएरै गर्नु पर्छ भन्ने मानसिकता नै बिजुली महँगो हुनुको मुख्य कारण हो । यो मानसिकता हटाएर नेपाली श्रोत, साधन र सीपको अधिकतम् प्रयोग गर्न थाल्ने हो भने सस्तो बिजुली स्वतः निस्कन्छ ।

जुन देशमा जुन कुरा प्रचुर मात्रामा हुन्छ त्यसको विशेषज्ञता पनि त्यही देशमा हुनु पर्ने हो । अरू देशहरूमा यस्तै हुन्छ । तर हामीकहाँ भएन । **"न्याय नपाए गोर्खा जानु"** भनेजस्तै **"जलविद्युत विशेषज्ञ नपाए नेपाल जानु"** भन्ने हुनु पर्ने । तर भएन । बिजुली महँगो हुनुको कारण यही हो ।

सस्तो बिजुली निकाल्ने हो भने बिजुली उत्पादनलाई उद्योगको रूपमा लिइनु पर्छ । जसरी उद्योगबाट सस्तो र राम्रो सामान उत्पादन भयो भने त्यसले बजारमा प्रतिस्पर्धा गर्न सक्छ त्यसरी नै बिजुली पनि सस्तो भयो भने मात्रै त्यो बिकाऊ र लाभदायक हुन सक्छ ।

सस्तोमा बिजुली निकाल्न विद्युत क्षेत्रमा प्राधिकरणको एकाधिकारको अन्त गर्नु पर्छ । प्राधिकरण बाहेक अरू पनि विद्युत निकाल्न सक्षम छन् र उनीहरूलाई त्यसरी सक्षम बनाउनु पनि पर्छ । सरकारले कति मूल्य सम्ममा उत्पादित बिजुली किन्ने हो त्यसको ग्यारेण्टी गरिदिनु पर्छ तथा निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहित गर्नु पर्छ । स्वस्थ प्रतिस्पर्धा भयो भने बिजुलीको मोल अहिलेभन्दा धेरै घट्न सक्छ ।

**गोपाल सिवाकोटी चिन्तनः** आयोजनाको लागि ऋण लिनेदेखि लिएर संचालन गर्दासम्मको कमिशन रोक्ने प्रयत्न गरियो तथा मन्त्री र राजनीतिज्ञ भनाउँदाहरूले गर्ने मनपरी र ब्रम्हलूटबाट आयोजनालाई बचाउन सकियो भने धेरै लागत घट्छ । विदेशी विशेषज्ञ, विदेशी पूँजी र विदेशी निर्माण सामग्रीलाई सकेसम्म कम प्रयोग गर्न सकियो भने काली गण्डकी "ए" को लागत १५ अर्बभन्दा थोरै पार्न सकिन्छ । त्यस्तै विदेशी विशेषज्ञ र परामर्शदाताहरूलाई दिइने पारिश्रमिक र सुविधाले नै योजनाको लागतमा धेरै बृद्धि हुन्छ । यो खर्चलाई न्यूनतम् पार्न सकेको खण्डमा मात्र पनि आयोजनाको लागतमा धेरै फरक पर्छ ।

## एशियाली विकास बैंकको ऋणको शर्त अनुसार कुन सालमा बिजुलीको औसत महशूल कति तिर्नु पर्नेछ ?

*प्रति यूनिट/नेपाली रूपियाँमा*

| २०५३ | २०५४ | २०५५ | २०५६ | २०५७ | २०५८ | २०५९ | २०६० |
|---|---|---|---|---|---|---|---|
| ४.७६ | ५.७१ | ५.८१ | ५.८१ | ६.३५ | ६.३५ | ७.६८ | ९.१० |

स्रोतः नेपाल विद्युत प्राधिकरण

"A Report on System Planning Studies and Investment Program, April 1996

**प्राधिकरणको खर्चमा को कति विदेश जान्छन्, कति मानिसले तलब खान्छन् र के काम गर्छन्, कति महँगा गाडीहरू कहाँ छन् – कुनै कुराको व्यवस्थित लेखा छैन**

**श्याम श्रेष्ठः तपाईंहरूले विद्युत महशूल बृद्धि गर्ने कुराको त जोडदार विरोध गर्नु भयो । के विद्युत महशूल नबढाइकन काली गण्डकी "ए" बनाउन संभव छ ? संभव छ भने कसरी ?**

**राजेन्द्र दाहालः** पहिलो कुरो के भने अरूण-३ का लागि भनेर जुन विद्युत महशूल बढाइयो त्यसबाट ३-४ अर्ब रूपैयाँ जम्मा भएको हुनु पर्दछ । त्यो रकम गयो कहाँ ? काली गण्डकीमा लगानीको लागि त्यही रकम प्रयोग गर्न सकिएको खण्डमा विद्युत महशूल बढाउने कुनै जरूरत नै हुने थिएन कि ? सरकारलाई तिर्नु पर्नेभन्दा पचासौं करोड बढी रकम अर्थ मन्त्रालयले अग्रिम रूपमा प्राधिकरणबाट लिइसकेको छ । त्यो रकम मात्रै प्राधिकरणले निसंकोच लगानी गर्न पाएको भए विद्युत महशूल नबढाइकन नै काली गण्डकीका लागि श्रोत जुट्न सक्थ्यो कि ?

अरूण-३ को बिजुली ३८०० अमेरिकी डलर प्रति किलोवाटमा उत्पादन गर्ने लक्ष्य अनुसार कुन सालमा कति विद्युत महशूल बढाउने भन्ने तालिका निर्धारण गरिएको थियो । तर अरूण-३ त खारेज भइसकेको छ । त्यसको ठाउँमा करीब प्रति किलोवाट ३००० अमेरिकी डलरभन्दा कममा काली गण्डकी "ए" बन्दैछ । यस्तो भएपछि काली गण्डकीमा लाग्ने सीमान्त लागत स्वतः घट्छ । त्यो घटे अनुसार विद्युत महशूल दर पनि स्वतः घट्नु पर्ने हो । तर यसको विपरीत अहिले अरूण-३ कै मापदण्डका आधारमा निर्धारित भएको दिर्घकालिन सीमान्त लागत (Long-Range Marginal Cost-LRMC) अनुसार विद्युत महशूल बढाइएको छ । यसो गर्न कसरी मिल्छ ? यो सवाल विद्युत महशूल निर्धारण आयोगले नेपाल विद्युत प्राधिकरणसमक्ष उठाइसकेको छ । प्राधिकरणले यो विसंगतिलाई स्वीकार पनि गरेको छ । तर सीमान्त लागतकाबारेमा अध्ययन गर्दै गरूँला, बिजुली महशूल चाहिँ बढाइहालौं भन्ने ध्येयले हचुवामै प्राधिकरणले महशूल बढाउने निर्णय गरेकोछ । यो त आम उपभोक्तामाथि ठाडै ठगी भएन र ? तसर्थ महशूल



*अन्तर्क्रिया कार्यक्रमका सहभागीहरू: गोपाल शिवाकोटी 'चिन्तन', गिरिश खरेल र राजेन्द्र दाहाल*




# झुक्दै नझुक्ने पहाडको छोरो

# रतनलाल ब्राम्हण अर्थात् माइला बाजे

— मोहन पी. दाहाल —

माइला बाजे नामले चर्चित रतनलाल ब्राम्हणले दार्जिलिङ्ग इलाकामा कसरी कम्युनिष्ट आन्दोलनको शुरूवात गरे ? प्रस्तुत छ- नेपालको कम्युनिष्ट आन्दोलनको शुरूवातमा सहयोगीको भूमिका खेलेका उनै माइला बाजेको जीवनकथाको प्रथम अंश -

र रतनलाल ब्राम्हण उनको शिष्ट नाम। दौंतरी र परिचितहरूमा रतनलाल बाजेका नामले चिनिन्थे। तर 'माइला बाजे' भनेपछि प्रख्यात। 'बाजे उनको छोटो सजिलो नाम। पार्टीका कमरेडहरूका निम्ति विशेष प्रिय। गाउँले र साना-ठूला सबैका निम्ति नितान्त घरेलु।

बाजेले बीशौं शताब्दीसंगै संसारमा खुट्टा टेके। जीवनभर दार्जीलिङको चिसेनी पाखा-पखेरालाई तताए। पहाडी कुइरोमा अन्धधुन्ध भएका मानिसका निम्ति सर्वप्रथम रातो राँको बाले। पहाड, तराई र मधेश तीनै खण्डमा सक्रिय रहे। मुक्तिपथ चिनाए। र, नब्बे टेकेपछि संसारबाट बिदा लिए। बाजे थिए, भारतवर्षमा कम्युनिष्ट पार्टीका प्रथम सशक्त नेपाली प्रहरी। 'ट्रेड युनियन' आन्दोलनका विशिष्ट नेता। ब्रिटिश शासनका घोर विरोधी। स्वतन्त्रताका उपासक। एक संग्रामी सेनानी, उनले संग्रामलाई नै जीवनको व्रत ठाने। तर आफ्नो कामले राजनैतिक क्षेत्रका कट्टर प्रतिद्वन्द्वीहरूका निम्ति पनि व्यक्तिगत र सामाजिक क्षेत्रमा श्रद्धाका पात्र बने। इमान्दारीता र कर्तव्यनिष्ठताका 'मोडेल' बने। सिद्धान्त र मान्यताका इस्पात।

बालकैमा टुहुरा भएका बाजेलाई आफन्तहरूले पनि लखेटेका थिए। स्कूल पढ्न कहिल्यै जुरेन। भान्से काम गरे; नेपाल पसेर सुबेदार भए; दार्जीलिङ म्युनिसिप्यालिटीको चौकीदार भए; गाई पाले; गोठालो भए; दूध बेचे; पेटी-ठेकेदारीको काम गरे; खसी, सुँगुर, हाँस, कुखुरा पाले; बेपार गरे; दोस्रो विश्वयुद्धमा पत्रु बेचे; गाडी सिकेर ड्राइभर भए। बालककाल अभावमै बित्यो, युवाकाल सामाजिक कार्यमा।

सत्र वर्षको उमेरदेखि सामाजिक काममा ओर्ले। दार्जीलिङमा तिनताक बेवारिस लाश नत्थुले कुकुरलाई झैं घसार्दै लान्थ्यो। झन् साना जातको लाश त कसैले छुनै नमान्ने- जात जान्छ भनेर। बाजेका युवा साथीहरूमाझ सल्लाह भयो। बाजे र जीतु मन्सी तातिए। दुवै अग्ला काँध मिल्ने। यता तिनीहरूले सानो जातको लाश बोकेर मुर्दाहट्टी पुऱ्याए। उता पण्डित गोष्ठीले तिनीहरूको जात काडेछन्। बजारमा पोस्टर टाँसिएछ। त्यसबेला गुमेको जात पैसा दिएर किन्न सकिन्थ्यो। उकास्न सकिन्थ्यो। पुरोहित-बाहुनहरू त्यो बिजिनेस गर्थे। मदिशे डण्ठा हातमा लिएर बाजे चोक बजारमा गर्जे- 'कल्ले जात काड्यो ? पुरोहित समूह काम्यो। त्यही पोष्टरमुन्तिर लेख्न लाए- 'हाम्रो जात काडियो अरे तर हामीले चलायौं।' कोही चाइँचुइँ गरेनन्। युवकहरूको अनुहार उज्यालो भयो। पुरोहितहरूको चाउरियो।

बाजेका हूलमा जोशिला युवकहरू थिए। तिनीहरूको मुख्य काम थियो- बिमारी स्याहार्नु, बेवारिस र सानो जातको लाश मुर्दाहट्टी पुऱ्याउनु डण्ठाको भरमा जात फर्काउनु अनि अन्यायीलाई बातले भए बातले नभए हात र लातले समेत ठीक पार्नु। बाजेको बलबुता र साहस देखेर साथीहरूले उनैलाई आफ्नो अगुवा बनाए। सल्लाह गर्ने अड्डा थियो मालगोदाम छेउको बाजेको ग्यारेज। 'गोर्खा दुःख निवारक सम्मेलन'- को बिजारोपण त्यही ग्यारेजमा भएको थियो। त्यसताका दार्जिलिङमा डी.एस.पी. थिए लेडेनला। प्रचण्डका मान्छे। उनको जगजगी थियो। वर्तमान गोर्खा दुःख निवारक सम्मेलनको मुनिल्लो तलामा उनले 'चिल्ड्रेन हल' खोलेका थिए। नाटक हुन्थ्यो। त्यही हलमा सभा गरेर बाजेको हूलले बत्तीस सालमा 'गोर्खा दुःख निवारक सम्मेलन' स्थापित गऱ्यो। त्यो खबर लेडेनलाकोमा पुग्यो। संस्था-संगठन भनेपछि तिनको कन्सिरी तात्थ्यो। संस्थामा राजनीति सुँध्थे। संगठन गर्नेलाई घरैमा बोलाएर हुट्याउँथे। बाजेको हुललाई पनि बोलाहट भयो। कोही नजाने भए तर बाजे अघि सरे। साथीहरूले नजाने सल्लाह दिए। 'वार कि पार, जान्छु' उनी तम्सिए। "फायर ब्रिगेडको माथ्लो तलामा बस्थे लेडेनला। लुकाएर दुइटा चुप्पी बोकेको थिएँ। हात लाग्यो भने च रोपिदिन्छु। जे होला देखाजाएगा" भित्र पसे। बाजेलाई लेडेनलाले, लेडेनलालाई बाजेले हेरे- दुई वटा साँढेझैं। 'तिमारूले कुन्नि के संस्था दुःख निवारक बनायो अरे। सरकारमा एकदम नराम्रो पऱ्यो' पड्केर बोले लेडेनला। 'के नराम्रो ? सरकारकै काम त गर्दैछौं। बिमारीलाई अस्पताल पुऱ्याउनु, स्याहार्नु; बेवारिस लाश मुर्दाहट्टी पुऱ्याउनु अप्ठ्यारो परेकोलाई सघाउनु' छाती फुकाएर बोले बाजे। लेडेनला हच्के। तुरुन्त सम्झौता गरे- 'ए, त्यसो पो ! अच्छा, राम्रो राम्रो।' चिया खुवाए। राम्रो कुराकानी गरेर पठाए। बाहिर निस्केको त साथीहरू छक्क। 'त्यसपछि अड्डा जम्यो चिल्ड्रेन हलमै। नाटक हुन्थ्यो। मलाई पनि कहिले बुद्ध, कहिले अर्जुन बनाउँथे।"

तिनताक छक्कापञ्जा नबुझ्ने

**'खबरदार ! बाजेलाई हात लाउलास्' -भोटे बस्तीका छिमेकीहरू कराए । दर्शकको एक ठूलो अंशले ग्राउण्डमा पसेर मौरीको रानोलाई छोपेझैं छोपेर बाजेलाई कता पुऱ्याए कता । पुलिस ट्वाल्ल परे ।**

पहाडका चेलीबेटीहरूमाथि कतिपय व्यभिचारीहरूको कुदृष्टि थियो । धेरैलाई मधेश पुऱ्याउँथे । उतै बेचिदिन्थे । बाजेको हूलले त्यस्ताको धुलाई गर्थ्यो । 'बाजे, कैंया राजाले एउटी चेलीलाई रेलमा हालेर लग्यो' सूचना पाए । उनको मुठ्ठी कस्सियो । गाडी लिएर हावाजस्तै शिलगढीतिर हानिए । रेल सुनदह स्टेशनमा अडिएको रहेछ । फर्स्ट क्लासबाट कैंया राजालाई तानेर प्लेटफार्ममै नराम्रो घतले कुटे । 'केस' भयो तर स्टेशन मास्टरले जोगाइदिए । बाजे प्रायः प्रत्येक दिन त्यस्ता १५/२० वटा 'केस' टाउकामा बोकेर कचहरी धाउँथे ।

६ फीट अग्ला, गहुँगोरा, छिटा-छरिता, कसिला, हँसिला बाजे बजारमा हिंड्दा टाढैबाट अलग्ग चिनिने । श्यालको बथानमा सिंहझैं । उनका बल्दा आँखामा आँखा जुधाएर हेर्न हम्मेसी नसकिने । साहसका खानी । डर भन्ने कुन चराको नाम हो उनलाई थाहा थिएन । त्यसैले मान्छे बाजेसंग डराउँथे ।

सानैदेखि अन्याय पटक्क सहन नसक्ने लेबोङको हक्की म्याचमा अन्याय गर्ने टोम्मी (गोरा सिपाही) लाई ग्राउण्डमा पसी उसकै हक्की-ब्याट् खोसेर पड्काए । बाजेलाई गोरा पुलिसहरूले लखेटे । 'खबरदार ! बाजेलाई हात लाउलास्' -भोटे बस्तीका छिमेकीहरू कराए । दर्शकको एक ठूलो अंशले ग्राउण्डमा पसेर मौरीको रानोलाई छोपेझैं छोपेर बाजेलाई कता पुऱ्याए कता । पुलिस ट्वाल्ल परे । त्यसताक दार्जिलिङमा टोम्मीहरूको चकचकी थियो । ड्राइभर बाजे बजारदेखि लेबोङ खेप्थे । दुई जना टोम्मीलाई लेबोङ छाउनीमा पुऱ्याएर भाडा माग्दा ती रन्किए । बाजेलाई हात लाए । उनको पनि कन्सिरी तातियो । हेण्डल निकालेर दुवैको सप्पै करङ गने ।

बाजे जातभात वा जातिभेदका घोर विरोधी, पूजाआजा नमान्ने कट्टर नास्तिक । देउतालाई बगमफुस भन्थे । धर्मका ठेकेदारलाई पाखण्डी । १७ वर्षको उमेरमै वंशका सदस्यहरूको मुटु खाने कुलदेउताको थान पत्रु किन्नेलाई बेचिदिए । 'वेदमा बाबुलाई देउता र आमालाई देवी भनिएको छ । बाचुन्जेल तिनीहरूकै पूजा गर्नु, सेवा गर्नु । मरेपछि स्वाँग नपार्नू' -उनको उपदेश । धर्मलाई प्राचीन ऐन भन्थे । देउता खोज्न सानैमा गया, काशी, पशुपति, (काठमाडौं) सम्म पुगे । हात लाग्यो शुन्य । देउताको नाममा ठगी, चोरी, लूट र अन्याय देखे । धर्मको नाममा गरीबलाई चुसेको देखे । तर बुद्ध र जिसस्लाई बाजे श्रद्धा गर्थे । तिनीहरूको कर्मको गुन गाउँथे । ऋषिवादको टुप्पी अँठ्याउने महादेवलाई श्याबासी दिन्थे । तर कृष्णका भने कट्टर आलोचक । कटाक्ष गर्दै भन्थे- "महाभारतको युद्धमा सबैभन्दा ठूलो 'भिलियन' कृष्ण हो ।' कौरव र पाण्डवलाई कुरूक्षेत्रमा जुझाएर भारतवर्षका हजारौ बीरहरूलाई, लाखौं योद्धाहरूलाई सखाप पार्ने कृष्णको खोइरो खन्थे । उनको भनाइमा युद्ध विरोधी मनोभाव झल्किन्थ्यो ।

बाजे अन्धविश्वासका विरोधी । भन्थे- "झाँक्रीहरूसंग म निक्कै डुलें । तिनीहरूको चालबाजी सप्पै जान्दछु ।" एकपल्ट निकै झोक्किएर बाजेलाई हिर्काउन आउँदै गरेको गोरा लील साहेब हेर्दा-हेर्दै कक्कक परेर ढल्यो । 'बाजेले भेद्यो, बाजेले भेद्यो !' मान्छेहरूले कानेखुशी गरे । भोलि बिहानै लील साहेबका बेरा-बबर्ची र चौकीदारहरू खसीको फिला र घिउ लिएर आई बाजेलाई गोहारे- "लौ प्रभु, छोडिदिनु पऱ्यो । साहेबले बिरायो । एकपल्टलाई माफ दिनु पऱ्यो ।" बाजे मनमनै हाँसे । ठट्यौला स्वभावका थिए, रिसाए जस्तो गरी भनिदिए- "बिगार्नु मात्तै सक्छु, फर्काउनु चाहिं सक्तिनँ ।" ती हस्रक्क परेर फर्के । उता लील साहेबले पैताला पल्टायो । मान्छे डराए । बाजे त जण्डा झाँक्री रहेछ- हल्लै चल्यो । पछि साथीहरूले सोद्धा भन्थे- 'जण्डा न सण्डा, 'ब्लड प्रेशर' थियो होला विचरालाई ।' दार्जीलिङका पादरहरू र बाजेको ग्रह ठ्याम्मै नमिल्ने । पादरीहरूका कट्टर आलोचक थिए उनी । त्यसैले बाजेको नाम सुन्नासाथ पादरीहरूको ब्रम्हाण्ड तातिएर आउँथ्यो ।

महात्मा गान्धीले दार्जीलिङ आउँदा चोकबजारको सभामा भनेका थिए- 'जाँड रक्सी र जुवा-जारीदेखि जोगिनू, एक हनू'- त्यही उपदेशका निम्ति माइला बाजेले गान्धी बाजेलाई गुरू थापे । खाने काममा उनी रौसिलो मिजाजका थिए । 'खूब खाओ, खूब खिलाओ' सिद्धान्तका अनुयायी । तर लुगा फेरि फेरि ढर्रा पार्नेका निम्ति भने साह्रै टर्रा ।

१९३४ मा ठूलो भुइँचालो गएकै साल बाजेले बिहे गरे । बिहेको कुराकानी चलेको मात्र थियो साथीहरू हर्षले उफ्रिन थाले । कराउन थाले- 'करेगा, करेगा ।' बाजेको गोजीमा भने केवल ५२/- रूपियाँ थियो । बेहुलीको घर कचहरीबाट केही बाटो घोडामा, केही बाटो रिक्सामा, केही बाटो डण्डीमा र केही बाटो गाडीमा दुलही लिएर सिंहमारी फर्के बाजे । जन्ती थिए रिक्सावाल, डण्डीवाल, ड्राइभर, कुल्लीहरू र आफ्ना हुलका साथीहरू । तिनीहरू आफू-आफूले खसी ल्याएर काटे । भतेर खाए । रमाए, उफ्रे, नाचे । बाजेको ५२/- रूपियाँ बिहे सकिएपछि पनि गोजीमा चोखै रहेछ ।



**४३ वर्षे प्रौढ बाजे कम्युनिष्ट भए । दार्जीलिङ जिल्लामा कम्युनिष्ट आन्दोलनका प्रणेता । 'म पार्टीको पोथा पढेर हैन, काम र अभिज्ञताले कमनिष्ट भएको हुँ ।"**

संसारमा दोस्रो विश्वयुद्धको हाहाकार थियो । त्यस्तैमा त्रिचालीस सालको महाअनिकाल आयो । बंगालमा । दार्जीलिङका नाफाखोर साहु-महाजनहरूले गोदाम भरेर ताला लगाए । बजारमा अन्न, नून-तेल गायब ! हुनेखानेहरूले सक्दो कुम्ल्याइहाले । साधारण जनताको रूपियाँ-पैसामा ढुँडी पर्न थाल्यो । जंगलका गिठ्ठा-भ्याकुर सकिए । सिस्नो, सिमरायो, निगुरोधरि पाउन छाडियो । गरीबहरूको सेप्टो सुक्यो । निम्न मध्यमवर्गका आत्तिए । महाजनहरूले गोहीको आँसु झारे । होइन, केही त गर्नै पर्छ- बाजे तम्सिए । अझ मिल्ने साथीहरू बटुले । पचहत्तर जनाको हूल तयार भयो । सबैले आफ्नो रगतले हस्ताक्षर गरी चोकबजारमा पोस्टर टाँसे "जबसम्म साहू-महाजनहरूको गोदाममा अन्न छ तबसम्म खान नपाएर न हामी मर्छौं, न पब्लिकलाई मर्न दिन्छौं ।" साहु-महाजनहरूको सातो गयो । 'ठीक दाममा बेच, होइन भने गोदाम फोर्छौं- बाजे जंगिए । नाफाखोरहरू लल्याक-लुलुक भए । नमान्नेहरूको गोदाम फोरेर जनतालाई बिनापैसा अन्न-तेल बाँडे । जोरी खोज्न आउनेहरूलाई पाहा जस्तो पछारे । भिड्न आउनेहरूको नकुण्डो खेले । मुख चलाउनेहरूले बाजेको जोर-नारीको मुक्का चाखे । 'त्यो समय नै त्यस्तो थियो; बातले नमानेपछि हात र लात चलाउनै पर्ने ।" त्यस महाअनिकालमा बंगालमा खान नपाएर पचास लाख मान्छे मरे । दार्जीलिङमा एउटा मुसो पनि मरेन । बाजे एकातिर जनताको आँखाका तारा भए । अर्कातिर पुलिस र प्रशासनको आँखाको छारो भए ।

त्यही साल । बाल्यकालदेखि भोगेर परेर संसार चिनेका अनुभवी ४३ वर्षे प्रौढ बाजे कम्युनिष्ट भए । दार्जीलिङ जिल्लामा कम्युनिष्ट आन्दोलनका प्रणेता । 'म पार्टीको पोथा पढेर हैन, काम र अभिज्ञताले कमनिष्ट भएको हुँ ।" त्यस बेला उनी उग्र स्वभावका थिए । जंगी चरित्रका थिए । विद्रोही थिए । एउटा जीउँदो ज्वालामुखी थिए । कम्युनिष्ट पार्टीले उनलाई मार्गदर्शन गऱ्यो; अनुशासित तुल्यायो । १९४६ साल । चुनाउ आयो । दार्जीलिङ जिल्ला चियाकमान मजदूर युनियनका संस्थापक सभापति थिए बाजे । पार्टीले 'लेबर सीट' मा उनैलाई खडा गरायो । कमानका म्यानेजरहरूको थुक सुक्यो । गोरा म्यानेजरहरूलाई त उनको नामदेखि एलर्जी थियो । "खबरदार, बाजे कमान पस्ला !" चौकीदारहरूलाई सतर्क गराए । कुल्लीहरूलाई सभामा जानू मनाही थियो । "युनियनमा पस्यौ भने रासन बन्द गरिदिन्छु, हट्टाबाहर गरिदिन्छु, ढाड सोझ्याउँछु, छाला काढ्छु" म्यानेजरहरू गर्जिन्थे । कमानलाई बाबुको बिर्ता र

कुल्लीहरूलाई मान्छे होइन, चिम्पाजी ठान्थे । तिनीहरूले छाता ओढ्न नपाउने, घुम ओढ्नु पर्ने । जुत्ता लगाएर साहेबको अघि देखा पर्नु नहुने । साहेब आउँदैछ भने हतार-हतार जुत्ता खोलेर लुकाउनु पर्ने । घोडा चढ्न पट-निषेध । साहेब आउँदै गरेको बाटामा उभिन नहुने । बाटामुन्तिर ओर्लेर उँधोमुन्टो गरी 'जदौ जदौ' गर्नुपर्ने । तर माइला बाजेलाई कमान पस्नदेखि रोक्ने कल्ले ? उनका साथी-संगीहरू पनि जण्डाजण्डा थिए । अन्यायी म्यानेजरहरूको ढाडमा रण्डा लगाएर आऊ भन्दा पनि तुरून्तै जाने खाल्का । कमानका नागबेली बाटाहरूमा बाहिरियाहरूलाई खुट्टा टेक्न निषेध थियो । बाजे जिल्ला बोर्डको बाटो भएर कमरेडहरूसहित कमान पसे । पहिलोपल्ट कुल्लीहरूले लाल झण्डा देखे । तिनीहरूको मुक्तिपताका । बन्दुक बोकी सुरिएर आएको साहेब बाजेलाई देखेर झस्क्यो । चौकीदारहरू अरकच्च परे । गोरा म्यानेजरको नाकैअघि बाजेले भाषण दिए । कमानका कुल्लीहरूको पीर-मर्का छामे । म्यानेजरहरूको धतुरो झारे । तिनीहरूलाई कमानको 'हेड चोकीदार'- सम्म भने । कुल्लीहरूले थपडी बजाए । म्यानेजर मुखमा बुझो खाँद्रेर फर्क्यो । फोन गरेछ बजारको थानामा । दरोगा पुलिस हुल लिएर आइपुग्यो । कुल्लीहरू कोही आत्तिए, कोही तातिए । तर पुलिसले बाजेलाई छुने आँट गरेन । म्यानेजरको नूरै गिऱ्यो ।

बाजे तिनताक दार्जीलिङमा 'रबिन हुड' का नामले प्रसिद्ध थिए । कमान-कमान सेतो टाँगन घोडामा कुद्थे । यो कमानेदेखि त्यो कमान, वल्लो डाँडादेखि पल्लो डाँडा मिलिक्क पुग्थे । मानिसहरू भन्थे- 'बाजे बाइपंखी घोडामा उड्छन् ।' चुनाउ प्रचार गर्न उनी चिया कमानका माझ-माझमा झलक्क देखा पर्थे । म्यानेजरको मुटु दुख्थ्यो । मजदूरका आँखा हाँस्थे । कमान-कमानमा गीत गुञ्जियो-

**हट्टाबहार साहेबको जुलुम नाश गराउनलाई**
**माइला बाजे खडा भए भोट देऊ अब उनैलाई ।**

बाजे कमान पसे कि बिताए ! ह न के जादू छ तिनमा ! मजदूरहरूले त देउतै ठान्छन् नि त ! वास्तवमा उनले मजदूरहरूलाई झुकेर होइन मान्छेजस्तो शिर खडा गरी बाँच्ने मन्त्र दिए । आफ्नो अधिकार मागेर नपाए खोसेर लिन सिकाए । अन्याय, अत्याचार र अनाचारको विरूद्ध संगठित भई लड्न सिकाए । मजदूरहरूले पनि म्यानेजरको घुस थापेनन् । धमास्-धम्कीले डराएनन् । छक्का-पञ्जामा अल्मलिएनन् र बाजेलाई जिताए । बंगाल धारासभाका एम.एल.ए. बनाए । गोरा म्यानेजरहरूलाई सहिनसक्नु भयो । मुर्मुरिए, दाह्रा किटे । मजदूरहरूले भने मनपेट पाउँ । युनियन झन् दह्रो भयो ।

त्यही साल । खुकुरी भिरी, दौरा-सुरूवाल र बिर्के टोपी लाएर कलकत्ता एसेम्बली पुगे । साथमा थिए ज्योति बसु । दुई साथी- बंगालको लाल ज्योति । पहाडका राता-पिरा, झरिला, अग्ला बाजेका छेउमा साना काँटका चौध वर्ष कान्छा बसु छोराझै देखिन्थे । एसेम्बली भवनको फाटकमै पुलिस अफिसरसंग तँ-तँ र म-म भैगयो । "सानै काँटका भए पनि ज्योति बाबू साह्रै कडा मान्छे। मुठे जुंघा भएको अफिसरलाई एक झाँपट कसे ।" अफिसरको तालु तात्यो । दिइहाल्यो बसुलाई मुंग्रे हातले । लागेको भए खुत्रुक्कै हुने । बाजेले ठ्याप्प राके अनि झिलिक्क बिजुली चम्केजस्तो भयो । उनको हातमा त सिरूपाते खुकुरी । अफिसरको सातो गयो । होहल्ला हुन लाग्यो । दुवै कम्युनिष्ट एम.एल.ए. एसेम्बलीमा पसे । खुकुरी भित्र ल्याएकोमा तर्कातर्की पऱ्यो । "खुकुरी हाम्रो संस्कृतिको चिनो"- बाजेको तर्क थियो । तर नेपालका राणा शासक र भारतका ब्रिटिश शासकमाझ एउटा सम्झौता भएको रहेछ- ब्रिटिश इण्डियामा नेपालीहरूले खुकुरी बोक्न पाउँछन् भन्ने । बाजे छाँगाबाट खसे । मनमा ठूलो चोट लाग्यो । दार्जीलिङ फर्किनासाथ चोक बजारको सभामा गर्जे- "म आफूखुशी खुकुरी भिर्थें, धर्मको चिनो ठानेर । हाम्रो संस्कृतिको चिनो ठानेर । भुत्रो हुन्थ्यो । दासत्व र दलाली गरेको चिनो रहेछ । ब्रिटिशको दलाली गरेको चिनो । नेपालका राणा शासनको दलाली गरेको चिनो । तिनारूले भिर्न पाउँछस् भन्दा भिर्न पाउने ! पाउँदैनस् भन्दा भिर्न नपाउने ! यो दासत्व नभएर के हो त ? दलाली नभए के हो त ? दार्जीलिङका जनता साक्षी छौं । आजदेखि खुकुरी कहिल्यै भिर्दिनँ । मेरो प्रतिज्ञा छ ।" उनको प्रतिज्ञा हुन्थ्यो भीष्मप्रतीज्ञा । त्यसपछि बाँचुन्जेल खुकुरी भिरेनन् त्यस्ता जब्बर थिए बाजे ।

❑

**(बाँकी आगामी अंकमा)**

साभार: *"झुक्दै नझुक्ने पहाडको छोरो"*, मुक्ति प्रकाशन


**WHY DO WE RECOMMEND MUKTESWOR PVC PIPE FOR SOIL, WASTE AND RAIN WATER DRAINAGE SYSTEM, AND ELECTRIC CONDUIT PIPE TO YOUR BUILDINGS, IRRIGATION AND DRINKING WATER SUPPLY TO YOUR PROJECT etc. ???**

- ECONOMY
- HIGH FLOW RATE
- ELEGANT LOOKING
- FIRM JOINING
- LIGHT WEIGHT
- IMPACT RESISTANT
- HIGH STANDARDS
- STABLE UP TO 60C
- CHEMICAL RESISTANT
- STRONG AND DURABLE-OVER 50 YEARS LIFE
- EXTREMELY EASY TO INSTALL
- NO WAITING TIME REQUIRED FOR JOINTS
- FIT AND MATCH WITH PVC FITTINGS
- AVAILABLE SIZE FROM 1/2" TO 8" DIAMETER
- PRESSURE CAPACITY 2.5 KG/CM2 TO 10KG/CM2

*FOR DETAILS ASK TO YOUR LOCAL HARDWARE SHOP OR CONTACT:*

**MUKTESWOR PIPE INDUSTRIES PVT. LTD.**

HEAD OFFICE:-
TEL : 420773
FAX : 977-1-420773
PUTALISADAK, KATHMANDU
FACTORY:- TEL.: 290697,
THANKOT, KATHMANDU



# वैचारिक संकीर्णता नै अहिलेको मूल समस्या हो

**हालै नेकपा (मसाल) र मसालसंग नजिक रहेको सांस्कृतिक संगठन छोड्नु भएका कलाकार जीवन शर्मासंगको कुराकानी**

**सामना परिवार, रामेश, रायन आदि र अन्य सबै प्रगतिशील कला व्यक्तित्वहरु र संगठनहरु मिलेर एउटा प्रवल एकीकृत सांस्कृतिक धाराको सृजना गर्नु यहाँ एकदमै जरुरी छ।**

❑ **तपाईंहरुले नेकपा (मसाल) किन छोड्नु भयो ?**

- हामीले नेकपा (मसाल) भित्र सांस्कृतिक कामहरूलाई बढी रचनात्मक र फराकिलो पारेर लैजान लामो समयसम्म संघर्ष गऱ्यौं। तर पार्टीले हाम्रो मर्मलाई गम्भीरतापूर्वक बुझिदिएन। पार्टी कुनै जड खालको मानसिकताले ग्रस्त भइरह्यो। सांगठनिक, वैचारिक एवं सृजनाका क्षेत्रमा पनि पार्टी एकदमै संकीर्ण भइरह्यो। विभिन्न घटनाक्रम र सामाजिक परिवेशलाई हेर्ने दृष्टिकोण पनि एकदमै एकांगी भएको हामीले पायौं।

यसले गर्दा सांस्कृतिक आन्दोलन एकदमैसंग प्रभावित भएको हामीलाई लाग्यो। त्यसैले हामीले पार्टी छोड्यौं। नेपालको लागि हाल जरूरी रचनात्मक र फराकिलो प्रगतिशील सांस्कृतिक आन्दोलन नेकपा (मसाल) को साँघुरो सोच र धारणाबाट संभव छैन भन्ने हामीलाई लागेको छ। त्यसैले, छोड्नै पर्ने थियो, समयमै छोड्यौं।

❑ **जडता वा संकुचितता नेकपा (मसाल) मा रहेको भनी तपाईंले जुन भन्नु भयो, त्यो भनेको के हो ?**

- हामी अरू प्रगतिशील सांस्कृतिक समूहका साथीहरूसंग समेत मिलेर राष्ट्रिय स्तरमै हलचल ल्याउने सांस्कृतिक काम गर्न चाहन्थ्यौं। यसका निम्ति हामीले पार्टीसंग प्रस्ताव पनि राख्यौं। तर यसलाई पार्टीले सुनेन, बेवास्ता र हिच्किचाहट देखायो। 'ठूली' को क्यासेट निकाल्न समेत हामीले ठूलै संघर्ष गर्नुपऱ्यो। रक्तिम-गीतिमाला भाग १ र २ क्यासेट निकाल्न सानो आर्थिक सहयोग जुटाउन पनि साथीहरूले गाह्रो मान्नु भयो।

यस्ता थुप्रै उदाहरणहरू छन्, जसले यो जडता र संकुचितताको पुष्टि गर्छन्। जम्मामा के हो भने- पार्टीले सांस्कृतिक क्षेत्रको महत्त्वलाई गहिरिएर हेर्ने काम नै गरिदिएन।

❑ **छोडेपछि तपाईंहरु अहिले नेकपा (मसाल) लाई कसरी हेरिरहनु भएको छ त ?**

- हामी उहाँहरूलाई अत्यन्तै सम्मान गर्छौं। सामन्तवाद र साम्राज्यवादका विरूद्ध उहाँहरूको संघर्षमा हाम्रो ऐक्यवद्धता रही नै रहने छ। बरू उहाँहरूद्वारा हामीप्रति पार्टी छोडेको कारण कतिपय दुःखलाग्दा व्यवहार पनि हुने गरेका छन्। तर हामी भने उहाँहरूलाई उहाँहरूको योगदानको हदसम्म अत्यन्त आदर नै गर्छौं, गरिरहने छौं। तर हामी के कुरा पनि प्रष्ट पार्न चाहन्छौं भने, नेकपा (मसाल) ले आफूबाट त्यो जडता र संकीर्णता हटाएन भने चाहिं उहाँहरूले "कुटीमा बसेर सुन्दर भविष्यको आशा गरेसरह" हुनेछ।

❑ **अरु वामपन्थी पार्टीहरुप्रतिको तपाईंको धारणा नि !**

- हामी आफू के कसरी अघि बढ्ने भन्ने सवालमा सोचिरहेका, छलफल गरिरहेका छौं। त्यसैले, अहिले हामी नेकपा (माओवादी) देखि लिएर नेकपा (एमाले) सम्मका वामपार्टीहरूलाई समदूरीमा राखेर काम गरिरहेका छौं।

❑ **तत्कालै तपाईंहरु कुनै नयाँ पार्टी बनाउने वा अरु कुनै पार्टीमा जाने तयारी पनि गरिरहनु भएको छ कि ?**

-तत्कालै यस्तो कुनै पार्टी बनाउने वा कुनै भइरहेको पार्टीमा जाने हाम्रो योजना छैन। कसरी अघि बढ्ने भन्ने बारेमा नेकपा (मसाल) कै कतिपय साथीहरू र अन्य व्यक्ति एवं संगठनहरूसंग पनि हाम्रो छलफल र अन्तर्क्रिया जारी छ।

❑ **नेकपा (मसाल) नजिकै रहेर अर्को 'रक्तिम' समूहकै नामको सांस्कृतिक परिवार पनि बनेको पाइयो। यसप्रति तपाईंहरुको धारणा कस्तो रहनेछ ?**

-उहाँहरू र अन्य प्रगतिशील सांस्कृतिक समूहहरूसंग पनि हाम्रो हार्दिक मित्रता रहनेछ। हामी एउटै संगठनमा रहेर एकसाथ अघि बढ्न सकेनौं भन्दैमा साथीहरूलाई 'नराम्रो' दृष्टिले हेर्न चाहँदैनौं।

'रक्तिम' को केन्द्रीय समितिका बहुमत सदस्यहरू पनि हामीसंगै हुनुभएको र यो औपचारिक रूपले हाम्रो नाममा दर्ता समेत भएको संगठन भएकोले साथीहरूले 'रक्तिम' नाम नै प्रयोग गर्नु व्यवहारिक र वैधानिक दुवै हिसावले उचित नहोला कि भन्ने चाहिं मलाई लाग्छ नै। कलाकारहरू पनि प्रायः सबै हामीतिरै हुनुभएकोले त्यसको औचित्य पनि नरहेको मलाई लाग्छ।

❑ **नेपालका सबै प्रगतिशील कलासमूहहरु संगै रहेर साझा काम गर्न संभव छैन ?**

-संभव छ, संभावना खोज्नु पनि पर्छ भन्ने हामीलाई लाग्छ। सामना परिवार, रामेश, रायन आदि र अन्य सबै प्रगतिशील कला व्यक्तित्वहरू र संगठनहरू मिलेर एउटा प्रवल एकीकृत सांस्कृतिक धाराको सृजना गर्नु यहाँ एकदमै जरूरी छ। यस निम्ति व्यापक गृहकार्य गर्न थाल्नु पर्छ भन्ने मलाई लाग्छ।

❑ **तपाईंहरुले जुन कुरा नेकपा (मसाल) मा पाउनु भएन, त्यो कुरा यसबाहिर पाउने ग्यारेण्टी के ? कतै तपाईंहरु अराजकतावादको शिकार त हुनुहुन्न ?**


- हो, हामीले जस्तै गरी संगठन छोडेर बाहिर रहनेहरूले आफूलाई वैचारिक-सैद्धान्तिक प्रतिवद्धताले बाँध्न सकेनन् भने अराजकतावादको शिकार हुने सभावना ज्यादा रहन्छ। यसप्रति हामी चिन्तित छौं र गम्भीर पनि छौं।

हामी मसालका र अन्य क्षेत्रका साथीहरूसंग पनि चालु हाम्रो छलफलबाट कुनै निश्चित बाटो खोज्ने क्रममा नै छौं। 'रक्तिम' लाई सैद्धान्तिक र दार्शनिक सवालमा बाटो देखाउने गरी विशेष कमिटीको निर्माण गर्नु परेमा त्यसो गरेरै पनि हामी यो समस्या हल गर्नेछौं। जे कुराहरूको कमी मसालमा थियो, त्यो कमीबाट मुक्त हुन अरू कुनै उपाय जरूरी भएमा र संभेमा हामी त्यो उपाय पनि अपनाउने छौं।

❑ **अहिले नेपालमा प्रगतिशील सांस्कृतिक क्षेत्रको मूल समस्या के हो ?**

- वैचारिक संकीर्णता नै अहिलेको मूल समस्या हो। गुटगत संकुचितताबाट माथि उठेर यहाँ काम हुन पाएन। पार्टी र गुटहरूले सांस्कृतिक क्षेत्रलाई मोटा मोटा राजनीतिक काममा वा आर्थिक उपार्जनको काममा मात्र प्रयोग गरे। देश विदेशलाई प्रभाव पार्ने स्वतन्त्र सांस्कृतिक भूमिकाको बारेमा पार्टीहरूले सोच्दैनन् भने कलाकर्मीहरू आफैले सोच्नु पनि जरूरी हुँदोरहेछ।❑


कृष्ण




कोकोनट मन्चिज बिस्कुट

कृष्ण बिस्कुट कम्पनी प्रा.लि.( कृष्ण पाउरोटी चोक ) काठमाडौं

# बिडम्बना

● इस्माली

साउनलाई सार्थक बनाउँदै सात दिनदेखि यावत मुद्रा प्रदर्शन गर्दै परिरहेको झरी गए बेलुकी बल्ल-तल्ल थामिएको थियो र आकाश उघ्रिन खोजेको थियो तर उघ्रिसकेको थिएन । आज भदौरे संक्रान्तिका दिन पनि आकाशमा फाट्ट-फुट्ट बादलहरू थिए नै र सम्भवतः त्यसैले सूर्य पहिलो पटक ससुराली गए झैं गाज्रो मानी मानी झुल्किदै थियो । टोलको इनारमा भीड बिहानैदेखि बढ्दै थियो । कोही नुहाउँदै थिए त कोही लुगा पखाल्दै थिए अनि कोही गाग्रा भर्दै थिए । पानी नचल्ने जातका दुई-तीन जना आइमाई अलग्गै उभिएर पालो पर्खंदै थिए । तिनै पर्खालुहरूको भीडमा थपिई गाउँवाली । अनि कान छुट्टिन लागेको र डढेर ऊ जस्तै कालै भएको सिलाबारे तसला इनारको घाट वरतिरै राख्दै बोली, "बिचरी पर्सावाली त गइछ !"

"साँच्चै कि ख्याल-ख्याल ?" नुहाउँदै गरेकी कुनै आइमाईले अविश्वस्त स्वरमा सोधी ।

"साँच्चै नै हो । मेरो देवरले भनेको...!" गाउँवालीले थपी ।

"कैले...? कतिखेर... ?"

"खै कैले कतिखेर हो कुन्नि ! बिहान मान्छेहरूले देख्दा बाटो तताइसकेकी थिई अरे !"

"राम ! राम !! त्यस्तो कष्ट खपेर बस्नुभन्दा त गएकै जाती ।"

दया-माया, सद्भावना र सहानुभूतिका आर्द्र स्वरहरू पानी पँधेराबाट अल्छी पाराले बतासिंदै, जुम्सो वेग हान्दै ढिलो चाँडो टोलको घर-घरमा भित्रियो । भित्रियो बस् त्यति मात्र । सुन्ने-सुनाउनेहरूमध्ये अधिकांशले तुरुन्तै भावशून्य एवं निर्विकार एवं सहज मुद्रा ग्रहण गरे, मानौं केही भएकै छैन । □




गाउँलेहरू उसलाई पर्सावाली भन्थे । पर्सा भन्ने गाउँ उसको माइती गाउँ थियो । दशगजा नजिकको गाउँ अनि पूरै गाउँ मुसलमानहरूको बस्ती । सबथोक थियो पर्सामा- गाउँ थियो, गाउँलेहरू थिए; मस्जिद थियो, कुरान थियो, मौलवी थिए, धर्म थियो, मदरसा थियो, संस्कृति थियो; शोषण थियो; ठूला बडा थिए; अत्याचार थियो; नियम-कानून थियो; असंतोष थियो तर बिद्रोह थिएन । पर्सावाली थिई, उसका आमा-बाबु थिए, भाइ-बहिनी थिए; इष्ट मित्र थिए ।

पर्सावाली सिया थिई वा सुन्नी भन्न गाह्रो थियो । उसको निकाह सानै उमेरमा भयो । त्यसताका आफ्नो घर-गाउँ; आमा-बाबु, इष्टमित्र, साथीसंगी छोडेर नौला मान्छेका साथ हिंड्नु पर्दा आँखामा आँसुको भेल उर्लिरह्यो । गाउँ छोडेर दशगजानिर आइपुग्दा बुर्काको आँखीझ्यालबाट आफ्ना डब्-डबाउँदा आँखाले उसले पर्सालाई हेरी, पर्साको फाँटलाई हेरी अनि मेघा खोलालाई हेरी अनि गह्रौं मनले ती सबलाई अलबिदा भनी । त्यसपछि एक तमाससंग सुँक्क-सुँक्क गरिरही । तिनताका ऊ साह्रै सानी थिई र उसको मनस्थितिले सिया-सुन्नीमा कुनै भेद देखेको थिएन, तर जब उसका चेत खुले त्यो बेला उसले के चाल पाई भने- परिवारमा र छिमेकमा सिया-सुन्नीको भेदमा विभाजित हुनु श्रेयस्कर थिएन र मुसलमान हुनु नै जीवनका लागि अथवा भनौं बाँच्नका लागि असल हतियार थियो, किनभने गाउँ त्यसताका हिन्दू र मुसलमानमा बाँडिएर भयावह त्रासदी भोग्दै थियो ।

दशैंको बेला थियो । हिन्दूहरूले आफ्नो आस्थाकी अधिष्ठात्री महाशक्तिकी देवी दुर्गाको मूर्ति बनाई मेला चलाएका थिए । मुसलमानहरू दाहा बनाएर जात्रा मनाउँदै थिए तर जात्राका लागि दुवैथरीले वर्षौंदेखि हाट लाग्ने गरेको स्थानलाई नै उपयुक्त ठहऱ्याएका थिए । हिन्दूहरू आफ्नो जात्रास्थलमा मुसलमानको दाहा देख्न चाहँदैनथे र मुसलमानहरू हिन्दूको दुर्गालाई त्यहाँ देख्न चाहँदैनथे र यसरी हाट साम्प्रदायिक संघर्षको मूल थलो बनिदियो । अनि निस्के घर-घरबाट लठ्ठी, भाला, गडाँस, बंचरो र कोदाली; अनि बग्यो रगतको खोलो । केही हिन्दूहरू शहीद भए र केही मुसलमानहरू जन्नतमा पुगे । पर्सावालीको लोग्ने पनि यसै मुहूर्तमा पर्सावालीलाई छोडेर हिंडिदियो ।

यो घटनापछि पर्सावाली एकदमै एकांकी र भावुक भइदिई । उसलाई राम्रोसंग थाहा भएन- उसको मियाँ (खसम) जन्नत (स्वर्ग) मा पुग्यो कि जहन्नुम (नर्क) मा । छिमेकका अधिकांश मुसलमानहरू भन्थे- हनिफ भाग्यमानी थियो ; किनभने उसले जन्नतमा शरण पायो । तर गाउँका केही मानिसहरू भन्थे- उसको खसम हनिफले व्यर्थै ज्यान गुमायो र ऊ पक्कै पनि नर्कमा आफ्ना पट्यारलाग्दा दिनहरू भौंर्दै होला । दुई-चार जना यसो पनि भन्थे- मानिसहरू हिन्दू, मुसलमान वा शिख-पठान आदिमा विभाजित हुनु अज्ञानको फल हो; हिन्दूलाई मुसलमानले वा मुसलमानलाई हिन्दूले ठगेको, लुटेको भन्दा बढी भयावह र पीडादायी त गरीब हिन्दूलाई धनी हिन्दूले र गरीब मुसलमानलाई धनी मुसलमानले गर्ने गरेको व्यवहार छ । त्यसो हुँदा हिन्दू-मुसलमानको सट्टा गाउँ-समाज धनी र गरीब अथवा लुट्ने-लुटिनेमा बाँडिनु राम्रो हो । मानिसहरूबीच एकता, मेल र फूटको आधार श्रम र धन हो । श्रम नगर्नेहरू हिन्दू-मुसलमान जे भए पनि एक हुन सक्छन् भने श्रम गर्नेहरू पनि जुनसुकै सम्प्रदायका भए पनि एक हुनुमा मानव जातिको कल्याण छ । हनिफले यो कुरो बुझिदिएन र गलत कुराका लागि ज्यान गुमायो ।

मान्छेहरूका कुरा सुन्दा-

**ऊ सोच्दथी- मेरो लोग्ने मऱ्यो, ऊसंगै केही अरु मुसलमानहरु र केही हिन्दूहरु पनि मरे । ती कसका लागि र किन मरे ? बाँच्नेले पाए के ? मर्नेको परिवारले कुन ऐश्वर्य भोग गरे ? त्यो त्रासदीपूर्ण भयावह युद्ध जित्यो कसले ? हाऱ्यो कसले ? त्यो भयावह लडाइँ निरर्थक किन लडियो ? किन ?**




सुन्दा ऊ आजित भइसकेकी थिई र उसको विवेकले हिन्दू र मुसलमानमा फरक देख्न र स्वर्ग-नर्कमा विश्वास गर्न छोडिसकेको थियो । ऊ सोच्दथी- मेरो लोग्ने मऱ्यो, ऊसंगै केही अरू मुसलमानहरू र केही हिन्दूहरू पनि मरे । ती कसका लागि र किन मरे ? बाँच्नेले पाए के ? मर्नेको परिवारले कुन ऐश्वर्य भोग गरे ? त्यो त्रासदीपूर्ण भयावह युद्ध जित्यो कसले ? हाऱ्यो कसले ?

त्यो भयावह लडाइँ निरर्थक किन लडियो ? किन ? रह्यो कुरो स्वर्ग र नर्कको... मेरो लोग्ने मऱ्यो र मरिसकेपछि ऊ गाडियो, त्यसो हुँदा ऊ जाने ठाउँ एउटै थियो र बाटो पनि एउटै थियो । यदि त्यही ठाउँ कसैका दृष्टिमा स्वर्ग र कसैका दृष्टिमा नर्क हुन्छ भने यो मान्छेको सोचाइको विभेद मात्रै हो । उसको मृत्युलाई राम्रो ठहऱ्याउनेहरूले उसलाई स्वर्गमा देखे र नराम्रो ठहऱ्याउनेहरूले नर्कमा । बस्, फरक यत्ति थियो ।

उसको लोग्ने मरिसकेको थियो र ऊ अब एक्ली थिई, नितान्त एक्ली । उसको एक्लोपनका साथी कोही थिइनन् । उसको देवरको विवाह भइसकेको थियो; त्यसैले देवरले उसलाई स्वीकार्न एकदमै अस्वीकार गऱ्यो । त्यसो हुँदा ऊ अब आफ्नो बाँकी जीवनको साथी छान्न स्वतन्त्र पनि थिई । शुक्रबार ऊ मस्जिद जाने गर्थी तर मस्जिदमा पनि उसको दग्ध मनले शान्ति पाउन सकेन ।

तिनताका उसको गाउँमा इन्कलाबीहरू पसेका थिए । उसकै गाउँका कतिपय मानिसहरू इन्कलाबी बनेका थिए । ऊ पनि उनीहरूको कुरो सुन्थी; चित्त बुझाउँथी, मनलाई शान्ति दिलाउँथी अनि असंख्य प्रताडितहरूको सेवा गर्ने प्रण गर्थी मनमनै । यसैबीच उसले एउटा भयावह, बिकराल एवं त्रासदीपूर्ण विभत्सता देखी । उसले इन्कलाबीहरू देखेकी थिई, माया गर्थी ऊ तिनीहरूलाई... तर तर 'आज यो सब के भइरहेछ ?' ऊ केही बुझिरहेकी थिइन... गोरा साहेबहरू आफ्नो देश फर्के रे... सात समुद्र पारि... तब फेरि किन मान्छेको आँखामा हिंसाको प्रेत नाचिरहैछ, किन ? किन असंख्य नारीहरूको सतित्व लुटिइरहेछ... *हिजोसम्मका आफन्तहरू आज किन* पराइ भइरहेछन्... किन ? किन ?... चेत खुल्दा देखी- हिन्दूस्तान बनिसकेछ, पाकिस्तान बनिसकेछ । उसले देखी मानिसहरू हिन्दूस्तान भागिरहेछन्, कोही पाकिस्तान भागिरहेछन् । यो भागदौडमा मान्छे आफ्नो वर्गसंग घात प्रतिघात गरिरहेछ । यो देखेर ऊ झन् विक्षिप्त भई । ऊ न त पाकिस्तान चाहन्थी, न त हिन्दूस्तान, किनकि ऊ त पर्सावाली थिई । उसले झलझली आफ्नो माइती देश संभी । अब त उसको हृदयमा न त सिया-सुन्नीको लागि कुनै ठाउँ थियो न त हिन्दू-मुसलमानका लागि । उसको हृदय त बहुसंख्यक मानव मात्रको हितका लागि तड्पिरहेको थियो । तर उसको तडपलाई आँखामा हिंसाको प्रेत नचाउने बुजुकहरू अनर्गल प्रलाप भनिदिन्थे । त्यसो हुँदा ऊ विक्षिप्त बनी माइती देश फर्की । यो फर्कनु उसको माइती देशको इतिहासमा अपूर्व घटना थियो । सीता र भृकुटीको भन्दा फरक । माइतीमा मेघा नदी धक फुकाएर बग्दै थियो सिंगै गाउँलाई बगर बनाए अनि त्यही बगरको डिलमा थियो ताहिर मियाँको विशालकाय महल र वरपर केही झुप्राहरू । ताहिरको अधरमा बिरूपाक्षे मुस्कान सलबलाउँदै गरेको देखेर ऊ झसंग झस्की । पर्साका केहीलाई मेघाले खाएछ, केहीलाई ताहिरले पचाएछ; केहीलाई ताहिरले अंगालेछ, अरूलाई उसैले लघारेछ ।

पर्सावाली अलमल्ल परी, किनभने त्यहाँ न त पर्सा थियो, न त माइती । पर्सा खुम्चेर ताहिर टोल बनेको थियो । उसको लागि अब न *त समाउने हाँगो थियो न त टेक्ने* धर्ती नै । टेक्ने- धर्ती र समाउने हाँगोको खोजीमा ऊ वल्लो-पल्लो गाउँ चहार्न थाली । अनि जिविकाको लागि उसले आफ्नो बलिया पाखुरीहरूको सदुपयोग गरी ।


ऊ घर-घरका जुठा भाँडा माझ्थी, गाउँभरिका सुत्केरी स्याहार्थी अनि घर-घरमा ऊ आफ्नो कथा सुनाउँदै हिंड्थी- 'हनिफ कसरी मऱ्यो अनि उसको मृत्यु किन सार्थक भएन... ।' यसरी ऊ गाउँका लागि समर्पित भइदिई । शहर बजारबाट निकै टाढा रहेको अनकण्टार गाउँ थियो त्यो, जहाँ न कुनै अस्पताल थियो न कुनै डाक्टर, न कम्पाउण्डर न कुनै नर्स । डाक्टर भने पनि, नर्स भने पनि, अस्पताल भने पनि उही पर्सावाली थिई । प्रसव वेदनाले थलिएकी जुनसुकै आइमाईको सेवामा ऊ हाजिर गराउँथी आफूलाई । जाति, धर्म, वर्ण आदि केही पनि उसको सेवा कार्यमा छेकबार बनेनन् । एक किसिमले हेर्ने हो भने त्यो गाउँको लागि ऊ फ्लोरेन्स नाइटिंगेल नै थिई भने पनि हन्छ ।

रहँदा-बस्दा, दिन बित्दै जाँदा पर्सावालीको उमेर ढल्दै गयो र बुढ्यौलीले छोयो । नातागत भयो र शरीरमा हाड-छाला बाहेक केही रहेन । दिन प्रतिदिन उसमा अशक्तता बढ्दै गयो अनि उसका पाखुरीहरू दुर्बल भए । ऊ काम गर्न नसक्ने भई, आँखामा फुलो पऱ्यो, आँखा नदेख्ने भई अनि देख्दा देख्दै पर्सावाली थला परी । महिनौं दिन थला परी ।

उही पर्सावालीको लाश आज बेवारिस र अलपत्र परिरहेको *थियो । मुसलमानहरू उसको लाश* उठाउन तयार थिएनन्- 'हिन्दूहरूको जुठोपुरो खाएर ऊ धर्म-च्यूत, जाति-च्यूत भइसकेकी थिई ।' यो उसमाथिको गंभीर आरोप थियो ।

"पर्सावाली हरहालतमा मुसलमान थिई र यसको सदगत तिमीहरूबाटै हुनुपर्छ ।" गाउँका प्रधानपंच लगायत केही गैरमुसलमानहरूको ठहर थियो । र मुसलमान-हिन्दूको मत-मतान्तरको यो रेला-पेलामा गाउँकी नाइटिंगेल अर्थात् पर्सावालीको लाश अलपत्र पसारिएको थियो । रेडियोमा भने मुलुकी ऐन दिवसको शुभ मुहूर्तको सन्देश- वक्तव्य घन्किरहेथ्यो ।

**माछा माछा भ्यागुतो (कथा संग्रह)बाट**



कथाकार

**यस वर्षको 'पारिजात सृजन पुरस्कार' प्राप्त गर्नुहुने कथाकार इस्माली २०१२ सालमा औरही, महोत्तरीमा जन्मनु भएको हो । उहाँको हालसम्म एक उपन्यास र एक कथा संग्रह प्रकाशित भइसकेको छ ।**

# पूर्वका थारूहरू कसरी जिइरहेछन् ?

धर्मचन्द्र लावती

## नियां निसाफ भनेको पोकोको खेल हो !

यो गाउँ मोरङ जिल्लाको बयरबन गा.वि.स.स्थित हाँस खोलाको किनारमा रहेको झमक टोल हो । स्थानीय जमीन्दार झमकबहादुर निरौलाको नाउँबाट यो गाउँको नाम झमक टोल रहेको कुरा गाउँलेहरू बताउँदछन् । यस गाउँमा थारू जातिको बाहुल्यता रहेको छ । सेतो, कालो र गेरू रंगले सूर्य, फूल, चरा आदिका बुट्टा कुँदिएका साना साना झुप्राहरूले गर्दा यो गाउँ भारतको विहार वा वंगालको वस्ती प्रतीत हुन्छ । आँगन र सडक छेउछाउ आँप, सुपारी, मेवा, लिची, कटहर र शिरिषका बोटहरू लगाइएका छन् । अधिकाश घरका छानाहरू सिमी, घिरौला, लौका, फर्सीका लहराहरूले ढाकिएका छन् । कुनै कुनै घरका भित्ताहरूमा सण्ठीमाथि गोबरले पोतेर बनाइएका गुइठाहरू (दाउराहरू) ठड्याइएका छन् । सडक र चोक चोकमा नाङ्गा-भुतुङ्ग केटाकेटीहरू खेलिरहेका देखिन्छन् ।

९० सालको भूकम्पपछि जन्मेका वृद्ध घुरन चौधरीका दुई छोरीहरू विवाह गरेर घर गइसके । यो साल सत्ताइसबाट अठ्ठाइसमा लाग्ने छोरा बम्बई जान्छु भनेर हिंडेको, गएको भाइटीकामा ६ पुगेर ७ वर्ष लागि सक्दा पनि अझै फर्केको छैन । त्यसले गर्दा उनी चिन्तित अवस्थामा छन् ।

"दिन कसरी बिताउँदै हुनुहुन्छ ?" मैले उनलाई पहिलो प्रश्न गरें ।

"खै के गर्ने र ! बारीसारी हेर्‍यो, बस्यो । गाईबस्तु यतात्यता गर्‍यो, घाँसपानी गर्‍यो । कहिले सागसब्जी गोडगाड गर्छु, कहिले केटाकेटी हेर्छु । यस्तै त हो ।" उनले अलि दिग्दार मान्दै भने ।

त्यस दिन पनि उनी भाइकी सानी छोरी सुमितालाई काखमा खेलाउँदै घाम तापिरहेका थिए ।

"अनि जग्गा जमीन चाहिं कति छ नि ?" मैले पुनः जिज्ञासा राखें ।

"यहाँ भाइको नाममा एक दुई कठ्ठा जमीन छ । आफ्नो त केही छैन ।" उनले छोटो जवाफ दिए ।

"यहाँ बस्ने हामी थारूहरूसंग जग्गा केको हुनु ? ट्वाइलेट बनाउनसम्म जग्गा छैन ।" एक जोशिला युवा फागुलालले आफ्नो गुनासो पोखे ।

अधिकांश गाउँलेहरू झमकबहादुरका जमीनमा बनिबुतो, अधियाँ, फुतिया गरेर आफ्नो जीवन धान्दछन् । निरौला आउनुभन्दा अगाडि आफ्ना बाबु बाजेको प्रशस्त जग्गा जमीन रहेको तर थारूहरूको सोझोपनाबाट फाइदा उठाई निरौलाले सम्पूर्ण हडपेको गुनासो केही बूढापाकाहरूको रहेको छ । निरौला र उनको परिवारचाहिं त्यहाँ नबसेर कहिले तेह्रथुमको फाक्चामारा त कहिले विराटनगर बस्ने गर्दा रहेछन् । त्यस कामतमा निरौलाको पुरानो टिनको एउटा भव्य घर चाहिं छ ।

त्यसै गाउँको बोडा चौधरी चाहिँ ९० सालको भूईंचालोअघि नै जन्मेको बताउँछन् । तर उनलाई आफ्नो उमेर कति भयो भन्ने थाहा छैन । उनी बाध्यतावश अझै हलो जोत्ने, धान कुट्ने सबै काम गर्छन् । उनका तीन भाइ छोरामध्ये जेठा उजरा मिस्त्रीकाम, माइला कुजीलाल बनिबुतो र कान्छा राजकुमार जेठा दाजुसंगै मिस्त्रीकाम सिक्ने गर्छन् । उनकी जहान मरेको १५/१६ वर्ष भइसकेको छ । छोरी उजरी र जंगली थरूनी विवाह गरेर लोग्नेको घर गइसकेका छन् ।

"यस्तो बुढेसकालमा त्यस्तो बलको कार्य गर्न सक्नु हुन्छ त ?" यो मेरो प्रश्नको जवाफमा बोडा थारू भन्छन् - "नसकेर के गर्ने ? पेट मान्दैन । काम गरेन भने खान कहाँबाट पाइन्छ ? नखाई बाँच्न सकिदैन ।"

यसो बुढेसकालमा तातो चिसो बनाइदिने आमै ल्याउनु पर्थ्यो नि ! भन्दा उनी भन्छन् "आँऽऽऽ दुःख के बिसाउनु, छोरा बुहारी छँदैछन् । भात तिहुन बनाइदिइ हाल्छन् । यति भए भैगो नि !"

घुरनको झैं उनको पनि जमीन छैन । मोहियानी वापत अलि पाएको पनि तिनै साहूको ऋण वापत सबै फेरि साहूकै भइसक्यो रे !

यहाँका थारूहरू विशेष गरेर सेतो धोती र कमिज लगाउँछन् । सेतै रङ्गको फेटा पनि बाँध्ने गर्छन् । महिलाहरू चाहिं सारी चोलो लगाउँछन् । पहिले पहिले थारू महिलाहरूमा चोलो लगाउने प्रचलन नभएको कुरा उनीहरू बताउँछन् ।

> "जुनै सरकार आए पनि दुनो सोझ्याउने मात्र हुन् । धनीलाई हेर्‍याहेर्‍यै गर्छन् । गरीबलाई चाहिं पेल्यापेल्यै गर्छन् ।"

आजकल पनि अधिकांश महिलाहरूले हात पाखुरा र जिउमा समेत निलो रंगको बुट्टा कुँदेको पाइन्छ । यसलाई उनीहरू खोदना भन्छन् ।

यसरी शरीरभरि किन खोपेको भन्दा स्थानीय भूमिहीन किसान जनकलाल भन्छन्- हामीसंग भएको सारा धनसम्पत्ति खोसिन्छ, नासिन्छ । तर कहिल्यै नखोसिने र ननासिने चिज यही मात्र भएकोले हाम्रो जातिमा यस्तो खोप्ने चलन छ । यसबारे थप जानकारी दिंदै घुरनले भने- "हाम्रो जातिमा मरेपछि स्वर्गमा भेट हुन्छ भन्ने धारणा छ । त्यसबखत लोग्ने स्वास्नी चिन्न सजिलो होस् भन्नाखातिर पनि यस्तो खोप्ने गरिएको हो ।"

थारू पुरुषहरू गाउँघर वरपर खेतीपातीकै काम गर्छन् । महिलाहरू गाईबस्तु स्याहार सम्भार, खानपान र घरका विविध कार्यहरू गर्ने गर्छन् । महिलाहरूमध्ये कोही हाटबजार गएर सागसब्जी बेच्ने पनि गर्छन् । कुनै कुनै पुरुषहरू चाहिं फुर्सदको क्षणमा जाल बुन्ने र माछा मार्ने पनि गर्छन् ।



उनीहरूको मुख्य खाना दालभात तरकारी नै हो । मासुमा सुँगुर, खसी, हाँस परेवा, घोंगी, माछा आदि खान्छन् । तर उनीहरूमा भैंसी वा राँगाको मासु खाने प्रचलन छैन । जाँड रक्सी पनि निक्कै सेवन गर्ने गर्छन् ।

शिक्षामा यहाँका थारूहरू निक्कै पिछडिएका पाइन्छन् । ५०/६० भन्दा बढी घर रहेको यस गाउँमा एस.एल.सी. पास गर्ने भादुर्लाल मात्र रहेछन् । उनीहरूमा राजनीतिक चेतना पनि ज्यादै न्यून रहेको छ ।

थारूहरू हिन्दू धर्म अनुसार

नै आफ्नो धार्मिक एवं सामाजिक कार्य गर्ने गर्छन् । जन्म र विवाहका संस्कारहरू प्रायः अन्य जातिको भैं नै हुन्छ । तर मृत्यु हुँदा भने मलामीहरूलाई लाश गाडेको वा जलाएको भोलिपल्ट खीर खुवाएर चोख्याउने गरिन्छ । मृतकलाई जलाउँदा खरानी ल्याएर त्यसमा तुलसीको बोट रोप्ने चलन पनि छ । थारूहरू मुख्यतया कालीको पूजा गर्छन् । दशैं तिहार नै उनीहरूको पनि मुख्य चाड हो । तर भाइटीका लाउने चलन उनीहरूमा हालसालै मात्र शुरू भएको कुरा बुढापाकाहरू बताउँछन् ।

यहाँका थारूहरूको अति न्यून स्तरको आर्थिक अवस्थाले गर्दा उनीहरू पौष्टिक खाना, मनोरञ्जन, अध्ययन चिन्तन आदिबाट वञ्चित हुन पुगेका छन् । हुन त उनीहरू भारतको असाम, पञ्जाब, दिल्ली, हरियाणा, बम्बई आदि ठाउँमा पनि पुग्ने गरेका छन् । तर खालि मजदूरीको लागि ।

"तपाई त पाको भइसक्नु भयो, कहाँ कहाँसम्म पुग्नु भएको छ ?" मैले घुरनप्रति आफ्नो जिज्ञासा राखें ।

"पश्चिममा काठमाडौं, पूर्वमा विर्तामोड, र उत्तरमा फाक्चामारा (तेह्रथुम)सम्म पुगेको छु ।" उनले सहजतापूर्वक जवाफ दिए ।

अनि पहाड देख्दा कस्तो लाग्यो त ? मैले पुनः जिज्ञासा राखें । "बहुत रमाइलो लाग्यो । पानी पनि अलि बाक्लो हुँदो रहेछ । जस्तो काँचो पिरो खाए पनि जिउलाई असर नगर्ने ।" उनले केही रोमाञ्चित हुँदै भने ।

तपाईं थारूहरूको जग्गा जमीन पनि रै'न रहेछ । भएको पनि सबै साहूले खोसिदिएछ । यसको विरोधमा केही गर्नु भएको छैन ? भन्ने प्रश्न राख्दा राख्दै जनकलालले केही उत्तेजित हुँदै भने "यहाँ निया न्साफ भनेको पोकोको खेल हो, पोकोको कुरा गर्दा साहूकै पोको ठूलो हुन्छ । अनि के गर्न सकिन्छ र ?"

"थारूहरूको हितको निम्ति कुनै संगठन बनेको छ कि ?" भन्ने प्रश्नमा संगठनबारे अनभिज्ञता प्रकट गर्दै जनकलालले पुनः भने- "संगठन नभएरै हामीले दुःख पाएका हौं । कसैले सित्तैमा कुनै काम गरिदिने होइन । ठूलाबडाहरूसँग हाम्रो चिनजान छैन । थारूहरूलाई सचेत र संगठित पारौं भन्ने आजसम्म कोही देखिएको छैन ।"

"पार्टीबारे त अलि अलि थाहा होला नि ? तपाईहरू कुन पार्टीमा हुनुहुन्छ ?" मैले कुराको सिलसिला बढाउँदै सोधें । "हामी 'सूर्य'मा छौं ।" घुरनले संक्षिप्त जवाफ दिए । सूर्यलाई मन पराउनुको कारण के के होला त ? यस प्रश्नको जवाफमा घुरन चौधरी केही अक्मकाउँदै भन्छन् "खोई के कारण भन्नु, कारण नै छैन । कांग्रेसले दल्यो भन्थे । महँगी बढायो भन्थे । अघिल्लो पालामा रूखमा भोट दिएकै हो । त्यसपछि सूर्यमा दियौं । हुनत कसले पो के नाप्छ र ! यसो गर्ने, उसो गर्ने, भन्छन् , भरे त भत्रो मात्रै ।" उनले राजनीति र राजनीतिज्ञहरूप्रति आफ्नो विश्वास नभएको कुरा पनि बताए ।

"अनि बहुदल र निर्दलमा कुन मन पऱ्यो ? यस प्रश्नको जवाफमा घुरन भन्छन् "निर्दल थियो, ठीकै थियो, अहिले बहुदल छ, त्यो पनि ठीकै छ । जुन व्यवस्था आउँछ, त्यो मान्नै पर्ने हुन्छ । जे जे आए पनि गरीबलाई चाहिं केही न केही । मलाई त निर्दल नै राम्रो लाग्यो । भै-भगडा हुँदा पनि राम्ररी कुरा सुन्थे । सामानहरू पनि अलि सस्तैमा पाइन्थ्यो । अभ त्यो भन्दा पहिले त ५०/६० रूपियाँमा गोरू समेत पाइन्थ्यो ।" बोडा चौधरीले थपे ।

सरकारबारे उनीहरूको धारणा जान्न खोज्दा घुरन चौधरी पुनः भन्छन्- "खोइ अहिलेको सरकारले के कस्तो गर्दैछ, थाहा छैन, जुनै सरकार आए पनि दूनो सोभ्याउने मात्र हुन् । धनीलाई हेऱ्या हेऱ्यै गर्छन् । गरीबलाई चाहिं पेल्यापेल्यै गर्छन् । आफ्नो दुःख बिसायो भने पख भन्छन् । अहिलेको सरकारले पनि त्यसै त गर्दै होला ।" "यही ६ नं. मा सुकुम्बासी आयोगले नापी गऱ्यो, तर हाम्रो ठाउँमा चाहिं केही गरेन ।" सुल्वी चौधरीले थप गुनासो पोखे ।

नागरिकताबारे खासै समस्या नभएको, तर घूस लिएपछि मात्र बनाउने गरेको कुरा गाउँलेहरूले बताए । "थारूहरू पिछडिनुमा के के कारण छन्, तपाईहरूले यसबारे कहिल्यै केही सोच्नु भएको छ के ?" भन्दा घुरन चौधरी घोरिंदै भन्छन्- "खोई, हो काममा दलिंदा दलिंदा हाम्रो त दिमाग नै खिइसक्यो । अरू के भन्नु र ! पढाइलेखाइ छैन । धन सम्पत्ति पनि छैन । यसैले त पछि पऱ्यौं होला ।"

के गरेदेखि तपाईहरूको हित होला जस्तो लाग्छ ? मेरो यस अन्तिम प्रश्नको जवाफमा बोडा चौधरीले 'के गर्दा हाम्रो सुविस्ता हुन्छ बोल' भनेर अरूलाई देखाए ।

केहीछिनको अन्यौलपछि घुरन चौधरी गम्भीर हुँदै भने- "सरकारले घर जग्गा दिए हामीलाई सुविस्ता हुन्थ्यो जस्तो लाग्छ ।" सरकारले त्यसै त घर जग्गा दिँदैन होला । यसको निम्ति तपाईहरू पनि सचेत र संगठित भएर उठ्नु पर्ला कि ? भन्दा उनीहरूले ठीकै हो भन्दै टाउको हल्लाए र मैले पनि आफ्नो कलम बन्द गरें । ❑


युवाहरुको मासिक खुराक
नव युवा

तपाईंको निम्ति पनि उपयोगी !
तपाईंका छोराछोरीहरू,
भाइबहिनीहरूको निम्ति पनि उपयोगी !!
समस्त युवाहरूको निम्ति उपयोगी !!!

मूल्याङ्कन मासिकको सहकर्मी
नव युवा

स्वस्थ, सार्थक, प्रगतिमुखी, रोचक र ज्ञानबर्द्धक सामग्रीहरुको संगालो !

❑ के तपाईंले किनेर पढ्नुभयो ? ❑ के तपाईंले किनेर घर लगिदिनु भयो ? ❑ तपाईंले नै लामो समय अघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन ! ❑ नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!



महावली हनुमानको वरदान !
सुन्दर र सुरक्षित छानाको पहिचान !!



हनुमान छाप कर्कट (जस्ता) पाता
टिकाउपनाको अर्को नाम
सुन्दर स्टील्स प्रा. लि.

# कसरी विश्व बैंकले मोरक्कोलाई ध्वस्त पाऱ्यो ?




-डा. सुशीलकुमार मुखर्जी
भू. पू. उपकुलपति, **कलकत्ता विश्वविद्यालय**

मोरक्को। यो १९५६ मा फ्रान्सेली साम्राज्यवादको साङ्लोबाट मुक्त भयो। यो उत्तरी अफ्रिकाको अन्नको भण्डारको रूपमा प्रसिद्ध थियो। जम्मा दुई करोड जनसंख्या थियो त्यहाँ। फ्रान्सले यो मुलुकलाई यति निर्ममतापूर्वक शोषण गरेको थियो कि- स्वतन्त्र भएपछि विकास कार्यक्रमहरू शुरू गर्न यसले विश्व बैंकसित गुहार माग्नु परेको थियो।

ऋणदाता विश्व बैंकले नयाँ सरकारलाई आफ्नो कृषि उत्पादनमा आधुनिकीकरण गर्ने सल्लाह दियो। यसको निम्ति बढी बाली दिने उन्नत उत्पादनको ३० प्रतिशतलाई र राम्रो खेतीयोग्य जमीनको २० प्रतिशतलाई विश्व बैंकको सल्लाह अनुसारको नयाँ कृषि व्यवसायमा लगाइयो। अर्थात् त्यहाँ सुन्तला र तरकारीको खेती थालियो। डलर र कृषि सामग्रीमा सरकारी अनुदानबाट लोभिएर ठूला

**सरकारी अनुदानबाट ठूला भूमिपतिहरू लोभिए। सरकार डलरको आर्जनमा भुतुक्क भयो। परिणाम के भयो भने ............**




जातका बीउहरू, रासायनिक मल, कीटनाशक ओखतीहरू र नियन्त्रित सिंचाई व्यवस्थाको जोरजाम गर्नु जरूरी भयो।

विश्व बैंकका विज्ञहरूले के पनि थप सल्लाह दिए भने- मोरक्कोमा सुन्तला र तरकारीको खेती गर्नु सबैभन्दा उपयुक्त हुनेछ। किनकि यसको निम्ति अमेरिकामा तम्तयार बजार उपलब्ध छ र भुक्तानी पनि डलरमा हुनेछ। त्यसबाट आएको पैसा उद्योगको विस्तारमा लगाउन पाइनेछ। कस्तो उद्योग मोरक्कोमा फस्टाउला- त्यससम्बन्धी सुझाव बहुराष्ट्रिय व्यापार संगठनहरूले अरूले भन्दा राम्रोसंग दिनेछन्।

अहाँ, योभन्दा ठूलो अहोभाग्य के होला ? मोरक्कोको सरकारले यसरी सोच्यो।

छिट्टै मोरक्कोको कूल राष्ट्रिय भूमिपतिहरूले आफ्नो जमीन र स्रोत साधनहरू निर्यातमुखी बस्तुहरूको उत्पादनमा लगाए। सरकार डलरको आर्जनमा यति भुतुक्क भयो कि- निर्यातमुखी बस्तु उत्पादन गर्नेहरूलाई थप प्रोत्साहन दिन उसले सन् २००० सम्मको लागि कृषि करमा भारी छूट दिने घोषणा गऱ्यो।

यसको परिणाम के भयो भने- भूमिपतिहरूले अपार सम्पत्ति थुप्राए। तर चाँडै नै मोरक्कोको गहुँ भने- बाहिरबाट आयात गर्नु पर्ने भयो। आफ्नै देशमा प्रशस्त उत्पादन हुने सदाबहार रूखको फलबाट प्राप्त हुने तेल (Olive Oil) को सट्टामा बाहिरबाट भटमासको तेल आयात गर्नु पर्ने भयो। किनभने, यी बस्तुहरू उमार्नको निम्ति मोरक्कोमा जमीन नै उपलब्ध हुन छोड्यो।

१९७० को दशमा पुग्दा अमेरिकाले मोरक्कोमा खपत हुने गहुँको मोल स्वात्तै बढाइदियो। अर्कातिर, उसले मोरक्कोबाट अमेरिकामा निर्यात हुने सुन्तला र सब्जीहरूको मोल भने स्वाट्टै घटाइदियो। यसको स्वाभाविक नतिजा के भयो भने- आधुनिकीकरण र निर्यातमुखी उत्पादन धानिराख्नको लागि मोरक्कोसित पैसा नै हुन छाड्यो। मोरक्कोसित अब अन्तर्राष्ट्रिय मुद्रा कोषसित पैसा सापटी लिनु सिवाय अर्को उपाय नै बाँकी रहेन। १९७० मा मोरक्कोको ऋण उसको कूल राष्ट्रिय उत्पादनको १८ प्रतिशत बराबर मात्र थियो। १९८४ मा पुग्दा यो कूल राष्ट्रिय उत्पादनको ११० प्रतिशत पुग्यो। १९५० मा मोरक्कोले गहुँ निर्यात समेत गर्न सक्थ्यो। १९८४ मा पुग्दा यसले आफूलाई चाहिने जम्माजम्मी गहुँको २० प्रतिशतभन्दा बढी उत्पादन गर्न नसक्ने स्थिति पैदा भयो। १९७० मा मोरक्कोको खाद्यान्न आयात कूल आवश्यकताको १७ प्रतिशत मात्र थियो। १९८४ मा यो २३० प्रतिशत पुग्यो।

यसरी मोरक्को खाद्यान्न आयात गर्न समेत विदेशी ऋणमा निर्भर हुनुपर्ने देश बन्न पुग्यो। १९८४ मा यसको विदेशी ऋण १६.० अरब डलर पुग्यो। अब बर्बादीबाट आफूलाई जोगाउने योसित कुनै बाटो नै बाँकी रहेन।

पुनः मोरक्कोले अन्तर्राष्ट्रिय मुद्रा कोषको सिफारिसमा आफ्नो देशका श्रमिकहरूको ज्यालादर घटायो र आफ्नो देशमा बाहिरबाट आयात हुने खाद्यान्नको मोल बढायो। यसको परिणामस्वरूप त्यहाँ पूरा गंजागोलको स्थिति पैदा भयो। गाउँले जनताहरू रोजगारी, खाना र बासको निम्ति शहरतिर ओइरिन थाले। रोजगारी, खाना र बास त्यहाँ पाउन नसक्दा उनीहरू सडकछेउमा धुइरिए। बेरोजगार युवाहरूले गुण्डागर्दी र गैरसामाजिक गतिविधिहरू गर्न थाले।

नव साम्राज्यवादले देश देशमा पैदा गरेको यथार्थ यही हो ! संसारमा थुप्रै मोरक्कोहरू छन्, जो नव-साम्राज्यवादी शक्तिको शोषणको शिकार भएका छन्।... ❑

अनुवादः श्याम श्रेष्ठ

Imperialism, the Deadly Octopus, Annyachokhe Parishad Calcutta, 1995 बाट अनुदित।

## के तपाईंलाई थाहा छ ?

### विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषमा कुन साम्राज्यवादी मुलुकको कति शेयर र मतदान अधिकार छ ?

| | विश्व बैंकमा | मुद्रा कोषमा |
|---|---|---|
| अमेरिका | १९.६३% | १९.३% |
| जापान | ९.४०% | ४.६% |
| जर्मनी | ७.२९% | ५.८% |
| बेलायत | ६.९९% | ६.७% |
| फ्रान्स | ४.७६% | ४.८% |

❑ **यो १९९३ को तथ्यांक हो।**

स्रोतः Imperialism- The Deadly Octopus, कलकत्ता, 1995

## प्रगतिशील लेखक संघ के गर्दैछ ?

# साझा काममा एक जुट होऔं

— गोविन्द भट्ट, प्र.ले. संघका अध्यक्ष

करीब ४ महिनाअघि अर्थात् गत फागुन ११ र १२ गते काठमाण्डौंमा विवादमय वातावरणमा प्रगतिशील लेखक संघको चौथो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । सम्मेलनलाई नेकपा एमालेको बाहेक अन्य पार्टीहरूको सांस्कृतिक सोचसंग नीकट मत राख्ने केही र स्वतन्त्र मत राख्ने केही लेखकहरूले "एकपक्षीय नेतृत्व बनाउने हठ" का विरूद्ध अन्तिम चरणमा बहिस्कार गरेका थिए । यसपछि सो संघको नयाँ केन्द्रीय समिति र राष्ट्रिय परिषदको गठन भएपछि यस संघको केन्द्रीय समिति र राष्ट्रिय परिषदको वैठक बसिसकेको छ । संघको हालको गतिविधि कस्तो रहेको छ ? भन्ने जिज्ञासा मेट्न हामीले हालै संघका वर्तमान अध्यक्ष गोविन्द भट्टसंग छोटो कुराकानी गरेका थियौं । प्रस्तुत छ- उक्त कुराकानीको सार

**❑ प्र.ले. संघ हाल कसरी अघि बढ्दैछ ?**

-हामी रचनात्मक कार्य र सांगठनिक कार्य दुवैमा केही योजनाहरू तय गरेर अघि बढ्दै छौं । "प्रलेस" नामक हाम्रो त्रैमासिक मुख-पत्रलाई देशभक्त लेखकहरूसम्मको साझा चौतारीको रूपमा नियमित प्रकाशित गर्नेतर्फ काम शुरू भइसकेको छ ।

आगामी भाद्रमा काठमाण्डौंमा राष्ट्रिय कवि गोष्ठी गर्ने, मंसीरमा झापामा डुवर्स, दार्जलिङ्ग र सिक्किमका साहित्यकारहरूलाई समेत समावेश गरी सृजनशील कार्यशाला गोष्ठी र मैत्री-कवि गोष्ठी गर्ने र २०५४ वैशाखमा इटहरीमा प्रगतिशील साहित्यको इतिहासबारे गोष्ठी गर्ने निर्णय हामीले गरेका छौं । यसैगरी, हेटौडामा हास्य व्यंग्यबारे, सुर्खेतमा लोक साहित्यबारे, बनेपामा बाल साहित्यबारे, लुम्बिनी एवं राप्ती अंचलमा विविध विषयबारे विचार गोष्ठीहरू गरिने छन् । काठमाण्डौं र हेटौंडामा एक एक सांस्कृतिक कार्यक्रमहरू गर्ने टुंगो पनि हाम्रो के.स.ले गरेको छ ।

सांगठनिक पक्षमा केही जिल्लाहरूमा संघका इकाइहरू गठन गर्ने तयारी भइरहेका छन् । दैलेखमा त तदर्थ समिति पनि गठन भइसकेको छ ।

राष्ट्रिय सम्मेलनमा जुन विभाजन भयो, त्यसले निश्चय नै हामीलाई दुःख लागेको छ, साथीहरू चिन्तित पनि हुनुहुन्छ । तर पनि साथीहरू सक्रिय हुनुहुन्छ । पुराना र बीचमा निस्क्रिय रहेका केही साथीहरू पनि हाल सक्रिय हुन थाल्नु भएको छ ।

**❑ कार्यसमितिको पुनर्गठनको समयमा सम्मेलन छाडी हिंड्नु भएका साथीहरुलाई पुनः संघमा संगेट्नेबारे तपाई के सोचिरहनु भएको छ ?**

- प्र.ले. संघको घोषित नीति र विधान नै हाम्रो काम गर्ने निर्देशक बाटो हो । हामी यसप्रति प्रतिवद्ध छौं । कुनै राजनीतिक पार्टी विशेषलाई हेर्ने आँखाले साथीहरूले हामीलाई पनि हेरिदिंदा हामीमाथि अन्याय पो भयो कि भन्ने म ठान्छु । टेबुल ठोकाठोक नै गर्नु परे पनि संगै बसेर गर्न पाए राम्रो हुनेथियो । जनताका शत्रुहरू अहिले एक ढीका भएका बेला हामी जनतापक्षका मानिसहरूबीच आज एकताको झन् ठूलो आवश्यकता छ । भइरहेको साझा मञ्चको विकल्प खोज्नु पर्ने बस्तुगत स्थिति अहिले बिलकुलै छैन भन्ने मलाई लाग्छ । त्यसैले म उहाँहरूलाई अपील गर्छु- व्यापक दृष्टिले हेरौं, साझा काममा एक जुट होऔं, प्रतिक्रियावादीहरूले पैदा गरिरहेका रणनीतिक खतराका विरूद्ध डटौं ।

**❑ उहाँहरु चाहिं तपाईहरुप्रति कस्तो व्यवहार गरिरहनु भएको छ ?**

- हामीहरू कसैको पनि उहाँहरूप्रति असम्मान भाव छैन । हामी उहाँहरूसंग रचना एवं अन्य उपयुक्त सहयोग मागिरहेका पनि छौं र उहाँहरू धेरैले सहयोगात्मक व्यवहार प्रदर्शन गरिरहनु भएको पनि छ । ◉

### प्र.ले. संघको वर्तमान केन्द्रीय समिति

| | |
|---|---|
| *अध्यक्ष* | *- गोविन्द भट्ट* |
| *उपाध्यक्ष* | *- विमल निभा* |
| *महासचिव* | *- गंगाप्रसाद उप्रेती* |
| *सचिव* | *- विष्णु प्रभात* |
| *कोषाध्यक्ष* | *- मोहन दुवाल* |
| *सदस्य* | *- अनिरूद्ध तिमसिना* |
| " | *- जनकप्रसाद हुमागाईं* |
| " | *- भक्तबहादुर पण्डित* |
| " | *- सुधा त्रिपाठी* |
| " | *- जिवेन्द्रदेव गिरी* |
| " | *- आर.आर. चौलागाईं* |
| " | *- नारायण शर्मा* |
| " | *- शितविन्दु* |
| " | *- लिला उदासी* |
| " | *- नरनाथ लुईंटेल* |
| " | *- अनील पौडेल* |



फोटो: उषा




### साहित्यकार रुद्र खरेल पुरस्कृत

**यस वर्षको कृष्णमणि साहित्य पुरस्कार निबन्धकार तथा समालोचक रुद्र खरेलले प्राप्त गर्नुभएको छ । गत वर्ष २०५२ भरिमा प्रकाशित कृतिहरुमध्ये उहाँको हास्यव्यंग्य निबन्ध संग्रह "तोरी लाहुरे चोकमा एक छिन" को निमित्त उहाँलाई यो पुरस्कार दिइएको हो ।**

**समाचार र विचार-विश्लेषणको विशेष संगम**

# सगरमाथा

राष्ट्रिय दैनिक पढ्न नछुटाउनुहोस्

**यसमा विज्ञापन दिएर**

**आफ्नो व्यवसायमा अभिवृद्धि गर्नुहोस् ।**

◉ पैतृक सम्पत्तिमा छोरीलाई समान हक दिंदा के साँच्चै सामाजिक संरचना भत्किन्छ ?

◉ पुरुष मनोविज्ञानमा के असर पर्ला ?

◉ प्रस्तावित विधेयक पास होला कि नहोला ?

◉ प्रस्तावित विधेयकमा के के छन् ?

हाल समाजमा जल्दोबल्दो रूपमा उठिरहेको विषयमा विशेष सामग्री

### समाजशास्त्री डा. चैतन्य मिश्र भन्नुहुन्छ-

# थोत्रो सामाजिक संरचना त भत्किन्छ नै

**◆ तपाईंले छोरीलाई छोरासरह सम्पत्तिको हक दिनुपर्छ भन्ने कुराको पक्षमा बोल्नुभयो । तर यसरी छोरीलाई सम्पत्तिको हक दिंदा त हाम्रो सामाजिक संरचना नै ध्वस्त हुन्छ, भत्किन्छ भन्छन् नि ?**

-यो त समाजलाई यथास्थितिमै राखिछोड्न चाहनेहरूको विचार हो र यो आरोप आफैंमा खोक्रो छ ।

सामाजिक संरचना भत्किन्छ भन्ने जुन तर्क अहिले अघि सारिंदैछ, त्यसको धरातल हो- अहिलेकै समाजमा चालु राजनैतिक, आर्थिक र सांस्कृतिक संरचना नै सबभन्दा उपयुक्त संरचना हो भन्ने धारणा । यो धारणा अनुसार त समाजमा अहिले चालु संरचनामा कुनै किसिमको परिवर्तन गर्नु, सुधारसम्म गर्नु पनि नाजायज र गैर जिम्मेवार काम हो । यस अनुसार त अहिले जे छ, त्यो नै सर्वोत्तम हो, यथास्थितिमै समाजलाई रोकिराख्नु नै सर्वश्रेष्ठ हो ।

हो, छोरीलाई सम्पत्तिको हक दिंदा एक हदसम्म पुरानो, थोत्रो, पुरातनपन्थी, सामन्ती सामाजिक संरचना त भत्किन्छ नै । तर यो त भत्काउनु नै पर्ने कुरा होइन र ? नयाँ, राम्रो कुराको सृजना गर्न पुरानो थोत्रो कुराको ध्वंश त गर्नैपर्छ । सृजना र ध्वंश एकै सिक्काका दुई पाटा हुन् । पुरानो, थोत्रो कुराको ध्वंश नगरिएको खण्डमा नयाँ राम्रो कुराको सृजना कसरी हुन्छ ?

के हिजो सती प्रथाको अन्त गर्दा पुरानो सामाजिक संरचना भत्केको थिएन ? तर के यो भत्क्यो भनेर सती प्रथाको अन्त गर्नु नाजायज कुरा थियो र ? के हिजो भूमिसुधार गर्दा पुरानो सामाजिक संरचना भत्केको थिएन ? तर के भूमि सुधार गर्नु नाजायज हो ? के दास प्रथाको अन्त गर्नु, छूवाछूतको अन्त गर्नु नाजायज हो ? के बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना गर्दा पुरानो सामाजिक संरचना भत्केको थिएन ? तर त्यो भत्क्यो भनेर सीमित भएपनि आजको प्रजातन्त्रको स्थापना गर्नु नाजायज हो ? के इतिहासमा त्यस्तो एउटा सिंगो उदाहरण देखाउन सकिन्छ, जसमा नयाँ राम्रो कुरा ल्याउँदा पुरानो थोत्रो सामाजिक संचना धेरै वा थोरै नभत्केको होस् ?

पक्कै पनि हरेक प्रगतिशील परिवर्तनहरू सृष्टि र विध्वंश दुवैका बाहक हुन् । परिवर्तनले यथास्थिलाई पक्कै पनि भत्काउँछ । संघर्ष भनेकै यथास्थितिलाई भत्काउन र नयाँ स्थितिको सिर्जना गर्न गर्ने गरिन्छ ।

यदि कोही सृजनाविहीन छ भने व्यक्ति होस्, समाज होस् वा संस्कृति होस्, अथवा त्यो अर्थतन्त्र वा राजतन्त्र नै किन नहोस्, त्यो आफै ध्वंश हुनपुग्छ । विकल्प नठम्याएको अवस्थामा त्यसले आफैलाई ध्वंश गर्न पुग्छ, पुग्छ । त्यसकारण यथास्थितिलाई भत्काउनु हुन्न भन्ने निचोड स्व-ध्वंशकारी निचोड हो ।

के भत्काउने ? के नभत्काउने ? के ध्वंश गर्ने ? के नगर्ने ?- यो सवाल पो मुख्य सवाल हो ।

ती सबै सामाजिक संरचनाहरू त भत्काउनै पर्छ, जसमा श्रम र बुद्धिको शोषण हुन्छ, जसमा मानव मानवमै असमानता र भेदभाव व्याप्त हुन्छ । त्यो संरचना भत्काउनै पर्छ, जसमा मानवीय आत्मसम्मानको हनन हुन्छ, जसमा मानिसहरूको भौतिक र आध्यात्मिक उत्पादनमा ह्रास हुन्छ वा त्यो ठप्प हुनपुग्छ ।

त्यसैगरी, सृजना गर्नुपर्ने र भत्काउनु नहुने कुराको सूचीमा ती संरचनाहरू पर्दछन्, जसमा मानिसहरूको भौतिक र आध्यात्मिक उत्पादन फष्टाउँछ, जसमा समानता, शोषणविहीनता र आत्मसम्मान फष्टाउँछ ।

त्यसैले छोरीले छोरासरह अंश पाउँदा समग्र सामाजिक संरचना भत्किन्छ भन्ने आरोप आफैमा खोक्रो छ । उनीहरू जुन सामाजिक संरचना भत्किन्छ भन्दैछन्, त्यसअन्तर्गत उनीहरू कुन समाजको कुरा गर्दैछन्- महिला जगत समेतको समाज कि पुरूष मात्रले चाहेजस्तो समाज ?

**◆ अहिले एउटा अर्को नयाँ तर्क आउँदैछ नि- महिलाहरुले अहिले संपत्तिको अधिकार पाए पनि त्यो उनीहरुले उपभोग गर्नसक्ने हालत छैन, किनकि उनीहरु शिक्षित छैनन् । त्यसैले, अहिले छोरीलाई संपत्तिको हक दिनु हुँदैन, बरु शिक्षा र स्वास्थ्य आदिमा छोरासरह सुविधा दिनुपर्छ । यो विचार कस्तो लाग्छ तपाईंलाई ?**

- यो विचारमा केही सकारात्मक पक्ष रहेपनि यसमा गहिरा समस्याहरू छन् । यसमा यो आशय लुकेको छ कि अंशको हक र शिक्षा स्वास्थ्यको हकले

# छोरीलाई छोरासरह सम्पत्ति दिनु हुन्छ कि हुँदैन ?



फोटो: नरेश श्रेष्ठ

एक अर्कालाई निषेध गर्दछन्, त्यसैले यी दुईमध्ये एक मात्र रोज्न पाइन्छ ।

यो तर्क गलत छ, किनकि अंशमा हक प्राप्त गर्नु भनेको शिक्षा र स्वास्थ्यको बराबरीको हक गुमाउनु होइन । दोस्रो, यसले छोरा र छोरीबीचमा असमानता राखिछोड्नु पर्ने कुराकै वकालत गर्छ । छोराले अंशको हक पाउने तर छोरीले चाहिं शिक्षा र स्वास्थ्यको सुविधा मात्र पाउन सक्ने भन्नुको अर्थ छोराले हक दावी गर्न पाउँछ, छोरीले सुविधा पनि दावी गर्न पाउँदिन भन्ने पनि हो । किनभने सुविधा भनेकै दिइने कुरा हो, दावी गर्ने कुरा होइन । अर्को कुरा, सानी बच्चीले पारिवारिक स्थितिभित्र आफैले सुविधाको हक दावी गर्न सक्दिन ।

तसर्थ, "अंशको सट्टा शिक्षा र स्वास्थ्य"को नारा सारमा यथास्थितिवादी नारा हो । छोरा र छोरीबीच समानता ल्याउन यो न्यायपूर्ण रणनीति हुन सक्दैन ।

**◆ के छोरीले अंशको हक पाउनासाथ महिला-मुक्ति र असमानताका सारा समस्या हल हुनेछन् ?**

- त्यो हुनेछैन । अंशमा समान अधिकारको सवाल निश्चय नै लैंगिक समानतातर्फको एउटा महत्वपूर्ण कडी हो । तर पनि महिला मुक्ति र समानता अंश समानतासंग मात्र गाँसिएको एकांगी सवाल होइन । असमानताका अन्य विभिन्न आयामहरू छन् । छोरीले अंश पाउँदैमा ती आयामहरूसंगै संबन्धित समस्याहरू स्वतः हल भइहाल्दैनन् । के चाहिं सत्य हो भने, अंशको हक पाएमा राजनीतिक, आर्थिक र सांस्कृतिक असमानताहरू खतम गर्ने दिशामा अघि बढ्न पूर्वाधार चाहिँ तयार हुन्छ । त्यो दिशामा अघि बढ्नका लागि संघर्ष थाल्न र संघर्षका रूपहरू निधो गर्न यसबाट ठूलो मद्दत पुग्ने हुन्छ । वास्तवमा लैंगिक असमानता निर्मूल पार्ने संघर्ष खास उँचाइमा पुगेपछि व्यापक सामाजिक असमानता निर्मूल पार्ने संघर्षको एक महत्वपूर्ण बाटोको रूपमा यो रूपान्तण हुँदै जानु अवश्यंभावी हुन्छ ।

त्यसैले, छोरीले छोरासरह अंश पाउनु पर्ने मुद्दालाई महिला जगतले भोग्नु पर्ने अन्य समस्याहरूसंग जोड्नु अति जरूरी छ । यो यसकारण पनि जरूरी छ कि- यस रणनीति अन्तर्गत विभिन्न महिला मोर्चाहरूलाई व्यापकता दिन एवं एकत्रित र संगठित गर्न सकिन्छ ।

**◆ अहिले छोरीलाई पनि छोरासरह अंश दिने यस सवालमा जुन विवाद उठिरहेछ, त्यो किन र कुन सन्दर्भमा उठिरहेछ भन्ठान्नु हुन्छ ?**

- हाम्रो देशमा एकातिर पुरानो पुरातनपन्थी पितृसत्तात्मक सामन्ती समाज छ । अर्कोतिर, मूल रूपमा पूँजीवादी प्रजातान्त्रिक संविधान छ । अहिले उठिरहेको विवाद यो दुई थरिबीच भइरहेको द्वन्द्वको कारणले उठेको विवाद हो ।

महिलालाई हेर्ने दृष्टिकोण के हो ? राज्यद्वारा समान रूपले संरक्षित नागरिक भनेर हेर्ने हो कि, वा बाबुद्वारा, पतिद्वारा, दाजुभाइद्वारा संरक्षित, आश्रित र नागरिकभन्दा कम हैसियत भएको व्यक्तिको रूपमा हेर्ने ? महिलालाई संरक्षण राज्यले दिने हो कि पति, बाबु वा छोराले दिने हो ? अहिले उठिरहेको विवादको मूल सार यही हो । अहिलेको संविधान अनुसार संरक्षण राज्यले दिनु पर्ने हो । तर हाम्रो पुरातनपन्थी समाजले के भन्छ भने, त्यो संरक्षण बाबु, पति वा छोराले नै दिनुपर्छ । अहिलेको प्रजातान्त्रिक संविधान अनुसार छोरी पनि छोरा सरहको नागरिक हो र उनलाई अरू सबै नागरिक सरह समान व्यवहार गरिनु पर्छ । तर हाम्रो पितृसत्तात्मक समाजले के भन्छ भने, छोरीलाई छोरासरह नागरिकको हैसियत दिन हुँदैन । उनलाई बाबु, पति, छोराप्रति आश्रित बनाइराख्नु पर्छ । उनीहरूलाई नागरिकभन्दा कम हैसियतको व्यक्ति बनाइराख्नु पर्छ । अहिलेको विवाद यी दुई थरि विचारबीचको द्वन्द्वको कारणले पैदा भएको हो ।

**छोरीलाई पनि छोरासरह संपत्तिको उत्पादनकर्ता र स्वामीको रुपमा स्वीकार गर्ने कि......**






संविधान चाहिं अपेक्षाकृत रूपले प्रगतिशील, हाम्रो पितृसत्तात्मक सामन्ती समाज चाहिं बढी पुरातन पन्थी- यी दुई बीचको द्वन्द्वको अभिव्यक्ति धेरै ठाउँमा धेरै किसिमले भइरहेको छ । अहिले तीमध्ये एक ठाउँमा भएको द्वन्द्वको अभिव्यक्तिको रूपमा यसलाई लिनु पर्दछ ।

यो विवादमा अर्को एउटा द्वन्द्व-दृष्टिकोणको द्वन्द्व पनि अभिव्यक्त भएको छ । लाएको, अह्राएको, आश्रित मद्दतगारको रूपमा स्वास्नीमान्छेलाई हेर्ने हो कि, उत्पादनको वा सम्पत्तिको स्वामीको रूपमा ?

यहाँ त एकातिर भूमिपतिहरू छन्, सम्पत्तिपतिहरू छन् र लोग्नेको रूपमा स्वयंपतिहरू छन् । अर्कोतिर आश्रित, उनीहरूलाई मद्दत दिने, मद्दतगारको रूपमा स्वास्नीमान्छेहरू छन् । यी दुई दृष्टिकोणको बीचको द्वन्द्वको अभिव्यक्ति पनि अहिलेको विवादले देखाएको छ ।

यतिखेर राजनैतिक पार्टीहरूले, सरकारले, नेताहरूले र अन्य राजनैतिक रूपले सचेत समूह र संगठनहरूले छनौट गर्ने बेला हो कि- यी दुई थरिको द्वन्द्वमा उनीहरू कुन पक्षमा लाग्ने हो ? उनीहरू वर्तमान पूँजीवादी प्रजातान्त्रिक संविधान र राज्यको पक्षमा लाग्ने कि, पितृसत्तात्मक सामन्ती समाज र पुरातनपन्थी सोचको पक्षमा लाग्ने हो ? उनीहरू छोरीहरूलाई पनि छोरासरह समान हक र कर्तव्य भएको नागरिक बनाउने पक्षमा लाग्ने कि छोरीलाई नागरिकको हैसियत नै नभएको व्यक्ति बनाइराख्ने पक्षमा लाग्ने ? उनीहरूले छोरीलाई पनि छोरासरह संपत्तिको उत्पादनकर्ता र स्वामीको रूपमा स्वीकार गर्ने कि, छोरीलाई लाएको, अह्राएको काम गर्ने, लोग्नेमान्छेमा आश्रित मद्दतगारको रूपमा स्वीकार्ने ?- हरेकले यी दुईमध्ये एकको छनौट गर्ने बेला अब आएको छ ।

**◆ कुन प्रस्थापनाको आधारमा छोरीहरुले पनि छोरासरह समान संपत्तिको हक पाउनु पर्ने हो त ?**

- पहिलो प्रस्थापना त यो हो कि- छोरी पनि छोरासरह मौलिक संवैधानिक हक र दायित्व भएको नागरिक हो । ऊ पनि छोरासरह राज्यद्वारा संरक्षित नागरिक हो । यही कारणले राज्यले उसलाई- छोरासरह समान व्यवहार गर्नैपर्छ । त्यसैले, नागरिक हुनुको हैसियतबाट छोरीले छोरासरह सारा हक पाउनु पर्छ, जसमध्ये पैतृक संपत्तिको हक पनि पर्छ ।

दोस्रो प्रस्थापना के हो भने- छोरी पनि छोरासरह उत्पादनकर्ता हो । उत्पादनकर्ताको उत्पादनका साधनमाथि समान स्वामित्व त हुनैपर्छ ।

- ◉ समाजशास्त्री डा. चैतन्य मिश्रसंगको विशेष कुराकानी
- ❑ अन्तर्वार्ताः कानूनविद् डा. शान्ता थपलियासंग
- ◉ सर्वोच्चको फैसलामा त्रुटि के छ ?- अधिवक्ता गोपाल कृष्ण सिवाकोटी
- ❑ अरू देशका महिलाहरूले सम्पत्ति-हक कसरी प्राप्त गरिरहेछन् ?- अधिवक्ता सपना मल्ल

**मलाई चाहिं के लाग्छ भने, यो लागू भएमा परिवारमा झैझगडा बढ्ने, कचिंगल बढ्ने होइन, त्यसको प्रकृति चाहिं फेरिने छ ।**

यी दुई प्रजातान्त्रिक प्रस्थापनाको आधारमा छोरीहरूले छोरासरह समान संपत्तिको हक पाउनु पर्ने हुन्छ ।

**◆ अहिले हाम्रो देशमा पुरुष-प्रधान समाज छ । छोरीलाई संपत्तिको हक दिइयो भने मानसिक रुपले समाजले के कस्तो परिवर्तन व्यहोर्नु पर्ने होला ?**

- कानूनले छोरीलाई अधिकार त दियो, तर त्यो उपभोग भएन भने मानसिक रूपले कुनै परिवर्तन व्यहोर्नु पर्ने खण्ड नै आउँदैन । त्यसैले, हामीले कसरी सोच्नु पर्‍यो भने- कानूनले अधिकार पनि दियो र त्यसको व्यापक उपयोग पनि भयो । यो हिसाबले हेर्दा कस्तो कस्तो मानसिक परिवर्तन व्यहोर्नु पर्ला त समाजले ? हामीले यो कोणबाट यो प्रश्नलाई हेर्नु जरूरी छ ।

मेरो विचारमा- छोरीलाई छोरासरह सम्पत्तिको हक दिइयो भने समाजको मानसिकतामा गुणात्मक र मात्रात्मक दुवै हिसाबले ठूलो परिवर्तन हुनेछ ।

पहिलो कुरा त, यसले छोरीको आत्मविश्वास र आत्मसम्मानमा ठूलो फड्को ल्याउनेछ । त्यस्तै, यसबाट छोरीहरूको परनिर्भरता घट्ने र आत्म निर्भरता बढ्ने पनि ठूलो संभावना छ । यसबाट परिवारमा महिलाहरूको स्थान उँचो हुन थाल्नेछ । एक स्थानबाट अर्को स्थानमा जाने महिलाहरूको चलायमानता पनि यसबाट बढ्नेछ । सार्वजनिक संसारमा महिलाहरूको सहभागिता व्यापक मात्रामा बढ्नेछ । राज्यको र समाजको परिवर्तनमा र राजनीतिक पार्टीमा महिलाहरू व्यापक रूपमा सहभागी हुने संभावना पनि यसबाट बढ्नेछ । महिलाहरूले उद्यम व्यवसायमा बेसी लाग्ने स्थिति पनि पैदा हुनेछ ।

यो त महिलाहरूको मानसिकतामा आउने परिवर्तनको कुरा हो ।

यसबाट पुरूषको मानसिकतामा पनि व्यापक परिवर्तन आउँनेछ । कतिपय मानिसहरू अहिले भनिरहेछन्- यो लागू भएमा परिवारमा झैझगडा, कचिंगल र मुद्दामामिला बढ्नेछ । मलाई चाहिं के लाग्छ भने, यो लागू भएमा परिवारमा झैझगडा बढ्ने, कचिंगल बढ्ने होइन, त्यसको प्रकृति चाहिं फेरिने छ ।

झैझगडा र कचिंगल त अहिले नै छ नि प्रत्येक परिवारमा प्रशस्तै । तर छोरीहरूले संपत्तिको हक पाएमा हिजो छोरीको परनिर्भताको कारणले कचिंगल हुन्थ्यो भने भोलि आत्मनिर्भरताको कारणले कचिंगल हुने संभावना हुनेछ । छोरीहरू सार्वजनिक संसारमा जाने, नीति निर्णयमा सहभागी हुनेबित्तिकै हिजो उनीहरूलाई पुरानो मान्यताअनुसार घरभित्रै थुनिरहेकाहरूको तर्फबाट केही कचिंगल उठ्ने संभावना त अवश्य बढ्छ नै । यो हुनु स्वभाविक पनि छ ।

अहिले बाबु-छोरी, दाजुभाइ-दिदीबहिनीबीचमा मायादयाको सम्बन्ध कायम छ । भरे संपत्तिको हक पाएपछि स्वभावत: एउटी छोरीले आफ्नो अधिकारको दावी गर्न थाल्छे । यो प्रवृत्ति बीचको संक्रमण कालमा, खासगरी, एक दुई पुस्तासम्म, व्यापक रूपमा देखिने संभावना छ । अधिकार माग्ने यो प्रवृत्ति कैयन बाबु र दाजुभाइहरूको निम्ति असह्य हुन पनि सक्छ, किनकि



डा. चैतन्य मिश्र फोटो: उषा

उनीहरूमा छोरीहरूलाई आश्रित व्यक्तिको रूपमा हेर्ने बानी परिसकेको छ । यसले पनि आगामी एक दुई पुस्तासम्म कचिंगल पैदा गर्ने संभावना छ ।

यसको मतलब अहिले कचिङ्गल नै छैन भन्ने होइन । कचिङ्गल त अहिले पनि छ । तर त्यो दमनका कारणले बाहिर नआएको मात्र हो । अहिलेसम्म लोग्नेले स्वास्नीलाई जे गरे पनि अधिकांश केसमा ऊ चूप लागेर बसेकी हुन्छे । अब भने त्यस्तो हुँदैन । यस्ता कचिङ्गलहरू सार्वजनिक हुने संभावना बढ्छ ।

**◆ दाजुभाइ र आमाबाबुसंगको छोरीहरुको सम्बन्धमा अहिलेभन्दा के फरक हुन सक्छ ?**

-एक दुई पुस्तासम्म व्यापक परिवर्तन हुनसक्छ । संपत्ति छोराहरूले मात्र पाउनेमा छोरीहरूले पनि पाउने भएपछि छोराहरूको आर्थिक-भौतिक स्थितिमा केही परिवर्तन त आउँछ । र, उनीहरूको मानसिकतामा नै केही परिवर्तन आउँछ । अहिले-दिदीबहिनीहरूलाई अंश दिनु पर्छ भन्ने कुरामा दाजुभाइहरू सामाजीकरण भएका छैनन् । छोरीहरूको विवाह भएपछि उनीहरूमाथि गर्नुपर्ने आर्थिक व्ययभार हट्छ, मात्र भावनात्मक सम्बन्ध बाँकी रहन्छ ।

संपत्तिको हक मिलेपछि त्यो स्थिति बदलिनेछ । आफूले दबाएर राखेका महिलाहरू सम्पत्ति पाएपछि उनीहरूको अधिनमा बस्नु नपर्ने हुन्छ । यसले प्रारंभमा पुरूषहरूको "अहं"मा चोट लाग्नेछ नै । त्यसैले, शुरूको संक्रमणकालीन समयमा शारीरिक हिंसा केही बढ्न पनि सक्छ । बढ्न सक्छ भन्नुको तात्पर्य, झैझगडा जुन अहिलेसम्म गुप्त छ, त्यो बढी सार्वजनिक हुन सक्छ । केही समयको लागि माइतीमा छोरीको कम स्वागत हुने र ज्वाईंको कम मान्यता हुने संभावना छ । छोरीको विवाहमा पनि पहिलेकोभन्दा कम संलग्न हुने स्थिति आउन सक्छ ।

आफ्नो भागमा एकलौटी आउने सम्पत्ति दिदी बहिनीलाई पनि दिनुपर्ने भएपछि भावनात्मक दुरी केही बढ्नेछ । प्रारंभमा यो स्वभाविक नै हो । तर यो एक, दुई पुस्तासम्म मात्र रहन्छ । त्यसपछि यही नयाँ संबन्ध नै स्वभाविक हुन्छ । यसले नै मान्यता प्राप्त गर्छ । र, भावनात्क सम्बन्ध पनि राम्रो हुँदै जानेछ ।

**◆ यो त घरपरिवारमा आउने परिवर्तनको कुरा भयो । बाहिर सडकमा, सार्वजनिक जीवनमा महिलाहरुलाई हेर्ने अहिलेको दृष्टिकोणमा के परिवर्तन आउन सक्छ ?**

-अहिले 'फलानाले फलानी ल्यायो' भन्ने कुराहरू हुन्छ । त्यतिबेला 'फलानीले फलाना ल्याई' भन्ने कुरा पनि हुनसक्छ । कसको घरमा को जाने भन्ने भाषा र मान्यता नै परिवर्तन हुनसक्छ । अंश हुँदैमा सबै कुरा हुन्छ भन्ने भनाई त होइन । तर यसबाट बाटो खुल्न सक्छ । अहिले प्राय: बाबुआमा छोराकहाँ नै बस्ने गरेका छन् । पछि छोरा र छोरी दुवैकहाँ बस्नसक्ने सम्भावना यसले बढाउँछ ।

यसका साथै, महिलाहरू सार्वजनिक कार्यहरूमा बढी सहभागी हुन सक्छन् । उत्पादन क्षेत्रमा बढी संलग्न हुन सक्छन् र यसले राज्यलाई पनि पुरूषहरूलाई जस्तै नारीलाई पनि समान व्यवहार गर्नुपर्ने कर लगाउँदै जान्छ । यसले राजनीति, शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि महिलाहरूलाई समान अवसर प्रदान गर्ने ढोका खोल्छ । यसले महिलाहरू सीमित क्षेत्रमा मात्रै बस्नुपर्ने बाध्यतालाई हटाउँछ र जहाँ जहाँ पुरूषहरूको एकलौटी अधिकार भइरहेको छ, त्यहाँ पनि महिलाहरू प्रवेश गर्न पाउने बाटो खोल्छ ।

**◆ यो सम्पति सम्बन्धी अधिकारले पारिवारिक नीति निर्णय गर्ने प्रक्रियामा ल्याउने परिवर्तन कस्तो होला ?**

-जसरी बाहिरी क्षेत्रको सार्वजनिक क्षेत्रमा, आर्थिक उत्पादनमा, शिक्षा स्वास्थ्य र राजनीतिमा महिलाहरूको सहभागिता बढ्छ, त्यस्तैगरी, परिवारमा पनि छोरी सम्पत्तिको र उत्पादन-साधनको अधिकारी हो भन्ने कुरा स्थापित भएपछि र यो कुरा बुझेपछि निश्चितै रूपमा पारिवारिक निर्णय-प्रक्रियामा पनि महिलाहरूको सहभागीता बढ्छ । पहिला जसरी बाबु-आमा, बाबु-छोरा मात्र बसेर परिवारको हरेक नीति-निर्णय गर्थे, अब छोरीहरूलाई सहभागी बनाउने संभावना बढ्छ र सहभागी हुने उनीहरूको चाहना पनि

## सम्पत्तिको हकबारे क्यूबामा कस्तो व्यवस्था छ ?

**क्यूबामा छोरा छोरी दुवैलाई समान संपत्तिको अधिकार छ । त्यहाँ छोरा र छोरीलाई केही कुरामा पनि भेदभाव गरिन्न । विवाह पछि पनि तिनले समान रुपमा बाबुको सम्पत्ति पनि पाउँछन्, श्रीमानको पनि । कोही विधवा भयो भने उनले आफ्नो केटाकेटीको साथसाथ श्रीमानको संपत्तिको अधिकार पाउँछिन् । उता माइतमा बाबुआमा मरे भने विवाहित भइसकेपछि पनि उनले छोरासरह बाबुआमाको सम्पत्तिबाट अंश पाउँछिन् ।**

-नेपाल र भारतको लागि क्यूबाली राजदूत श्रीमती लीक् भोल्गा चमारो ट्रियस्संगको मूल्याङ्कनको अन्तर्वार्ताबाट १९९५ फरवरी ६/ मूल्याङ्कन, फागुन/चैत्र, २०५१



फोटोः उषा

# प्रस्तावित विधेयकमा के व्यवस्था गरिएको छ ?

● डा. शान्ता थपलिया

## छोरीलाई पैतृक सम्पत्तिमा समान हक दिनेबारे प्रस्तावित विधेयक बनाउने समितिमा रहनु भएकी कानूनविद् डा. शान्ता थपलियासंगको अन्तर्वार्ता

**◆ अहिले उठिरहेको महिलालाई पैतृक सम्पत्तिमा अंशको हक सम्बन्धमा तयार पार्नु भएको प्रस्तावित विधेयकमा तपाईहरुले मूल कुराहरु के के समावेश गर्नु भएको छ ?**

-यस विधेयकमा हामीले मुलुकी ऐनमा रहेको सम्पत्ति सम्बन्धी सबै महललाई निकालेका छौं । जस्तै, सम्पत्तिको महल, स्त्री अंशधनको महल, धर्मपुत्रको महल, अपुतालीको महल, जबरजस्ती करणीको महल, जारीको महल, जीउ बेच्ने मास्ने महल र भूमि सम्बन्धी ऐनको महल । यी महलहरूमा जहाँ जहाँ सम्पत्ति सम्बन्धमा छोरा र छोरीबीच असमानता रहेको छ, त्यहाँ त्यहाँ संशोधन गर्ने कुरालाई प्रस्तावित गरेर हामी सरकारलाई दिन लागिरहेका छौं ।

**◆ छोरीलाई पनि बाबुको अंश दिएपछि महिलाहरु दोहोरो सम्पत्तिको हकदार हुन्छन् भन्ने कुरालाई कानूनी रुपमा कसरी समाधान गर्न खोजिएको छ ?**

-दोहोरो सम्पत्तिको हकदार हुने भन्ने सवालमा हामीले के गरेको छौं भने- आ-आफ्नो घरबाट पाएको सम्पत्तिमा दुवैले चल सम्पत्तिमा आफूखुसी गर्न पाउने र अचलमा भने आधा आफूखुसी गर्न पाउने र आधाचाहिँ लोग्नेले स्वास्नीको र स्वास्नीले लोग्नेको मञ्जूरी लिएर मात्र मास्न पाउने व्यवस्था गरेका छौं । यदि कुनै महिलाले विदेशीसंग विवाह गरेको छ भने त्यो अवस्थामा लोग्नेको मञ्जूरी लिनुपर्ने छैन । यसो गर्दा कसैलाई पनि दोहोरो सम्पत्ति परेन । अर्को कुरा, आफ्नो पालामा आफैंले आर्जेको सम्पत्तिमा आफूखुसी हुन्छ । यसमा कसैको कसैमाथि बन्देज लाग्दैन ।

**❑ दाइजोको लोभमा परेर महिलाको हत्या भएका घटनाहरु थुप्रै भइरहेका छन् । यस स्थितिमा कुनै महिला विहा भइसकेपछि बच्चा नहुँदै मरी भने उसको सम्पत्ति के हुन्छ ? माइतीमा फर्किन्छ वा लोग्नेकै हुन्छ ?**

-कुनै महिला विहा हुने बित्तिकै मरिन्, छोरा छोरी भएन, वा कुनै त्यस्तो दुर्घटना पर्‍यो भने महिलाको सम्पत्ति माइतीमै फर्किन्छ । यदि विहा भएर धेरै वर्षसम्म लोग्नेस्वास्नी मिलेर रहेका भए, छोरा छोरी नजन्मीकन स्वास्नी मरेपछि पनि लोग्नेले अर्को विवाह नगरी बसेको भए र ससुराली खलकलाई ज्वाइँ मन पर्‍यो भने, ससुराली खलकहरुले त्यो सम्पत्ति ज्वाईंलाई नै दिन सक्छन् ।

यदि यो नहुने हो भने- तपाईले भने जस्तै, हत्या केश बढ्न पनि सक्छ । लोग्नेले स्वास्नीलाई पनि मार्न सक्छ । स्वास्नीले लोग्नेलाई पनि मार्न सक्छे । त्यसैले हामीले यो प्रावधान राखेका हौं ।

**◆ यदि लोग्ने मर्‍यो भने के हुन्छ त ?**

-यस सन्दर्भमा भने महिलाहरूलाई विधवा-विवाह गर्न प्रोत्साहन दिनको लागि लोग्ने मरेपछि स्वास्नीले आफ्नो हातमा आएको सम्पत्ति लिएर अर्को विवाह गर्न पाउने प्रावधान राखेका छौं । यो कुरामा सबै क्षेत्रबाट सहमति भइसकेको छ ।

**◆ अहिले पनि हाम्रो समाजमा छोरीलाई अंश दिने कुराको विरोध गर्ने थुप्रै मानिसहरु छन् । अब नेपालमा छोरीलाई अंश दिने कानून बनिहाल्यो भने पनि छोरीलाई छकाएर सम्पत्ति बेचेर छोराको नाममा राख्न पनि सक्छन् । कानूनी रुपले यो स्थितिलाई कसरी रोक्न सकिन्छ ?**

-सम्पत्तिमा छोरा छोरी दुबै बराबर अंशियार भएको कारणले यो सम्भावना आउला जस्तो लाग्दैन । फेरि हामीले आमाबाबुको सुरक्षाको लागि के गरिदिएका छौं भने- सगोलको सम्पत्तिमा आमा बाबुलाई २५ प्रतिशत छुट्याइदिएका छौं । बाँकी ७५ प्रतिशत सम्पत्ति मात्रै आमा बाबु र छोरा छोरीको बीच बराबर अंशबण्डा हुन्छ । यसरी आफ्नो सुरक्षा भएपछि छोरी मार्ने कुरा नै आउँदैन । जहाँ अंशवण्डाको कुरा आउँछ, त्यहाँ चल अचल, नरम गरम सबै मिलाएर नै गर्नु पर्ने हुन्छ ।

अहिले पनि एकाध घरमा बाबुले अंश नदिएर छोरालाई फुटपाथमा पुर्‍याएका छन् । छोराहरूले पनि ड्रग खाएर अंशको लागि खुकुरी उज्याएर आएका पनि छन् । त्यो त अपवादको कुरा भयो ।

**◆ आमाबाबुको हेरचाह र कृयाकर्म गर्ने सम्बन्धमा छोरा र छोरीको दायित्वलाई कसरी निश्चित गर्न सकिन्छ ?**

आमाबाबुको हेरचाह गर्ने र उनीहरूलाई पाल्ने सम्बन्धमा कुरा गर्दा, अहिले पनि अंशवण्डा गर्दा आमाबाबु कोसंग बस्ने भन्ने कुरा अंशवण्डाको कागजमै छुट्याइनु पर्छ । अब छोरीले पनि अंश पाउने भएपछि जोसंग बस्दा आमाबाबुलाई सुविधा पर्छ, उसैसंग बस्छन् । बाबुआमा जसले पाल्छ, उनीहरूको सम्पत्ति उसैको हुन्छ । अथवा हामी कसैसंग बस्दैनौं, हामी एक्लै नै बस्छौं भन्न पनि सक्छन् ।

जहाँसम्म कृयाकर्मको कुरा आउछ, हामीले सबै धर्म गुरूहरूसंग बुझिसकेका छौं । कुनै पनि धर्मशास्त्र, वेद पुराणमा छोरीले काजकिया गर्नुहुँदैन भनेर लेखिएको छैन । अहिले पनि शहर गाउँहरूमा छोरीहरूले आमाबाबुका काजकिया गर्न थालेका छन् । पहिले त बाल विवाह हुने भएकोले छोरी सानै उमेरमा अरूको घरमा जाने र सम्पत्तिको अधिकार नहुने भएकोले सामाजिक संरचना अनुसार बाबुआमाको पालन पोषण र क्रिया कर्मको काम छोरालाई सुम्पिएको हो । अहिले त त्यो स्थिति रहँदैन । जो अगाडि उपलब्ध छ र जसलाई सुविधा हुन्छ, उसैले गर्न सक्छ ।

**◆ छोरीलाई अंश दिदा विदेशमा सम्पत्ति जान सक्छ । यसरी यो विदेशतिर नबगोस् भनेर प्रस्तावित कानूनी प्रावधान के राखिएको छ ?**

-विदेशमा सम्पत्ति जाने भन्ने कुरा खास गरी, भारतसंगको कुरा हो । कुरा नै गर्ने हो भने, अहिले पनि बाबुआमा दाजुभाइले आफ्नो पैसा कमाएर जे जति अचल सम्पत्ति जोडेका छन्, त्यो सम्पत्ति अहिले पनि सम्धीलाई खुवाइरहेका छन्-

**अहिले पनि एकाध घरमा बाबुले अंश नदिएर छोरालाई फुटपाथमा पुर्‍याएका छन् । छोराहरुले पनि ड्रग खाएर अंशको लागि खुकुरी उज्याएर आएका पनि छन् ।**

# महिला समानताबारे पार्टीका घोषणा पत्रहरु के भन्छन् ?

**महिला र पुरुषबीच युगौंदेखि रहँदै आएको राजनीतिक, आर्थिक, सामाजिक-साँस्कृतिक भेद र असमानतालाई हटाई सबै क्षेत्रमा पुरुषसरह समान अधिकार कायम गर्न ग्यारेन्टी गरिनेछ ।**

-नेकपा एमाले, चुनाव घोषणापत्र २०५१

**नारी र पुरुषबीच विद्यमान कानूनी तथा सामाजिक भेदभावहरुलाई अन्त्य गरी नारीहरुले समानताका आधारमा आ-आफ्नो हक अधिकार प्राप्त गर्नुपर्छ...... ।**

**नारी समानताका निम्ति अवरोधक बनेका कानूनी प्रावधानहरुलाई सुधार गर्ने र आवश्यक संशोधन गर्ने प्रक्रिया चालु राखिनेछ ।**

-नेपाली कांग्रेस चुनाव घोषणा पत्र २०५१

**छोरीले छोरासरह सुविधा एवं अधिकार पाउने कानूनमा महिलाहरुको सल्लाह र सुझाव अनुसार सुधार र संशोधन गरिनेछ ।**

-राष्ट्रिय प्रजातन्त्र पार्टी चुनाव घोषणा-पत्र २०५१

**महिलाको शिक्षा र रोजगारलाई प्राथमिकता दिएर महिला बेचविखनमा रोक लगाउन तथा समानताको हक व्यवहारमा लागू गराई इज्जतको जीवन बाँच्न दिन ।**

(नेमकिपालाई किन मत दिने ? शीर्षकबाट) -नेपाल मजदुर किसान पार्टी, निर्वाचन घोषणा २०५१

**सम्पत्तिमा महिलालाई समान अधिकार हुनु पर्दछ ।**

**महिलाहरु सम्बन्धी सबै प्रकारका भेदभावपूर्ण कानूनहरुको अन्त्य हुनुपर्दछ ।**

-अखिल नेपाल राष्ट्रिय जनमोर्चा (नेकपा मसालसंग नजिक), चुनाव घोषणा-पत्रबाट

**महिलाहरुको कार्यदक्षता बढाउन र उनको सम्मानको रक्षा गर्नको लागि पार्टी नारी समाजमाथि भइरहेको सबै प्रकारको शोषण, अत्याचार तथा भेदभावको पूरै रुपमा अन्त्य गराउने छ ।**

-नेपाल सदभावना पार्टीको चुनाव घोषणा पत्र २०५१

तिलकको रूपमा । ज्वाइँ-सम्धीलाई आवश्यकता पुग्ने बित्तिकै छोरीलाई यातना दिएर पुनः यहाँ सम्पत्ति लिन पठाउँछन् । यो कुरा हाम्रा नेताहरूले किन बुझ्न सकिरहेका छैनन्, मलाई अचम्म लाग्छ । यसरी हामीले अचल सम्पत्ति विदेशीलाई पोसी नै रहेका छौं भने अहिले छोरीलाई नै सम्पत्तिको मालिक बनाएर सशक्तीकरण गर्दै समान नागरिक किन नबनाउने ? किन सम्पत्तिको मालिक छोरीलाई नगर्ने ? अर्को विदेशी नागरिकसंग विहा गर्ने छोरीले आफ्नो सम्पत्ति खर्च गर्न लोग्नेसंग मञ्जुरीनामा लिनु नपर्ने भएपछि नेपालको सम्पत्ति कसरी बाहिर जान्छ ?

तराइतिर छोरीलाई अहिले पनि ठूलो भइसकेपछि शिक्षित बनाएर विहा गरिदिएको खण्डमा पढेलेखेका केटासंगै छोरीको विहा गरिदिनुपर्ने हुन्छ । र, बढी तिलक दिनु पर्ने हुन्छ । त्यसैले उनीहरू नपढाइकनै सानै उमेरमा छोरीहरूको विहा गरिदिन्छन् । यसले गर्दा त्यहाँ महिलाहरूको जीवन यति दुःख र दर्दपूर्ण छ, उनीहरूले फगत समान्य मानवको जीवन पनि बिताउन पाएका छैनन् । उनीहरूकै भोटबाट माथि उठ्नु पर्ने नेताहरू आज किन उनीहरूकै जीवनलाई माथि उठाउन ध्यान दिंदैनन् ?

**◆ यसो गर्दा छोरीले अंश भाग विहेसंगै पाउने व्यवस्था हुन्छ कि बाबुआमाको शेषपछि ?**

-बाबुआमाले चाहे भने २५ वर्ष नाघेपछि वा छोरा छोरीको विहा भएपछि उनीहरूलाई अंश दिन सक्छन् । यदि बाबुआमाले छोरा र छोरीलाई बराबर व्यवहार गरेनन् र विकासको लागि समान् अवसर दिएनन् भने, त्यस्ता छोरा वा छोरीले अंश लिन पाउने र ३० वर्ष नाघेपछि बाबुआमासंग छोराछोरीले अंश लिन पाउने व्यवस्था गरेका छौं ।

**◆ पारपाचुके भएमा सम्पत्तिको बाँडफाँड कसरी गर्ने नि ? दुबैको सम्पत्तिमा आधा आधा हुने कि आफ्नै मात्र लिने ?**

- माथि नै भनिए झैं दुवैको मञ्जुरी लिनुपर्ने सम्पत्ति बाहेक अरू सम्पत्तिमा आ-आफ्नै हुन्छ । मञ्जुरी लिनुपर्ने अरू आधा अचल सम्पत्तिमा भने दुवैका बीचमा अंशवण्डा हुन्छ । तर त्यसो गर्दा छोराछोरीको अंश छुट्याइदिनु पर्छ । आमाले दोस्रो विवाह गरीं भने पनि पहिलो लोग्नेबाट जन्मेका छोराछोरीलाई आफ्नो भागको अंश दिनु पर्छ । बाबुले अर्को विवाह गरेमा पनि पहिलो स्वास्नीबाट जन्मेका छोराछोरीलाई अंश दिनुपर्ने व्यवस्था गरेका छौं ।

> **विदेशी नागरिकसंग विहा गर्ने छोरीले आफ्नो सम्पत्ति खर्च गर्न लोग्नेसंग मञ्जुरीनामा लिनु नपर्ने भएपछि नेपालको सम्पत्ति कसरी बाहिर जान्छ ?**

**◆ तपाईंहरुले संसदमा पेश गर्ने भनेर जुन विधेयक बनाउनु भएको छ, के तपाईंलाई त्यो विधेयक पास होला जस्तो लाग्छ ?**

- विधेयक त पास गर्नैपर्छ । किनभने देशमा जुन सरकार आएतापनि यो विधेयक ल्याउनै पर्ने हुन्छ । जुन सरकारले बिल ल्याउँछ, त्यही सरकारले बिल पास गरेन भने त्यो कस्तो सरकार होला त ? अर्को कुरा, मुख्य विपक्षी दल यसमा लागेको नै छ । त्यसैले यो बिल पास हुन्छ भन्ने कुरामा म विश्वस्त छु ।

**◆ संसदमा भएका पार्टीहरु यसको विपक्षमा भएको जस्तो लाग्छ नि ? सद्भावना, नेपाली कांग्रेस र राप्रपाका नेताहरुबाट यसविरोधी धारणा प्रकट भइरहेका छन् नि ?**

-यो विषय भनेको धनसम्पत्ति भएकाहरूको सरोकारको विषय हो, गरीबहरूको विषय होइन भनेर रोहितजीले बोल्नु भयो । मलाई लाग्छ- उहाँले कुरा बुझ्नु भएन । के गरीबका छोरीहरू दोस्रो दर्जाका नागरिक भएर जन्मनु पर्छ भन्ने छ ? छोराहरू भने गरीब परिवारमा जन्मे पनि सम्पत्तिको अधिकार पाएर पहिलो दर्जाको नागरिक बन्न पाउने, तर छोरीहरू भने त्यस अधिकारबाट वञ्चित रहेर दोस्रो दर्जाको नागरिक हुनु पर्ने ? जुन पार्टीले सबै नागरिक समान हुनुपर्छ भन्ने सिद्धान्त अपनाएको छ त्यही पार्टीले महिलालाई दोस्रो दर्जाको नागरिकसरह अधिकारबाट वञ्चित गर्ने ! के यो एक आपसमा बाझिने कुरा भएन र ?

राप्रपा र कांग्रेसकै कुरा गर्ने हो भने, पार्टीको धारणा त्यो होइन । पार्टी भित्रका विभिन्न व्यक्तिहरूको आ-आफ्नो धारणा मात्र हो ।

**◆ कुनै पनि अधिकार प्राप्त गर्न दवाबको सृजना गर्नुपर्ने हुन्छ । यो बिल पास गराउनको लागि तपाईंहरुले के के कार्यक्रमहरु राख्नु भएको छ ?**

-दवाब कार्यक्रमको लागि महिला सुरक्षा दवाब समूहले आफ्नै रणनीति बनाएको छ । अखिल नेपाल महिला संघ लगायत महिलासम्बन्धी काम गरिरहेका सम्पूर्ण संघ संस्थाहरूले यसले जस्तो किसिमको दवाब कार्यक्रमको आयोजना गरेतापनि सक्रिय सहयोग गर्ने बचन दिएका छन् । अहिले हाम्रो प्रमुख कार्यक्रम संसदमा बिल पेश हुने दिन सिंहदरवार घेराउ गर्ने रहेको छ । यसबाहेक पोष्टरिङ्ग, घर घर पम्प्लेटिङ्ग गर्ने आदि कार्यक्रम पनि रहेका छन् । विभिन्न जिल्लाहरूमा कानूनविद्हरू गएर प्रचार प्रसार गर्ने र चेतना जागरण गराउने कामहरू पनि भइरहेका छन् । त्यहाँ अधिकांश महिलाहरू सक्रिय सहयोगी भइरहेका समाचारहरू प्राप्त भइरहेका छन् । यति हुँदाहुँदै पनि ५१ प्रतिशत जनतालाई खुट्टैमुनि राख्छौं भनेर सांसदहरूले यदि यो विधेयक विरूद्ध व्यवहार गर्छन् भने फेरि चुनावको मैदानमा उहाँहरूसंग जनताको भेट त होला नि ! ❑

३५ पेजको बाँकी

**◆ सम्पत्ति सम्बन्धी अधिकारको स्वयं महिलाहरुले नै विरोध गरिरहेका छन् । यसबाट कुन हदसम्मको असर पर्ला र समस्या उत्पन्न होला जस्तो लाग्छ ?**

- अहिले जति महिलाहरू यसको विरोधमा आएका छन्, उहाँहरू महिला भएकै कारणले विरोधमा आउँनुभएको जस्तो लाग्दैन । कतिपय पुरूषहरू पनि यसको विरोधमा लागेका छन् । त्यसकारण केही महिलाहरू यसको विरोधमा लाग्नु स्वभाविक नै हो ।

विरोधमा लाग्नुका दुईवटा कारण भए जस्तो लाग्छ ।

एउटा कारण- संक्रमणकालमा अहिलेको भन्दा भिन्दै खालको झण्झटलाग्दा समस्याहरू भोग्न समाज बाध्य हुन्छ । त्यसकारण यो संक्रमण कालदेखि आत्तिएर पनि यी कुराहरू उठाएको हुन सक्छ ।

दोस्रो कुरा- महिलाहरूले सम्पत्ति पाएपछि केही नकारात्मक असरहरू पर्ने देखेका छन् । ती असरहरूदेखि तर्सेर पनि यसको विरोध गरेको हुन सक्छ ।

**◆ छोरीलाई अंश दिने भन्ने कुरालाई लिएर जुन वादविवाद र छलफल चलिरहेको छ, त्यो गहिरो रुपमा र पर्याप्त मात्रामा भएको जस्तो तपाईंलाई लाग्छ ?**


- यो छलफल र बादविवाद पर्याप्त मात्रामा चलेजस्तो लाग्दैन । यद्यपि कुनै कुनै महिला संगठनहरूले यसको छलफल व्यापक रूपमा चलाएका छन् र अरू कतिपय विषयहरूमा भन्दा बढी नै छलफलहरू भइरहेका पनि छन् । तर पनि यसको जति गहिरो र व्यापक असर हुन्छ, त्यसको दाँजोमा अहिलेको वादविवाद त्यति पुगेजस्तो मलाई लाग्दैन । खास गरेर, ग्रामीण क्षेत्रमा छलफल पुगिरहेको देखिन्न । हुन त महिला-एन.जी.ओ र महिला मन्त्रालयले विभिन्न ठाउँहरूमा महिलाहरूको भेला गरेर यसबारेको धारणा बुझिराखेको छ । तर पनि त्यो भेलामा आउँने महिला वा पुरूषहरूले ग्रामीण क्षेत्रका महिलाको सही प्रतिनिधित्व गरिराखेका छन् कि छैनन् भन्ने कुरामा मलाई शंका लाग्छ । किनकि यस्ता खालका छलफलहरू कि त ज्यादै नकारात्मक धारणा राख्ने कि त ज्यादै सकारात्मक धारणा राख्ने मान्छेले गरिराखेका छन् । निकै प्रायोजित र संपादित छलफल भइरहेको छ । विचारको अवैध संपादन भइरहेको छ । ❑

# के त्रुटि छ अदालतको फैसलामा ?


–गोपालकृष्ण सिवाकोटी

अधिवक्ताद्वय मीरा खनाल र मीरा ढुंगानाले २०५० सालमा सर्वोच्च अदालतमा "संविधानको धारा १ बमोजिम संविधानसंग बाझिएको कानूनको धारा ८८(१) बमोजिम खारेज घोषित गर्ने आदेश गरी पाउँ" भनी निवेदन हाल्नुभएको थियो । सो निवेदनको फैसला निम्न बमोजिम छ-

*"......परम्परादेखि चलिआएको हाम्रो जस्तो पितृसत्तात्मक समाजको संरचनामा नै यसबाट ठूलो असर पुग्दछ । छोरी विवाह गरेर जान बाध्य हुन्न भने अर्कोतिर, अंशवण्डाको १६ नं. लाई असंवैधानिक भनी छोरीले छोरासरह अंश पाउने व्यवस्था गर्दा विवाह भएकी छोरीले आफ्नो पिता तथा लोग्ने दुवैको सम्पत्तिबाट अंश प्राप्त गर्ने अधिकार हुनजाने र छोराले पिताको सम्पत्तिबाट मात्र अंश प्राप्त गर्ने अधिकार राख्ने भई अंश प्राप्त हुने अधिकारको सम्बन्धमा छोरीमा छोराभन्दा बढी अंश प्राप्त गर्ने अधिकारको सृजना भई छोरालाई भेदभाव हुनजाने अवस्थाको सृजना हुनजान्छ । सम्पत्तिको अधिकारको सम्बन्धमा बनेका राज्यका सम्पूर्ण कानूनमा यसले असर पुऱ्याउँछ । यसर्थ, अंशवण्डाको १६ नं. लाई अमान्य घोषित गरी छोरीले छोरासरह अंश पाउने व्यवस्था गर्नु नै समस्याको समाधान होइन । लामो समयदेखि समाजले अवलम्बन गर्दै आएको परम्परागत सामाजिक व्यवहार र सामाजिक मान्यताका कुराहरू एकाएक परिवर्तन गर्दा समाजले कतिपय कुराहरू आत्मसात गर्न नसक्ने हुनजान्छ र यस्तो भएमा विचार गर्न नसक्ने भिन्नै स्थिति उत्पन्न हुनजान्छ । तसर्थ एकाएक निर्णयमा पुग्नुअघि समानता सम्बन्धी संवैधानिक व्यवस्थालाई समेत विचार गरी व्यापक छलफल र विचार विमर्श गरी न्यायोचित व्यवस्था हुनुपर्दछ । सम्पत्ति सम्बन्धी पारिवारिक कानूनलाई समष्टिगत रूपमा विचार गर्नुपर्ने हुँदा यस सम्बन्धमा मान्यता प्राप्त महिला संगठन, समाजशास्त्रीहरू, सम्बन्धित सामाजिक संगठन तथा कानूनविदहरू समेतसंग आवश्यक परामर्श गरी अन्य देशहरूमा यस सम्बन्धमा भएको कानूनी व्यवस्थालाई समेत अध्ययन र मनन गरी यो आदेश प्राप्त भएको मितिले एक वर्षभित्रमा संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न श्री ५ को सरकालाई निर्देशन दिने भनी यो निर्देशनात्मक आदेश जारी गरिएको छ...... ।" (२०५२, श्रावण १८ गते)*



सर्वोच्चको फैसलाको प्रतिलिपि



सर्वोच्च अदालतको यो फैसलाले महत्वपूर्ण सवालमा राष्ट्रिय बहस खुला त गरेको छ । तर यसमा एउटा पुरूषप्रधान पुरातन चिन्तन झल्किएको छ । यसले प्रत्यक्ष रूपमा पितृसत्तात्मक समाजको संरचनालाई समर्थन गरेको छ । फैसलाले देशको आधा जनसंख्यालाई नागरिकको रूपमा सम्म समर्थन गरेको देखिएन । यसबाट महिला समानताको सिंगो अभियान नै विखण्डित हुनजाने खतरा बढेको छ । किनभने, यो फैसला परम्परादेखि चलिआएको असमानतामुखी पुरूषप्रधान संरचना नै भत्किएला भन्ने कुरामा भयभीत देखिन्छ ।

आर्थिक रूपमा पुरूष-निर्भर महिलाहरूले सम्पत्तिको अधिकार पाएपछि पुरूषप्रधान समाजको संरचना भत्किन्छ नै । पुरूषप्रधान समाज भत्किएन भने महिला समानताको सृजना हुन्छ नै कसरी ? कुनै पनि नयाँ र प्रगतिशील कुराहरू स्थापित हुन पुराना र प्रतिगामी कुराहरूको अन्त हुनुपर्छ नै । पुरानो पुरूषप्रधान समाज पनि जस्ताको तस्तै राख्ने, महिला समानता पनि स्थापित गर्ने भन्ने कुरा एकैसाथ कसरी सम्भव हुन्छ ?

यस सन्दर्भमा हेर्न हो भने, अदालतको फैसला आफैँमा बाझिएको छ । एकातिर यसले संवैधानिक व्यवस्थालाई विचार गरेर विदेशको समेत अध्ययन गरी एक वर्षभित्र महिलाहरूको सम्पत्ति हक सम्बन्धी विधेयक संसदमा पेश गर्न सरकारलाई निर्देशन आदेश दिएको छ ।

**तान्जानियाको सर्वोच्च अदालतले महिलाको पैतृक सम्पत्तिको अधिकारको सम्बन्धमा लिएको उदार फैसला हाम्रो न्यायपालिकाले समेत ग्रहण गर्नु सान्दर्भिक देखिन्छ ।**

अर्कोतिर, फैसला "परम्परादेखि चलिआएको हाम्रो जस्तो पितृसत्तात्मक संरचनामा यसले ठूलो असर पर्छ" भनेर डराएको छ ।

संविधानको अन्तिम व्याख्याताको रूपमा रहेको न्यायपालिकाले सम्पत्तिमा छोरीको समान अधिकारको प्रश्नलाई लिएर गरेको यो निर्णयले समस्या झन जटील बन्न पुगेको छ । संविधानको व्याख्याता भएका हाम्रा वरिष्ठ न्यायाधीशहरू नै महिलालाई समानता प्रदान गर्ने फैसलामा मानव अधिकारको सिद्धान्तलाई प्रयोग गर्न कन्जुस्याई गर्छन् भने अरू कसले न्याय दिन्छ भनेर आशा गर्ने ?

यस्तो पृष्ठभूमिमा, अदालतको यो फैसलाबाट छोरीहरूको सम्पत्तिको हकमा समानताको कानून नै बनिहाले तापनि त्यो कानून व्यवहारिक रूपमा लागू हुन अझै निकै चुनौतीहरू बाँकी हुने लक्षण देखिएको छ ।

यसै सन्दर्भमा-तान्जानियाको सर्वोच्च अदालतले महिलाको पैतृक सम्पत्तिको अधिकारको सम्बन्धमा लिएको उदार फैसला हाम्रो न्यायपालिकाले समेत ग्रहण गर्नु सान्दर्भिक देखिन्छ ।

उक्त मुद्दामा त्यहाँको अदालतले केवल महिलाको पैतृक सम्पत्तिको पक्षमा मात्र फैसला गरेन, बल्कि, महिलालाई सम्पत्तिको मालिक हुने र सम्पत्ति बिक्री गर्न पाउने अधिकारको सुरक्षा गर्दै त्यहाँको राष्ट्रिय कानून समेत सोही अनुरूप परिमार्जित गर्ने आदेश दिएको छ । त्यस्तै, भारतको उच्च न्यायालयले इस्लामिक कानून अन्तर्गतका भरणपोषण तथा अभिभावकत्व सम्बन्धी प्रावधानलाई केन्द्रीय कानूनसंग तादम्य गराई शाहबानोको मुद्दामा गरेको ऐतिहासिक फैसला पनि महिला समानताको पक्षमा एक गहन नजीर भएको छ ।

यसरी न्यायपालिकामा मानव अधिकारप्रतिको सुस्पष्ट दृष्टिकोणले महिला अधिकार आन्दोलनमा ऐतिहासिक परिवर्तन आउन सक्दछ ।

अन्त्यमा, यसरी सर्वोच्च आदालतले आफ्नो महिला समानताको कानूनी प्रश्नमा स्थापित मान्यतालाई बिर्सेर संसदलाई जिम्मेवारी पन्छाएको छ । अब सांसदहरूमा सामाजिक संरचनालाई प्रगतिशील नयाँ युगमा पदार्पण गराउने या यथास्थितिमा कायम राख्ने ?- ऐतिहासिक अभिभारा आएको छ । यो जिम्मेवारी भनेको एउटा महिलालाई बाबु, दाजु, भाइ र पतिमा आश्रित निरीह पात्र बनाई राख्ने कि स्वतन्त्र नागरिक बनाउने भन्ने विवेकको परीक्षण हो । ❑


**हरेक दिन अपरान्ह ताजा समाचारहरु र सटीक विश्लेषणहरु सहित प्रकाशित हुने**

**सन्ध्या टाइम्स**

**(नेपाल भाषा दैनिक)**

**प्रतिदिन**

**(नेपाली दैनिक)**

**हिसि**

**(नेपाल भाषा मासिक)**

**अवश्य पढ्नु होस् ।**



प्रसिद्ध भूगर्भविद् मिलर क्वार्लस्

# अब मान्छेको आयु पनि बढाउन सकिने !

तुलसीदास महर्जन

**वैज्ञानिकहरुका अनुसार, टेलोमेरलाई उपयुक्त प्रविधिको नियन्त्रणमा ल्याई बृद्ध भइसकेका पुराना कोषहरुमा नयाँ जीवन भर्न सकिन्छ**

कसैको उमेर १५० वर्ष भनी अहिले कसैले बताउँछ भने तपाईं त्यसलाई बकवास भन्न सक्नु हुन्छ। तर, अब यस्तो दिन पनि आउने पक्का भएको छ कि- कसैको उमेर १८० वर्ष बताउँदा पनि मानिसहरू छक्क मान्ने छैनन्। किनकि, त्यो समयमा त्यति बाँच्नु मानिसको लागि सामान्य कुरा हुनेछ।

हालै मात्र वैज्ञानिकहरूले आयुलाई नियन्त्रण गर्ने तत्व पत्ता लगाएर प्राणीहरूको आयुको हदलाई साबिकको भन्दा करीब ५० प्रतिशतसम्म लम्ब्याउन सकिने सिद्धान्त पेश गरेका छन्। स्मरणीय छ, हाल मानिसहरूको आयुको अधिकतम् हद १२० वर्ष भएको कुरा वैज्ञानिकहरू बताउँछन्। त्यसैले वैज्ञानिक प्रविधिको सहायताबाट भविष्यमा मानिसहरू करीब १८० वर्षको उमेरसम्म मजाले बाँच्न सक्ने भएका छन्।

आयु विज्ञान (New Aging Science) को अध्ययन-अनुसन्धानको लागि खोलिएको अमेरिकाको सनफ्रान्सिस्को शहरमा अवस्थित 'जेरोन जैव प्रविधि कम्पनी (Geron Biotechnology Company) का वैज्ञानिक माइक वेस्ट तथा अन्य सहयोगी वैज्ञानिकहरूले उक्त सिद्धान्त प्रतिपादन गरेका हुन्। स्मरणीय छ, यस कम्पनीका वैज्ञानिक सल्लाहकार बोर्डमा डी. एन. ए. को संरचना पत्ता लगाउने वैज्ञानिक जेम्स वाट्सन पनि रहनु भएको छ।

उनीहरूका अनुसार, जीव कोषको नाभी अर्थात् न्यूक्लेशभित्र रहने क्रोमोजोमको टुप्पामा टेलोमेर (Telomere) भन्ने एक प्रकारको वस्तु रहेको हुन्छ। यसले नै हरेक जीवको आयु निर्धारण गर्ने गर्दछ। जसरी जुत्ताको फित्ताको टुप्पामा प्लाष्टिकको कडा वस्तु रहेको हुन्छ, त्यसरी नै क्रोमोजोम रेशामा यो टेलोमेर रहेको हुन्छ।

वैज्ञानिक माइक वेस्टले टेलोमेरलाई जैविक घडी (Biological Clock) भनेर नामाकरण गरेका छन्। प्रत्येक जीवको अधिकतम् जीवनकाल वा आयुलाई निर्धारण गर्ने जिम्मेवार वस्तु भएकोले नै यसलाई जीवात्माको घडीको रूपमा बुझाउन यो नाम दिइएको हो।

जेरोनका वैज्ञानिकहरूका अनुसार, कुनै पनि जीव कोष विभाजन हुँदा विभाजित प्रत्येक कोषमा आनुवंशिक गुण बोक्ने डी.एन.ए. दुरूस्त पहिलेको कोषमा जस्तै विकसित हुन्छ। तर, टेलोमेर भने पहिलेको तुलनामा केही मात्रामा मात्र छोटिन्छ।

जीवको शरीरमा कोष विभाजन प्रक्रिया निरन्तर भइरहन्छ। कोष विभाजन हुँदा हरेक पटक टेलोमेर झन् झन् छोटिदै जान्छ। र, एउटा स्थितिमा आइपुग्दा टेलोमेर न्यूनतम् हदसम्म छोटिन्छ। त्यहाँदेखि उता यो छोटिने कुनै सम्भावना रहँदैन।

टेलोमेरको लम्बाई न्यूनतम् अवस्थामा आइपुग्दा कोष विभाजन बन्द हुन्छ, साथै कोषभित्रको प्रक्रिया धिमा गतिमा संचालन हुन थाल्दछ।। यो कोषको बृद्धावस्था हो र यस स्थितिमा कोषले क्रमशः मृत्युलाई अंगाल्नु सिवाय अरू केही गर्न सक्दैन। शरीरमा यस्ता कोषहरूको संख्या अत्यधिक भएपछि कुनै पनि जीव वा मानिस मृत्युको नजिक पुग्दछ।

वैज्ञानिकहरूका अनुसार, टेलोमेरको लम्बाईलाई कुनै उपयुक्त प्रविधि अपनाई छोटिनबाट जोगाउन सकिन्छ। टेलोमेरलाई उपयुक्त प्रविधिको नियन्त्रणमा ल्याई बृद्ध भइसकेका पुराना कोषहरूमा नयाँ जीवन भर्न सकिन्छ। अर्थात्, तिनीहरूलाई पुनः युवावस्थातर्फ फर्काउन सकिन्छ।

जेरोन कम्पनीका दुई वैज्ञानिकहरू उडरिङ्ग राइट र जेरी साईले यस सम्बन्धमा आफूहरूले गरेको प्रयोगमा धेरै हदसम्म सफलता मिलेको दावी गरेका छन्। उडरिङ्ग राइट भन्छन्, "यी प्रयोगहरू पहिलो त टेलोमेरको लम्बाईले आयुमा असर गर्छ भन्ने कुरा देखाउनका लागि हुन्।" उनी अझ अगाडि भन्छन्- 'यस प्रयोगले आयु नियन्त्रण प्रक्रियाको अन्वेषण गर्न सकिने सम्भावनालाई अत्यधिक मात्रामा बढाएको छ।' यसले गर्दा बृद्ध शरीरलाई पुनः युवावस्थामा फर्काउन सकिने सैद्धान्तिक आधार बनेको छ।

जेरोन कम्पनीमा कार्यरत वैज्ञानिकहरूले जैविक घडीको रूपमा रहेको टेलोमेरको रहस्यलाई प्रोजेरिया (Progeria) भन्ने आनुवंशिक रोगको अनुसन्धानको क्रममा पत्ता लगाएका हुन्। उनीहरूका अनुसार, यो रोग लागेका केटाकेटीहरूमा टेलोमेरको लम्बाई एक बृद्धको टेलोमेरको लम्बाई जत्तिकै छोटो हुन्छ। त्यसैले प्रोजेरियाका रोगीहरू केटाकेटी अवस्थामा नै कुनै बृद्धको जस्तो शारीरिक रूप धारण गर्दछन् र छोटो अवधिमै मर्दछन्।

जेरोन कम्पनीका वैज्ञानिकहरूले अहिले टेलोमेरलाई नियन्त्रणमा ल्याई आनुवंशिक तथा अन्य विविध रोगहरूको उपचारको पनि प्रयास गरिरहेका छन्। यसै प्रक्रियामा वैज्ञानिकहरू अहिले टेलोमेरलाई नियन्त्रणमा लिन केही हदसम्म सफल पनि भइसकेका छन्।


उनीहरूले अनुसन्धानको लागि क्यान्सर रोगलाई समेत छानेका छन्। टेलोमेरलाई नियन्त्रणमा लिने प्रविधिलाई उपयोग गरी वैज्ञानिकहरूले क्यान्सरका कोषहरूलाई नष्ट गर्ने कार्यमा केही उत्साहजनक सफलता प्राप्त गरेका छन्।

यसरी वैज्ञानिकहरूले टेलोमेरको रहस्यलाई पत्ता लगाई विभिन्न घातक रोगहरूको उपचारमा नयाँ सम्भावनाहरू जन्माएका छन्। साथै, वैज्ञानिक प्रविधि अपनाई टेलोमेरलाई छोट्टिनुबाट नियन्त्रण गरी आयुलाई अहिलेभन्दा निक्कै बेसी लम्ब्याउन सकिने सिद्धान्त प्रस्तुत गरी जेरोन कम्पनीले भविष्यको पिंढीको लागि एउटा उत्साहजनक सूचना दिएको छ।

मान्छेको आयु बढाउने यो सिद्धान्त विकास गर्ने श्रेय चाहिँ तेलसंग सम्बन्धित प्रसिद्ध भूगर्भविद मिलर क्वार्लस्लाई जान्छ। ८१ वर्षका यी धनाढ्य अमेरिकी तेल विज्ञलाई बृद्ध भए पनि चाँडै मर्ने मन भएन। त्यसैले, आयु लम्ब्याउने वैज्ञानिक उपाय खोज्नतिर उनी लागिरहे। ६ वर्ष अघि प्रसिद्ध अमेरिकी साप्ताहिक टाइममा सम्पूर्ण मानव वंशाणुको नक्सा उतार्ने अन्तर्राष्ट्रिय परियोजना सम्बन्धी एउटा वैज्ञानिक लेख पढेपछि उनलाई लाग्यो- अब आयु बढाउने वैज्ञानिक उपाय पत्ता लाग्नु सम्भव छ। त्यसपछि उनले घोषणा गरे- जुन वैज्ञानिकले यो पत्ता लगाउँछ, उसलाई १ लाख डलरको उपहार उपलब्ध गराइने छ।

यही घोषणापछि आफ्ना दन्त विशेषज्ञमार्फत् वैज्ञानिक माइक वेष्टसित उनको भेट भयो। वैज्ञानिक माइक वेष्टले क्वार्लसले उपलब्ध गराएको धनराशिबाट जेरोन कर्पोरेशन खोले। त्यसको पाँच वर्षपछि वैज्ञानिक माइक वेष्टले जेरोन कर्पोरेशनमा कार्य गर्दै जाँदा 'टेलोमेर' लाई छोट्टिनबाट नियन्त्रित गर्ने प्रविधिमार्फत् मानव आयु बढाउन सकिने वैज्ञानिक रहस्य पत्ता लगाए। ❑

स्रोत: *The Sunday Times, London*
*The Sunday Times of India*
*Jan 21, 1996*



**कुनै वैज्ञानिकहरुबीच उनीहरुका आफ्ना कुनै आविष्कारका बारेमा छलफल भयो भने उनीहरु छलफलको कस्तो विधि अप्नाउलान् ? हाम्रो जस्तै पूर्वाग्रहपीडित र हचुवापनामा आधारित विधि ?**

# आधा कुरा बुझेर वा कुरै नबुझी विवाद चलाउनेहरु

● चन्द्रदेव नेपाली

एक जना चिन्तकले एक ठाउँ भनेका छन्- आज विश्वमा वातावरण बिनाश गर्नेहरूमध्ये एक हुन्- बेकारका कुरा लेख्ने र छाप्ने व्यक्तिहरू ।

वास्तवमा, यस्तो भइरहेको छ पनि । बेकारका कुराहरू लाखौं वा हजारौंको संख्यामा छाप्दा जति कागज खर्च हुन्छ, त्यसले गर्दा साँच्चै थुप्रै रूखहरू, बनस्पतिहरू मासिइरहेछन् । किनकि, कागज त रूख वा वनस्पतिकै कच्चा पदार्थबाट बन्छ ।

वातावरण विनाशका कुरालाई एक छिन परै राखौं ।

बेकारका कुराहरू लेख्ने र छाप्ने कामले गर्दा हाम्रा अमूल्य समय र मानवीय प्रयत्नहरू खेर गइरहेका छन् । एक छिन सचेत मानिसहरूको ध्यान यसतर्फ तान्ने प्रयत्न गरौं ।

❑ एउटा पत्रिकाले एक नेताको अन्तर्वार्ता छाप्यो । त्यस अन्तरवार्ताका विवादास्पद कुराहरूको कारण नेतालाई उनका पार्टी समर्थकहरूले पनि आलोचना गरे, विरोधीहरूले पनि आलोचना गरे । ठूलै हल्लाखल्ला भयो । अखबारहरूका हेड लाइनहरू त्यही विवादका समाचारहरूले भरिए, कार्यकर्ताहरू अन्यौल र बिचल्लीमा परे । पार्टीमा चारैतिरबाट फोन आएको आयै भइरह्यो ।

पर्सि पल्ट ती नेताको स्पष्टीकरण अर्को पत्रिकामा आयो- "वास्तवमा मैले ती कुराहरू भनेकै थिइनँ, त्यो मेरो विचारै होइन, आशय नै होइन ।"

त्यत्रो हल्लाखल्ला त्यत्तिकै सामसुम भयो ।


❑ एक जना बौद्धिक व्यक्तिले अर्को बौद्धिक व्यक्तिको लेखमाथि ठूलो आलोचना गरे । आरोप-प्रत्यारोप चल्यो । त्यसमाथि अरूले पनि टिप्पणी गरे । एउटा अर्कै खाले माहौल खडा भयो । पछि दुई जना लेखकहरूले दुई घण्टा प्रत्यक्ष भेटघाट गरी छलफल गरे । छलफलबाट पत्ता लाग्यो- दुवैको मत त एउटै पो रहेछ । लेखमा व्यक्त कुराहरूलाई ठीक ढंगले नकेलाइकन नै धारणा बनाएर उनीहरू प्रतिवाद गर्न थालेका रहेछन् । विवाद त त्यसकारण पो भएको रहेछ ।

कुरा प्रष्ट भयो, विवाद सामसुम भयो ।

❑ एक जना चर्चित वामपन्थी नेताले अर्का वामपन्थी नेतालाई एउटा प्रस्ताव राखे- केही कुरामा मिलेर संगै काम गरौं भनेर । तर अर्का वामपन्थी नेताले उनको प्रस्तावमा छुटेका असंख्य बुँदाहरूको उल्लेख गरेर उनको आलोचना गर्दै लिखित जवाफ पठाए । आलोचनामा केही बिलकुलै असान्दर्भिक गाली-गलौज पनि उनले मिसाएका थिए । त्यो गाली गलौज पढेर पार्टीका नेता-कार्यकर्ताहरू जम्मै रिसाए । दुई थरि नेता र कार्यकर्ताबीच अनावश्यक तनाव र दूरी बढ्यो ।

माथिका तीन उदाहरणहरू यथार्थमा घटेका घटनामा आधारित उदाहरणहरू हुन् । यी उदाहरणहरूले नेपालमा विद्यमान एउटा सिंगै प्रवृत्तिको प्रतिनिधित्व गर्छन् । त्यसैले यहाँ यी उदाहरणका पत्रिका, बौद्धिक व्यक्तिहरू वा नेताहरूको नाम उल्लेख गर्नु जरूरी मानिएन ।

वास्तवमा, पत्रपत्रिकाहरूको काम यथार्थलाई जस्ताकोतस्तै बाहिर ल्याउनु हो । त्यो यथार्थप्रति पत्रिकाले पक्ष वा विपक्षमा आफ्नो टिप्पणी दिन सक्छ, तर यथार्थ चाहिं यथार्थ नै हुनुपर्छ । र, त्यो प्रामाणिक हुनुपर्छ । कुनै नेताले जे बोलेकै होइन, त्यो छापेर जुन विवाद खडा भयो वा खडा हुने गर्छ- त्यो बिलकुलै बेकारको विवाद हो । यस्ता बेकारका कुरामा मानवीय श्रम, स्रोत र समय खर्च गर्नु बडो दुःखलाग्दो कुरा हो ।




यस्ता दुःखलाग्दा कुराहरू यहाँ बारबार हुने गरेका छन् । कसैले "म चिया मन पराउँछु" भनेको छ भने उसको चियाप्रतिको रूचिमाथि नै अरू कसैले आलोचना गर्छ भने त्यो ठीकै कुरा हो । तर उक्त चिया मन पराउने व्यक्तिले "कफी मन पराउँछु भन्यो" भनी झूठो रिपोटिङ्ग गरेर त्यस झूठो कुरोमाथि आलोचना-प्रत्यालोचना गर्नुको के अर्थ हुन्छ ? के यस्ता कुरामा समय खर्च गर्नु समयको बर्बादी मात्र होइन ? यो के सभ्य समाजको लागि सुहाउने कुरा हो ?

कतिपय पत्रपत्रिकाहरू "सनसनी" बेच्नका निम्ति यस्ता हावादारी र अनैतिक कामहरू यहाँ निरन्तर गरिरहेका छन् । "पर्यवेक्षकहरूले जनाएका छन्", "अनुमान गरिएको छ", "हल्ला चलेको छ" जस्ता फुर्काहरू जोड्दै उनीहरू घरै बसीबसी 'कोठे समाचार' बनाएर छाप्छन् र निहीत स्वार्थ पूरा गर्छन् ।

आधा कुरा बुझेर वा जे छ, त्योभन्दा फरक कुरा बुझेर ठूला ठूला बहस चलाउने बुद्धिजीवीहरू पनि नेपालमा प्रशस्तै छन् । प्रायः यहाँका आम बहसहरूमा "मैले भनेको कुरा उहाँले बुझिदिनु भएन" भन्ने जस्ता स्पष्टीकरणहरू ज्यादा सुन्न वा पढ्न पाइन्छन् । जसले जे भन्न खोजेको हो, त्यही कुरा बुझेर त्यसमा सहमति वा असहमति राख्नु र विवाद गर्नु राम्रो कुरा हो । तर जसले जे भन्न खोजेकै हैन, त्यसमाथि ठूला ठूला रामायण, महाभारत जत्रा ठेली नै लेख्नुको पनि के अर्थ रहन्छ ?

एउटै मत रहेका मान्छेहरू बुझ्नु र बुझाउनुमा भएका त्रुटीका कारण टाढा हुनु र उनीहरूबीच बाझाबाझ हुनु के राम्रो कुरा हो र ?

अर्को पार्टी नेताले संगै मिलेर काम गरौं भनी राखेका प्रस्तावका बुँदाहरूमा अरू थुप्रै कुरा नपर्नु स्वाभाविकै हो । प्रस्तावित कुराहरूमा संगै काम गर्न आफू सहमत हुनु वा नहुनुको कारण कसैले व्यक्त गर्छ भने त्यो ठीकै कुरा हो । तर स्वाभाविक रूपमा त्यस प्रस्तावमा छुटेका कुराहरूलाई लिएर अत्तो थाप्नुको अर्थ के ?

"एक छिन चौतारीमा संगै बसौं" भनी कसैले भनेको छ भने चौतारीमा आफू बस्छु वा बस्दिनँ भनी तर्क वा विवाद गर्नु उचित हो । तर "तैंले किन चौतारोमा मात्रै बसौं भनिस् ? वा किन कोठामा बसौं भनिनस् वा होटेलमा बसौं किन भनिनस् वा पार्कमा बसौं भन्ने कुरा किन छुटाइस् ?" आदि भनेर अनन्त लामो विवाद गर्नु के राम्रो हो ?

यथार्थमा भन्ने हो भने यस्तो हुनुमा हामीभित्रको पूर्वाग्रह वा हचुवापना जिम्मेवार छन् ।

कुनै व्यक्ति वा पार्टीप्रति ठूलो पूर्वाग्रह आफ्नो मनमा छ । त्यही पूर्वाग्रहका कारण कुनै पत्रकारले कुनै नेतालाई बेकारमा विवादमा मुछ्न खोज्ने, कुनै बौद्धिक व्यक्तिले अर्कोको कुरा जानीजानी बटारेर पेश गर्ने वा कुनै वामपार्टीका नेताले अर्को वामपार्टीका नेताको संगै काम गर्ने सीमित प्रस्तावहरूमाथि नानाभाँतीका अत्तो थाप्ने काम यहाँ हुँदै आएका छन् । अर्को वाम पार्टीले भनेको हरेक कुरालाई आँखा

चिम्लेर विरोध गर्ने वामपार्टीहरू पनि यहाँ छन्। तथ्य, सत्यसंग हैन, उनीहरूलाई आफ्नो पूर्वाग्रहसंग मात्र मतलब छ। त्यसैले उनीहरू अर्का वामपार्टीलाई विरोध गर्न वर्ग-शत्रु खेमासंग एक हुन समेत पुग्ने गरेका छन्।

सकेसम्म पूर्वाग्रही भएर काम गर्न नचाहने हामी इमान्दार व्यक्तिहरू कति चाहिं हचुवापनका शिकार भएका छौं। वादविवाद गर्ने कुनै पनि सवालमा गहिराइमा कुरा बुझेर र प्रामाणिक भएर मात्र लेख्ने, बोल्ने र छलफल गर्ने प्रवृत्ति हामीमा निकै कम छ या छँदैछैन। त्यो नहुनुका कारण हामी सतही वा बोक्रे कुरामा विवाद चर्काएर समय बर्बाद गरिरहेका हुन्छौं, कागज र मसी उत्तिकै खर्चिरहेका हुन्छौं। एवं, अन्ततः 'वातावरण विनाश गर्न' हामी बेकारमा लागि परिरहेका हुन्छौं।

हचुवापनाले छलफल, वादविवाद वा प्रस्तुतिको प्राज्ञिक स्तरलाई नकार्दो रहेछ। साँच्चिका प्रबुद्ध, प्राज्ञिक मानिसहरू द्वन्द्वलाई जे छ, त्यही बुझ्ने र त्यसै अनुसार आफ्नो मत बनाउने गर्छन्। समग्रमा कुरा बुझ्ने र उक्त समग्रमा आफ्नो मतैक्यता वा मतभेद कहाँनेर पर्छ, त्यो खुट्याउने गर्छन्। यसपछि, उनीहरू आवेग वा भावावेशमा नडुबीकन आफ्नो भिन्न मत अरूसामु राख्ने गर्दछन्। द्वन्द्वहरूमा यो स्तर कायम हुने हो भने मात्र पनि हाम्रा समाजका थुप्रै झिना र कृत्रिम विवादहरूको थान्को लाग्न पुग्छ। तब जे विवाद बाँकी रहन्छन्, ती साँच्चिका विवाद मात्र बाँकी रहन्छन्, जसको हल गर्नाले नयाँ बाटो खुल्ने हुन्छ।

छलफल, वादविवाद वा प्रस्तुतिको पनि वैज्ञानिक विधि र स्तर हुन्छ। प्रामाणिक रूपमा तथ्य पत्ता लगाई त्यसलाई पेश गर्ने र त्यसमा सहमति वा असहमति जनाउने कामलाई यो विधि र स्तरले पछ्याउँछ।

मानौं, कुनै वैज्ञानिकहरूबीच उनीहरूका आफ्ना कुनै आविष्कारका बारेमा छलफल भयो भने उनीहरू छलफलको कस्तो विधि अप्नाउलान्? हाम्रो जस्तै पूर्वाग्रहपीडित र हचुवापनामा आधारित विधि?

बिलकुलै हैन।

पहिलो कुरा त, उनीहरू आफ्नो वैज्ञानिक खोजलाई प्रामाणिक बनाउने कोशिस गर्छन्। त्यो प्रामाणिक भएपछि जब उनीहरू त्यसलाई छलफलमा ल्याउँछन्, उनीहरू त्यस्तो आपसी छलफलमा एकअर्काका मिल्दा निचोडहरूलाई "हामी यति कुरामा एकमत छौं" भनी सहजै स्वीकार्छन्। जेमा उनीहरू फरक छन्, ती कुरामा मात्र उनीहरू बहस र थप खोज गर्छन्। जुन निचोड निक्लेको तरीका उनीहरूलाई चित्त बुझ्दैन, त्यसमा उनीहरू "यसमा चाहिं म प्रकृयामै असहमति राख्छु" भनी त्यो निचोडमा पुग्दा प्रयोग भएको प्रकृया नै ठीक कि बेठीक भनी खोतलेर केलाउन थाल्छन्। अर्थको अनर्थ लगाएर वा अर्थको अनर्थ बुझेर बेकारमा समय र स्रोत-साधनको खर्च त्यहाँ पटक्कै गरिन्न।

**जसले जे भन्न खोजेकै हैन, त्यसमाथि ठूला ठूला रामायण, महाभारत जत्रा ठेली नै लेख्नुको पनि के अर्थ रहन्छ ?**

हामीले उनीहरूबाट सिक्नु जरूरी छ कि छैन ? सिक्नु जरूरी छ भने, यो सिक्ने चाहिँ कहिले ?

पाठक वा पार्टी कार्यकर्ता वा जनताले पनि पत्रकार, बुद्धिजीवी वा नेताहरू अथवा जो कोहीबाट पनि प्रस्तुति र वादविवादको सन्दर्भमा यो "प्राज्ञिक स्तर"को माग गर्ने कि नगर्ने ? यो प्रश्न हामीतिर तेर्सिएको छ। ❑

## रूसी चुनावको ताजा हाल

घटना र प्रवृत्ति

सारा संसारको ध्यान तानेको रूसी राष्ट्रपतिको चुनावको पहिलो राउण्डमा कुनै उम्मेदवारले पनि जित्नका लागि आवश्यक पचास प्रतिशतभन्दा बेसी मत हासिल गर्न सकेन। त्यसैले त्यहाँको संवैधानिक प्रावधानअनुसार यही असार १९ गतेको दोस्रो राउण्डको चुनावमा सबैभन्दा बेसी मत ल्याउने दुई जना प्रतिद्वन्दीबीच मात्र चुनावी प्रतिस्पर्धा हुनेछ।

ती सबैभन्दा बेसी मत ल्याउने दुई प्रतिद्वन्दी भएका छन्- स्वयम् वर्तमान रूसी राष्ट्रपति बोरीस येल्तसीन र रूसी कम्युनिष्ट पार्टीका नेता गेन्नाडी ज्युगानोभ।

येल्तसीनले पहिलो राउण्डको चुनावमा ३५.२८ प्रतिशत मत प्राप्त गरेका छन् र ज्युगोनोभले ३२.०४ प्रतिशत। तेस्रो स्थानमा अफगान युद्धका नायक राष्ट्रवादी जनरल ल्यावेद आएका छन्, जसले कुल मतको १४.५ प्रतिशत अंश हासिल गरेका छन्। सिर्फ ०.५१ मत र सातौं स्थान ल्याएर गोर्वाचोभले चुनावमा ठूलो लोप्पा खानु परेको छ।

येल्तसीनले पहिलो स्थान ल्याउनुका पछाडि उनले शहरी क्षेत्रको युवा पुस्ताको मोजमस्तीका निम्ति बहाएको पैसाको खोलो, इलेक्ट्रोनिक मेडियामार्फत् उनले गरेको एकलौटी र एकछत्र प्रचार अभियान र केही नयाँ चुनावी तिगडमहरूलाई मुख्य कारक तत्वका रूपमा ठानिएको छ।

यस बाहेक, उनले पूर्व सोभियतसंघ व्यूँझाउने ज्युगानोभको लोकप्रिय नारालाई फेल खवाउन बेलारूस, कजाखस्तान र किर्जिकिस्तानका बीच खुकुलो संघ बनाउने संझौतामा हस्ताक्षर गरे। राष्ट्रवादीहरूको मत जित्न चेचेन विद्रोहीहरूसंग चेचेन युद्ध रोक्ने बारेमा संझौता गरे। प्रान्तहरूलाई बढी अनुदानको घोषणा गरे। बूढाहरूको पेन्सन र मजदूरहरूको तलबको सुरक्षाको घोषणा गरे। र, CNN र पश्चिमेली संचार माध्यमलाई गुहारेर फर्जी जनमत संकलन समेत गराए, जसमा हमेशा येल्तसीनको ९/१० प्रतिशत मत बढी आएको देखाइन्थ्यो।

यी सबै साजिसका फलस्वरूप पनि, उनले आवश्यक मत हासिल गर्न सकेनन्, जुन जित्नको लागि जरूरी थियो। उनको मत ज्युगानोभको भन्दा तीन प्रतिशत मात्र बढी रह्यो।

अब दोस्रो राउण्डको चुनावमा पनि जित्नका लाग आवश्यक मत प्राप्त हुन नसक्ने व्यापक संभावना देखिएकोले येल्तसीन आफ्नो विजयको निम्ति सारा उपाय प्रयोग गर्नतिर लागिरहेछन्। उनले कम्युनिष्टहरूलाई 'जसरी पनि' सत्तामा आउन नदिने घोषणा गरेका छन्। उनको यो 'जसरी पनि' निकै अर्थपूर्ण र खतरनाक छ। र, उनले कम्युनिष्टले जितेमा 'गृहयुद्ध' को धम्की समेत दिएका छन्।

उनले आफ्नो पक्षमा राष्ट्रवादी मत तान्न सर्वप्रथम आफ्ना रक्षामंत्री जनरल ग्राचेभलाई बलीको बोको बनाएका छन्। उनलाई बर्खास्त गरेर उनको ठाउँमा राष्ट्रवादी जनरल ल्यावेदलाई ल्याइएको छ। अरू तीन जना उनका निकटस्थ 'कट्टरपन्थी' हरूलाई पनि पदबाट बर्खास्त गरिएको छ, जसमध्ये एक जना त केजीबीको सट्टामा स्थापित गुप्तचर संस्थाका प्रमुख जनरल बार्सुकोभ पनि छन्। कट्टर राष्ट्रवादी झिरिनोभ्स्कीलाई पनि येल्तसीनले पद र पैसाले किनिसकेका छन्। तर भनिन्छ, जनरल ल्यावेद र झिरिनोभ्स्कीको पक्षको बेसी मत येल्तसीनको पक्षमा होइन, ज्युगानोभको पक्षमै आउनेछ।

उता, यल्तसीनले रेडियो र टेलिभिजनमा ज्युगानोभको प्रचार अभियानलाई यथासंभव निषेध गरेका छन्। सारा इलेक्ट्रोनिक मेडियालाई येल्तसीनले आफ्नो कब्जामा लिएका छन्। संपूर्ण पश्चिमेली संचार माध्यम अहिले येल्तसीनको पक्षमा कम्मर कसेर ओइरिएको छ।

ज्युगानोभको पक्षमा २५ वटा पार्टी वा संगठनहरूको समर्थन प्राप्त छ। र उनीहरू 'घर दैलो अभियान' र विशाल आम सभा एवं पोष्टर-पर्चामार्फत् आफ्नो चुनावी अभियान अघि बढाउँदैछन्।

ज्युगानोभले यो अभियानमा कुनै समाजवादी कार्यक्रम प्रस्तुत गरेका छैनन्। उनको कार्यक्रमको चरित्र मूलतः राष्ट्रवादी र सामाजिक जनवादी देखिन्छ। सामाजिक सुरक्षा कार्यक्रम, बहुसंरचनागत मिश्रित अर्थतन्त्र र पूर्व सोभियत संघको स्वेच्छिक पुनर्स्थापना उनका मुख्य कार्यक्रमको रूपमा प्रस्तुत भएको छ। तर यतिमै पनि सारा पश्चिमेली पूँजीवादी विश्व भयभीत र आतंकित भएको छ। र, उनलाई कुनै पनि हालतमा जित्न नदिन मरिहत्ते गरेर लागिरहेछ।

यी सारा उपायहरूका बावजूद येल्तसीनलाई जित्न अझै सजिलो छैन। बढी संभव छ, उनले 'जसरी पनि' जित्ने उपाय अप्नाउने छन्। यो 'जसरी पनि' ले येल्तसीनलाई त फेरि सत्तामा ल्याउन सक्ला। तर यो उपाय उनको निम्ति धेरै महँगो पनि पर्न सक्दछ। शायद उनको यही 'जसरी पनि' जित्ने उपायबारे पूर्णरूपले अवगत भएर हुनसक्छ, ज्युगोनोले 'राष्ट्रियु सरकार' को प्रस्ताव गरेका छन्। यो प्रस्ताव येल्तसीनले मान्ने छैनन्। यो निश्चित प्रायः छ।

❑ श्याम श्रेष्ठ

### रूसी चुनावको परिणाम

| उम्मेदवार | मत | प्रतिशत |
|---|---|---|
| १. येल्तसीन | २.६७ करोड | ३५.२८ |
| २. ज्युगानोभ | २.४७ " | ३२.०४ |
| ३. ल्यावेद | १.०९ " | १४.५२ |
| ४. याब्लीन्स्की | ०.५५ " | ७.४३ |
| ५. झिरिनोभ्स्की | ०.४३ " | ५.७ |

प्रत्येक सोमबार प्रकाशित हुने साप्ताहिक

जन एकता साप्ताहिक

अवश्य पढ्नुहोस्।

## विगतदेखिका अंकहरूबारे

विगत पाँच वर्षदेखि म 'मूल्याङ्कन मासिक' को नियमित पाठक बन्ने प्रयासमा छु । यस बीचमा, विदेशी सेवामा समर्पित रहनु पर्नाको कारण कैयौं अंकहरू छुट्न पुगे होलान् । तर जेजति मूल्याङ्कनहरू मेरा हात परे, ती सबैले मिश्रित प्रभाव छोड्न सफल भएका छन् । राष्ट्रिय-अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको सन्दर्भमा यो मासिक सर्वाधिक राम्रो खुराक सावित भएको छ । साँच्चि नै यस मासिकको नियमित अध्ययनले जो कोहीलाई पनि अध्यारोबाट उज्यालोतर्फ लैजाने छ । क्यूबाली क्रान्तिका नेता तथा वर्तमान क्यूबाली राष्ट्रपति फिडेल क्यास्त्रोका सहयोद्धा क. चे ग्वेभाराको जीवनको झाँकीले अथाह प्रेरणा र उर्जा थपेको छ । चिलीको राज्य विप्लव र इण्डोनेशियाको नर संहारको बयान अमेरिकी साम्राज्यवादप्रति अत्यन्तै रोष उत्पन्न गराउन सक्षम छ । त्यस्तै, भारतीय कम्युनष्टि आन्दोलनमा SUCI (Socialist Unity Contre of India) द्वारा दुर्गापुरस्थित कम्युनिष्ट व्यवस्थाको स्थापनापूर्व नै कम्युन जीवनको थालनीले प्रयोगात्मक शिक्षा दिएको छ । नेपालको कम्युनिष्ट आन्दोलनभित्र देखा परेका विभिन्न प्रवृत्ति र विभिन्न वाम घटकका नेताहरुलाई एउटै मञ्चमा ल्याएर विचार अन्तर्क्रियामुखी कार्यक्रम संचालन गर्न सक्नुलाई आफैंमा एउटा साहसिक कार्य हो भन्ने ठानेका छु । हामी जस्ता प्रवासमा सेवारत रहनेहरूका लागि यसको सुगम बजारको अभावले ज्यादै पिरोलेको छ ।

समग्रमा भन्नुपर्दा, यो मासिक ज्ञानवर्द्धक छ, उपयोगी छ, मार्गदर्शक छ र हरेक नेपाली पाठकको मन जित्न सक्षम छ भन्नुमा अतिशयोक्ति नहोला ।

***-पदमराज सेन ठकुरी***
**तनहुँ (हाल भारतीय सेनामा)**

## अति नै संग्रहणीय अंक

आजसम्म प्रकाशित 'मूल्यांकन'मध्ये सारपूर्ण विचार अन्तर्क्रियामुखी ३८ औं अंक अति नै संग्रहणीय लाग्यो । यसमा भएका नेपालका वामपन्थी पार्टीहरूको तुलनात्मक अध्ययनपूर्ण लेख तथा सिद्धान्त, वर्ग प्रतिनिधित्व, लक्ष्य, भावी रणनीति तथा कार्यनीति जस्ता विविध विचारहरू अति नै सान्दर्भिक छन् । त्यस्तै, इटालीमा वाम सरकार र क. चे. ग्वेभाराको जीवनी, सुलोचना मानन्धरको 'चीनमा बस्दाको सम्झना' जस्ता लेख अति नै रोचक ढंगले प्रस्तुत गरिएका छन् । यसको लागि 'मूल्यांकन' मासिकलाई धन्यवाद ।

***-रामकृष्ण काफ्ले*, बानेचोक**
**देउराली- ३, मगरस्वाँरा, स्याङ्जा**

## वाम एकताका निम्ति

'मूल्यांकन' पूर्णाङ्क ३८ ले संयुक्त वाम आन्दोलनको अनिवार्यता, अपरिहार्यता तथा आवश्यकतालाई मध्यनजर राख्दै समानताका संभावित आधारभूत बिन्दुहरूलाई केलाई नेपालका तमाम् वामपन्थी पार्टीहरू एवं तिनका नेता, कार्यकर्ताहरूमाझ आम कार्यक्रम र न्यूनतम साझा कार्यक्रमहरू विस्तृत र व्यापक बहस अनि सोचका निम्ति चिरफार गरेर छोडिदिएको छ ।

देशभक्त, प्रगतिशील र जनवादी समूह एवं लाखौं जनताको दमित र कुण्ठित अभिलाषा तथा चाहना हो यो, जसलाई खुल्ला रूपमा उजागर गरिदिने मूल्यांकनलाई मुरी मुरी धन्यवाद दिदै व्यक्तिगत रूपले हार्दिक ऐक्यबद्धता जाहेर गर्दछु ।

गिरिजाप्रसाद कोराला जस्तो कट्टर वामपन्थी विरोधीले नेकाको नेतृत्व सम्हालिरहेको वर्तमान परिप्रेक्ष्यमा त्यसको प्रतिकारस्वरूप, अनि, सर्वहारा श्रमजीवी वर्गको मुक्तिका खातिर सबै असमझदारी र संकीर्णताका साङ्गलाहरू चुडाएर, एक आपसका आरोप प्रत्यारोपहरू पन्छाएर कार्यगत रूपले मात्रै भए पनि दिगो एकताको निम्ति सबै वामपन्थी पार्टीहरू संगठित मोर्चामा सामेल हुनुपर्छ । आज देश, काल र परिस्थितिले यही चाहिरहेछ ।

क्रान्तिकारिताको माग गर्दै पलायन हुनेहरूलाई चन्द्रदेव नेपालीले "तिर्खा लाग्दा सातु खाने" ठहऱ्याएर वर्तमान नेपाली राजनीतिक परिदृश्यलाई हुबहु उतार्नु भएको छ ।

अन्य सामग्रीहरू पनि पठनीय नै छन् ।

***-प्रकाशचन्द्र ओडारी*, आठराई**
**रेडिमेड सेन्टर, उर्लाबारी- ४, मोरङ्ग**

## भारत, पाण्डिचेरीबाट

यो पत्रिका देशको शोषित-पीडित वर्गको मुक्तिको लागि वैचारिक हतियार बनेको छ भने, यो शोषक सामन्त वर्गहरूको निम्ति एक विषालु काँडा पनि हो । यस मासिकले नेपाली कम्युनिष्ट आन्दोलनलाई सही दिशमा अगाडि बढाउनुका साथै मुक्तिकामी श्रमजीवी वर्गहरूलाई राजनीतिक, सैद्धान्तिक क्षेत्रमा जानकारी प्रदान गरेर उँचो योगदान प्रदान गरेको छ ।

मूल्यांकनमा नेकपा मसालका क. दीनानाथ शर्मा र एकता केन्द्रका क. निर्मल लामाहरूको सैद्धान्तिक विचारलाई पनि प्रकाशित गर्न हुन हामी विनम्र अनुरोध गर्दछौं ।

***-अर्जुन खड्का, जी.बी. गायक, एच. बी. गायक*, पाण्डिचेरी (दक्षिण भारत)**

## जीवनी दिइयोस्

नेपालका वाम नेताहरू, जसले पञ्चायती तानाशाही अस्तित्वलाई समाप्त गर्न आफ्नो ज्यानको पनि बलिदान गरेर गए, उनीहरूको लडाकुपना, उनीहरूले समाजको उन्नति-प्रगतिमा गरेका योगदानको बारेमा हरेक अंकहरूमा क्रमशः प्रकाशित गर्ने हो भने- वर्तमान समयका वाम झुकाववाला सचेत युवाहरूमा आफ्नो चारित्रिक व्यवहारमा परिवर्तन ल्याउन यो मार्गदर्शक बन्ने थियो ।

नेपालमा हालसम्म दिवंगत भइसक्नु भएका वामपन्थी नेताहरू क. पुष्पलाल श्रेष्ठ, क. मदन भण्डारी, क. जीवराज आश्रित, क. ऋषि देवकोटा 'आजाद' आदि-आदि चर्चित नेताहरूका धारावाहिक जीवन-गाथाहरू मूल्यांकनले प्रकाशित गर्ने गरोस् ।

***-विवश विप्र*, बाहुनतिल्पुङ्ग- ९,**
**पिप्ले, सिन्धुली**

## सोच्न बाध्य पारेको छ

अंक ३८ को आवरण कथामा प्रस्तुत 'नेपालका वामपन्थी पार्टीहरू कति समान, कति भिन्न ?' शीर्षकको लेखले सबै पार्टीका नेता, कार्यकर्ता, शुभेच्छुक र आम वामपन्थीहरूलाई निधार खुम्चाएर सोच्न बाध्य पारेको छ । दीर्घकालीन उद्देश्य, तत्कालीन नीति, प्रमुख शत्रु र मित्र आदि सवालहरूका बारेमा यति धेरै समानता हुँदाहुँदै पनि किन यी पार्टीका नेतृत्व वर्गबाट जबरजस्ती आफूलाई अरूभन्दा भिन्न देखाउने प्रयत्न भइरहेछ ? सबै पार्टीका कार्यकर्ताले इमान्दार भएर सोच्नु परेको छ ।

आजभोलि दार्शनिक चिन्तन सम्बन्धी लेखहरू आउन किन बन्द भएका हुन् ? दर्शन र चिन्तन सम्बन्धी लेख नियमित रूपमा दिने गरेमा शायद यो पत्रिकामा खोट लगाउने ठाउँ भेटिदैन थियो कि ?

***-परशुराम नेपाल*, निजगढ, बारा**

## के के उपयोगी लागे ?

म नियमित पाठक हुँ ।

'मूल्यांकन' को गतांकमा नेपालका वाम पार्टीहरूका नीति र रणनीति, इटालीको वाम विजय, क. चे. ग्वेभाराको साहसिक जीवनी एकदमै उपयोगी लागे ।

***-दीपक योगी "डोबोटी"*, दाखा**
**क्वाडी- ६, प्युठान**

## अशुद्धि

गतांकमा कभरमै 'बामपन्थी' शब्दलाई "बाममन्थी" कसरी लेखियो ? यो अशुद्धि देख्दा दुःख लाग्यो । यस्ता अशुद्धिहरूले 'मूल्यांकन'को छवि बिगार्ने हुनाले आइन्दा यस्तो नहोस् भन्ने सुझाव राख्दछु ।

***-अच्यूत नेपाल, अमर टोल,***
**विराटनगर- ६**

***(कभर पेजको मूल शीर्षकमा त्रुटिवश गल्ती हुन गएको हो । हामी क्षमाप्राथी छौं । - मूल्यांकन)***

## नारीहरुको प्रतिक्रिया खै ?

म नियमित पाठक हुँ । 'मूल्यांकन'मा मैले पाठक प्रतिकृया स्तम्भमा नारी हस्ताक्षर भेटिनँ । नारीहरूले प्रतिकृया नै नपठाएका हुन् कि तपाईहरूले नछाप्नु भएको हो ?

***-सुश्री कुसुम न्यौपाने*,**
**गीतानगर- ४, देवनगर, चितवन**

## के के सान्दर्भिक लागे ?

पूर्णाङ्ग ३८ का मुख्य लेखहरूमध्ये "क्युबाली क्रान्तिका अग्रणी क. चे ग्वेभाराको जीवनका अन्तिम दिनहरू", "के जापान पनि ओह्रालो लाग्दैछ ?", "इटालीमा वाम सरकार !" तथा साहित्यकार खगेन्द्र संग्रौलाले थुनामा बस्दा लेख्नु भएको कविता "जीवनको रङ्ग र मृत्युको अर्थ" अत्यन्त सान्दर्भिक लागे ।

***-मनोज राई "अदीप्त"*,**
**आँखिसल्ला- ६, थलथले, धनकुटा**

## "खै कसरी हो त साम्यवाद प्राप्ति ?"

'मूल्यांकन'को जेठ अंकमा आवरण कथामार्फत् चलाइएको कदम प्रशंसनीय नै हो । तर त्यसको निश्कर्ष भने खिचडी पकाए जस्तो विरोधाभाषपूर्ण पाइयो । एउटै अंकमार्फत् तानाशाह मुसोलिनीलाई सत्ताच्यूत गर्न समेत सफल भएको क्रान्तिमुखी इटालियन कम्युनिष्ट पार्टी सुधारवाद र अराजकताभित्रको चपेटामा परेर प्रतिगमन र यथास्थितिवादमा चुर्लुम्म डुब्न पुगेको ज्वलन्त नमूना प्रस्तुत गर्नु, फेरि अर्कोतिर, नेपालमा वाम आन्दोलनभित्रैबाट खुलमखुल्ला रूपमा आन्दोलनलाई संसदीय घेराभित्र कैद गर्न गरिएको प्रयासलाई प्रशंसा गर्नु, त्यसको विरुद्धमा 'चूँ' सम्म पनि नबोल्नु ! के समाजवाद हुँदै साम्यवादसम्म पुग्ने 'मूल्यांकन' को महान लक्ष्य संसदीय घेरामै सीमित भएर पूर्ण होला ? तसर्थ, सही मार्ग पहिल्याएर अगाडि नबढेमा अथवा क्रान्तिको पक्षमा वकालत नगरेमा भविष्य गोलमाल झै देखिन्छ ।

'मूल्यांकन'प्रतिको सामाजिक प्रेम टाढिन त नपाओस् । यति हुँदा हुँदै पनि क. चे ग्वेभाराको क्रान्तिकारी जीवनी र अन्य केही स्तम्भहरू भने अध्ययनयोग्य नै रहेका छन् । थप सकारात्मक प्रयासको आशामा छु ।

***-चतुरबाबु*, च्याकुटार- ८, सिन्धुली**

## नेकपाका संस्थापकहरुबारे

मूल्यांकनको पूर्णाङ्ग ३८ मा प्रकाशित पुष्पलाल श्रेष्ठसहित ४ जनाको तस्वीर छापिएको रहेछ । त्यसमा 'नेपाल कम्युनिष्ट पार्टीका संस्थापकहरू' भन्ने क्याप्सन दिइएको रहेछ । दुर्गादेवी श्रेष्ठ (मोतीदेवी ?) पनि नेकपाको संस्थापक होइनन् र ? यस विषयमा यथार्थ प्रष्ट पारिदिन हुन आग्रह गर्दछु ।

***गम्भीरमान श्रेष्ठ*, काठमाडौं ।❑**

# Grindlays

ANZ Australia | ANZ Bahamas | ANZ Bahrain | ANZ Bangladesh | ANZ Brazil
ANZ Chile | ANZ China | ANZ Cook Islands | ANZ Fiji | ANZ France
ANZ Germany | ANZ Greece | ANZ Guernsey | ANZ Hong Kong | ANZ India
ANZ Indonesia | ANZ Iran | ANZ Japan | ANZ Jersey | ANZ Jordan
ANZ Korea | ANZ Malaysia | ANZ Nepal | ANZ New Zealand | ANZ Oman
ANZ Pakistan | ANZ PNG | ANZ Phillipines | ANZ Qatar | ANZ Singapore
ANZ Solomon Islands | ANZ Sri Lanka | ANZ Switzerland | ANZ Tonga | ANZ Taiwan
ANZ Thailand | ANZ UAE | ANZ UK | ANZ USA | ANZ Vanuatu
ANZ Vietnam | ANZ Western Samoa

There's a bank that stands out in Nepal.
That bank is Nepal Grindlays Bank Limited offering a complete range of financial services.
In fact, whatever your International banking requirements, talk to Nepal Grindlays Bank Limited.
We have one of the largest International banking networks.
Providing the financial opportunities to give you the leading edge.

**Nepal Grindlays Bank Limited**
नेपाल ग्रिण्डलेज बैंक लिमिटेड
MEMBER ANZ GROUP

NAYA BANESHWORE, TEL: 229-333, TLX: 2531 GRNDLY NP, FAX: 977-1-226-762; KANTIPATH, TEL: 228-474, TLX: 2736 GMNEPL, FAX: 977-1-228-692; THAMEL, EXCHANGE BUREAU, TEL: 415228/236, TLX: 2268 GRCRD; LALITPUR, GPO BOX NO. 3990, TEL: 523266, TLX: 2531 GRNDLY NP; BIRATNAGAR (MORANG), P. O. BOX NO. 201, TEL: 27982, 27983, TLX: 3037 ANZBRT; DUHABI (SUNSARI), P. O. BOX NO. 201, TEL: 40030, TLX: 40177; POKHARA, LAKESIDE, TEL: 20102, TLX: 61-20318; ARGHAUN BAZAR, POKHARA, TEL: 21676, TLX: 005 NGBPOKH NP

ल.पु.जि.प्र.का. द.नं. ९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

